# प्रादेशिक आर्थिक गतिविधि अध्ययन

## (कर्णाली प्रदेश)

## वार्षिक प्रतिवेदन

## (आर्थिक वर्ष २०७९/८०)




## नेपाल राष्ट्र बैंक

### सुर्खेत कार्यालय

२०८० कात्तिक

# भूमिका

**नेपाल राष्ट्र बैंक ऐन, २०५८** को **दफा १२** अनुसार बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मुद्रा प्रदाय, मूल्य स्थिरता, कर्जाको विस्तार, शोधनान्तर तथा विदेशी विनिमय जस्ता विषयहरुसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण सहितको जानकारी नियमित रुपले प्रकाशन र प्रसारण गर्ने गर्दछ । साथै, नेपाल राष्ट्र बैंकले देशको अर्थतन्त्रसँग प्रत्यक्षरुपमा सम्बन्ध राख्ने आवश्यक नीति तथा योजना तर्जुमा तथा कार्यान्वयन गर्न, विभिन्न आर्थिक चरहरुसँगको अन्तर-सम्बन्ध विश्लेषण गरी नेपाल सरकारका निकायहरु, अन्तर्राष्ट्रिय संघ संस्थाहरु तथा नेपालको समष्टिगत अर्थ-स्वरुपको बारेमा सरोकार राख्ने पक्षहरुलाई नियमितरुपमा जानकारी गराउनको लागि वास्तविक क्षेत्रसँग सम्वन्धित तथ्याङ्कहरुको संकलन एवम् विश्लेषण गर्दै आइरहेको छ ।

आर्थिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित सूचना एवम् तथ्याङ्कको विश्लेषणबाट देशको आर्थिक विकासको अवस्था, यसको आधार एवम् गुणस्तरको जानकारी प्राप्त हुने हुँदा दिगो आर्थिक वृद्धि तथा स्थायित्व प्राप्त गर्न आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न सहयोग पुग्दछ । आर्थिक गतिविधिको विश्लेषण, अनुमान तथा प्रक्षेपण गर्ने मुल आधार समयमै प्राप्त हुने विश्वसनीय सूचना तथा तथ्याङ्क भएकोले यस्तो सूचना तथा तथ्याङ्कको माध्यमद्वारा अर्थतन्त्रको विविध क्षेत्रमा हुने परिवर्तनलाई समयमै पहिचान गरी उपयुक्त सुझावहरुमार्फत नेपाल राष्ट्र बैंकले नेपाल सरकार तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नमा सघाउ पुऱ्याउँदछ ।

संघीयता कार्यान्वयन पश्चात् प्रशासनिक विभाजनको परिवर्तित स्वरुपलाई ध्यानमा राखी संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन गरी आवश्यक सल्लाह प्रदान गर्न, आर्थिक विश्लेषण तथा नीति तर्जुमाका लागि सूचना एवम् तथ्याङ्कको दायरा विस्तार गर्न नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागले जारी गरेको **आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन २०७६ (संसोधन सहित)** अनुसार नेपाल राष्ट्र बैंक, सुर्खेत कार्यालयद्वारा कर्णाली प्रदेशको आर्थिक वर्ष २०७९/८० को वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशको आर्थिक वृद्धिदर (उत्पादकको मूल्यमा) १.९ प्रतिशत रहने अनुमान छ । प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३०.८ प्रतिशत, १०.३ प्रतिशत र ५८.९ प्रतिशत रहेको छ । कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढि योगदान ३०.८ प्रतिशत कृषि क्षेत्रको छ भने सबैभन्दा कम योगदान ०.२ प्रतिशत प्रशासनिक सहयोग सेवा क्षेत्रको रहेको छ । राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा कर्णाली प्रदेशको योगदान ४.१ प्रतिशत रहने अनुमान छ ।

यस प्रदेशका १० जिल्लाहरुमध्ये मुगु, जुम्ला, डोल्पा, जाजरकोट, रुकुम पश्चिम र हुम्ला जिल्लाबाट गैरस्थलगत र बाँकी ४ जिल्लाहरु सुर्खेत, दैलेख, सल्यान र कालिकोटबाट स्थलगत रुपमा कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको आर्थिक वर्ष २०७९/८० को वार्षिक जिल्लागत तथ्याङ्क संकलन, प्रशोधन तथा विश्लेषण गरी यो प्रतिवेदन तयार पारिएको छ ।

यस प्रतिवेदन तयार पार्न सूचना तथा तथ्याङ्क उपलब्ध गराउनु हुने सरकारी तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरुप्रति आभार प्रकट गर्दछु । साथै, आगामी दिनहरुमा पनि सम्बन्धित सरोकारवाला निकायको साथ र सहयोगको निरन्तरताको अपेक्षा गर्दछु । बैंक तथा वित्तीय क्षेत्रको तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नुहुने आर्थिक अनुसन्धान

विभागलाई धन्यवाद ज्ञापन गर्दछु । यो प्रतिवेदन तयार पार्न संयोजन गर्नुहुने आर्थिक अनुसन्धान इकाईका सहायक निर्देशक श्री चिनिया लामालाई विशेष धन्यवाद दिन चाहन्छु । यसैगरी, यो प्रतिवेदन तयार पार्न संलग्न हुनुहुने आर्थिक अनुसन्धान इकाईका सहायक श्री सुगम थापा, श्री पंख प्रसाद आचार्य र श्री सरिता अधिकारीलाई धन्यवाद ज्ञापन गर्दछु । साथै, तथ्याङ्क संकलनका क्रममा सहयोग पुऱ्याउनु हुने अन्य इकाई तथा फाँटका अधिकृत तथा कर्मचारीलाई पनि धन्यवाद दिन चाहन्छु ।

**बाबुराम कोइराला**
**उप-निर्देशक**
**नेपाल राष्ट्र बैंक, सुर्खेत**

# विषय-सूची


पेज नं.

परिच्छेद १ अध्ययन परिचय १

१.१ पृष्ठभूमि १

१.२ अध्ययनको उद्देश्य १

१.३ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन २

१.४ अध्ययन प्रतिवेदनको सीमा ३

१.५ अध्ययन प्रतिवेदनको ढाँचा ३

परिच्छेद २ प्रदेशको तुलनात्मक स्थिति ४

२.१ राष्ट्रिय अर्थतन्त्रमा कर्णाली प्रदेशको क्षेत्रगत हिस्सा ४

२.२ अन्तरप्रदेश तुलना ४

२.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती ९

परिच्छेद ३ कृषि क्षेत्र १२

३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र १२

३.२ कृषि उत्पादन १५

३.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन २३

३.४ सिँचाई २४

३.५ क्षेत्रगत कृषि कर्जा २५

३.६ कृषि क्षेत्रको चुनौती र सम्भावना २६

परिच्छेद ४ उद्योग क्षेत्र २८

४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी २८

४.२ क्षेत्रगत औद्योगिक कर्जा ३१

४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना ३२

परिच्छेद ५ सेवा क्षेत्र ३५

५.१ पर्यटन ३५

५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट ३५

५.३ वित्तीय सेवा ३६

५.४ यातायात तथा संचार ४३

५.५ शिक्षा तथा स्वास्थ्य ४३
५.६ सेवा क्षेत्र कर्जा ४४
५.७ सहकारी क्षेत्र ४६
परिच्छेद ६ पूर्वाधार र रोजगारी ४९
६.१ पूर्वाधार क्षेत्र ४९
६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना ५३
६.३ रोजगारी ५४
६.४ रोजगारीको चुनौती र सम्भावना ५७
परिच्छेद ७ संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना ५९
७.१ भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना ५९
७.२ प्रादेशिक सरकारी वित्त ५९
परिच्छेद ८ आर्थिक परिदृष्य ६१
८.१ कृषि उत्पादन ६१
८.२ औद्योगिक उत्पादन ६२
८.३ सेवा क्षेत्र ६२
८.४ पूर्वाधार क्षेत्र ६२

## तालिका सूची


| | |
|---|---|
| | पेज नं. |
| तालिका २.१: जनसंख्या वृद्धिदर र आवधिक परिवर्तन | ८ |
| तालिका २.२: लैङ्गिक अनुपात र जनघनत्व | ८ |
| तालिका ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्र | १४ |
| तालिका ३.२: प्रमुख कृषि बालीको उत्पादन | २३ |
| तालिका ३.३: कर्णाली प्रदेशमा सिँचाईको अवस्था | २४ |
| तालिका ३.४: जिल्लागत कृषि कर्जा | २५ |
| तालिका ४.१: जिल्लागत औद्योगिक कर्जा | ३२ |
| तालिका ५.१: बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | ३७ |
| तालिका ५.२: सरकारी तथा निजी विद्यालयमा विद्यार्थी र शिक्षक संख्याको अवस्था | ४३ |
| तालिका ६.१: कुल विद्युत उत्पादन | ५१ |
| तालिका ६.२: जिल्लागत वैदेशिक रोजगारीको विवरण | ५५ |
| तालिका ६.३: प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण | ५५ |
| तालिका ७.१: कर्णाली प्रदेश सरकारको सरकारी वित्त स्थिति | ६० |

## रेखाचित्र सूची


| | | |
|---|---|---|
| | | पेज नं. |
| रेखाचित्र २.१: | राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान | ५ |
| रेखाचित्र २.२: | प्रदेशगत आर्थिक वृद्धिदर | ५ |
| रेखाचित्र २.३: | राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको क्षेत्रगत योगदान | ६ |
| रेखाचित्र २.४: | प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको संरचना | ६ |
| रेखाचित्र २.५: | प्रदेशगत जनसंख्या वितरण | ७ |
| रेखाचित्र ३.१: | प्रमुख कृषि बालीले ढाकेको भू-क्षेत्र | १२ |
| रेखाचित्र ३.२: | प्रमुख फलफुल बालीले ढाकेको भू-क्षेत्र | १४ |
| रेखाचित्र ३.३: | खाद्य तथा अन्य बालीको उत्पादन | १६ |
| रेखाचित्र ३.४: | फलफुल उत्पादन | २१ |
| रेखाचित्र ३.५: | प्रमुख कृषि बालीको उत्पादन | २२ |
| रेखाचित्र ४.१: | उद्योगको क्षमता उपयोगको अवस्था | २९ |
| रेखाचित्र ४.२: | औद्योगिक उत्पादन | ३० |
| रेखाचित्र ४.३: | क्षेत्रगत औद्योगिक कर्जा | ३१ |
| रेखाचित्र ५.१: | घरजग्गा कारोवारको संख्या | ३६ |
| रेखाचित्र ५.२: | एटिएम बुथ संख्या | ३८ |
| रेखाचित्र ५.३: | कर्णाली प्रदेशको निक्षेप तथा कर्जाको स्थिति | ३८ |
| रेखाचित्र ५.४: | कर्णाली प्रदेशको कर्जा निक्षेप अनुपात | ३९ |
| रेखाचित्र ५.५: | निक्षेप तथा कर्जाको जिल्लागत स्थिति | ३९ |
| रेखाचित्र ५.६: | कुल निक्षेपको संरचना | ४० |
| रेखाचित्र ५.७: | सहुलियतपूर्ण कर्जा र विपन्नवर्ग कर्जाको विवरण | ४२ |
| रेखाचित्र ५.८: | कर्णाली प्रदेशमा फण्ड ट्रान्सफरको अवस्था | ४२ |
| रेखाचित्र ७.१: | कर्णाली प्रदेशको चालु तथा पुँजीगत खर्च विवरण | ६० |

# बक्स सूची


| | |
|---|---|
| | पेज नं. |
| बक्स ३.१: अदुवा उत्पादनमा मालनेटाको भुमिका | १७ |
| बक्स ३.२: तरकारी उत्पादनमा कपुरकोटको भुमिका | १८ |
| बक्स ५.१: कर्णाली प्रदेशमा वाणिज्य बैंकका शाखा बिस्तार | ४१ |
| बक्स ६.१: कर्णाली प्रदेशका महत्वपूर्ण जलविद्युत आयोजनाहरु | ५२ |
| बक्स ६.२: कर्णालीमा किसानलाई गोठालो भत्ता | ५६ |

# कार्यकारी सारांश

कर्णाली प्रदेशका १० जिल्लाहरुमध्ये ४ जिल्लाहरु सुर्खेत, सल्यान, दैलेख र कालिकोटको स्थलगत र बाँकी ६ जिल्लाहरु मुगु, रुकुम पश्चिम, जाजरकोट, डोल्पा, जुम्ला र हुम्ला जिल्लाको गैरस्थलगत अध्ययनबाट तयार पारिएको यस प्रदेशको आर्थिक वर्ष २०७९/८० को वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनको सारांश निम्नानुसार प्रस्तुत गरिएको छ ।

## समष्टिगत आर्थिक स्थिति

१. आर्थिक वर्ष २०७९/८० मा नेपालको अर्थतन्त्रको विस्तार न्यून रहने अनुमान छ । राष्ट्रिय तथ्याङ्क कार्यालयको पछिल्लो प्रकाशन अनुसार आर्थिक वर्ष २०७९/८० मा नेपालको आर्थिक वृद्धिदर (उत्पादकको मूल्यमा) गत आर्थिक वर्षको ५.६१ प्रतिशतको तुलनामा १.८६ प्रतिशतले मात्र विस्तार हुने अनुमान रहेको छ । त्यसैगरी, आधारभूत मूल्यमा नेपालको आर्थिक वृद्धि २.१६ प्रतिशत हुने अनुमान छ । गत आर्थिक वर्षमा यस्तो वृद्धिदर ५.२६ प्रतिशत रहेको थियो । फलस्वरुप, यस प्रदेशको आर्थिक स्थितिमा पनि सङ्कुचित प्रभाव पर्ने अनुमान छ ।

२. आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशको आर्थिक वृद्धिदर (उत्पादकको मूल्यमा) १.९१ प्रतिशत रहने अनुमान छ । गत आर्थिक वर्ष यस्तो वृद्धिदर ५.३२ प्रतिशत रहेको थियो । राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशको योगदान ४.१० प्रतिशत रहने अनुमान छ । पछिल्लो समय यस प्रदेशमा खास गरी कृषि, वन, मत्स्यपालन, उद्योग र निर्माण क्षेत्रमा आएको ह्रासको कारणले समग्र आर्थिक स्थितिमा सङ्कुचन देखिएको हो ।

३. आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन प्रचलित मूल्यमा रु.२ खर्ब १ अर्ब पुग्ने अनुमान छ । कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढि योगदान ३०.८३ प्रतिशत कृषि क्षेत्रको छ भने सबैभन्दा कम योगदान ०.१८ प्रतिशत प्रशासनिक तथा सहयोग सेवा क्षेत्रको रहेको छ ।

## कृषि क्षेत्र

४. आर्थिक वर्ष २०७८/७९ को तुलनामा आर्थिक वर्ष २०७९/८० मा कर्णाली प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल ३.११ प्रतिशतले बढेको छ ।

५. प्रमुख बालीहरु मध्ये समीक्षा वर्षमा धान बालीले ढाकेको क्षेत्रफल १.१८ प्रतिशतले घटेको छ भने मकै, गहुँ र जौ बालीले ढाकेको क्षेत्रफल समीक्षा वर्षमा क्रमशः ५.५८ प्रतिशत, ०.५२ प्रतिशत र १.८० प्रतिशतले वृद्धि भएको छ । कोदो बालीले ढाकेको क्षेत्रफल १७.५७ प्रतिशतले वृद्धि हुँदा फापर बालीले ढाकेको क्षेत्रफलमा ४६.५८ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, दलहन बालीले ढाकेको क्षेत्रफल ०.४८ प्रतिशतले वृद्धि भएको छ भने तेलहन बालीले ढाकेको क्षेत्रफल २.०९ प्रतिशतले र भटमास बालीले ढाकेको क्षेत्रफल २.३१ प्रतिशतले घटेको छ ।

६. समीक्षा वर्षमा कर्णाली प्रदेशमा तरकारी तथा बागवानी बालीले ढाकेको क्षेत्रफल क्रमशः ११.६० प्रतिशत र ०.०३ प्रतिशतले वृद्धि भएको छ ।

७. समीक्षा वर्षमा धान, मकै, गहुँ, कोदो, जौ, फापर, आलु, भटमास, दलहन, तेलहन, तरकारी, बागवानी, सुन्तला, आँप, केरा, स्याउ आदिको उत्पादनमा वृद्धि भएको कारण यस प्रदेशमा समग्र कृषि बालीको उत्पादन २७.४३ प्रतिशतले वृद्धि भएको छ ।

८. खाद्य तथा अन्य बालीभित्र पर्ने प्रमुख कृषि बालीमा धान, मकै, गहुँ, कोदो, जौ तथा फापरको उत्पादन क्रमशः २.०५ प्रतिशत, ९.२१ प्रतिशत, १३.९३ प्रतिशत, ४५.९४ प्रतिशत, ४५.४९ प्रतिशत र १९.७७ प्रतिशतले वृद्धि भएको छ । समयमै बीउविजनको उपलब्धता, कृषि परियोजनाहरुको कार्यान्वयन, कृषि कर्जाको उपलब्धता जस्ता कारणहरुले गर्दा कृषकहरु कृषि व्यवसायमा आकर्षित भएको हुँदा समग्र कृषि उत्पादन बढेको छ ।

९. यस प्रदेशमा समीक्षा वर्षमा दुध उत्पादन ८.४१ प्रतिशतले वृद्धि भएको छ। त्यस्तै मासु र अण्डा उत्पादन क्रमशः २२.४८ प्रतिशत र १५.४० प्रतिशतले वृद्धि भएको छ भने माछा उत्पादनमा ४.६९ प्रतिशतले घटेको छ ।

१०. समीक्षा वर्षमा यस प्रदेशमा खेती गरिएको ३,२०,७१६ हेक्टरमध्ये ५२,४०२ हेक्टर क्षेत्रफलमा मात्र सिँचाई सुविधा पुगेको छ ।

११. २०८० असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाबाट कर्णाली प्रदेशको समग्र कृषि क्षेत्रमा प्रवाहित कर्जा गत वर्ष सोही अवधिको तुलनामा १०.९२ प्रतिशतले बढेर रु.५ अर्ब ४९ करोड ४८ लाख पुगेको छ । कृषिमा आधुनिकीकरण तथा व्यवसायीकरण, बजारको बिस्तार, पूर्वाधार तथा वित्तिय पहुँच अभिवृद्धि जस्ता कारणहरुले गर्दा स्थानीयको कृषिमा संलग्नता बढेसँगै कृषि कर्जाको माग तथा सदुपयोगिता बढेको देखिन्छ ।

## उद्योग क्षेत्र

१२. समीक्षा अवधिमा कर्णाली प्रदेशमा नमुना छनोटमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ५२.१६ प्रतिशत रहेको छ । कागज तथा कागजका उत्पादन सम्बन्धी उद्योगको उपयोग क्षमता शत प्रतिशत रहेको छ भने दुग्ध पदार्थ उत्पादन गर्ने उद्योगको उपयोग क्षमता सबैभन्दा कम २०.५५ प्रतिशत रहेको छ ।

१३. समीक्षा वर्षमा कर्णाली प्रदेशमा नमुना छनोटमा समेटिएका उद्योगहरुमध्ये धेरैजसो उद्योगहरुको उत्पादनमा सामान्य वृद्धि भएको छ भने केही उद्योगहरुको उत्पादन घटेको छ ।

१४. गत आर्थिक वर्षमा रु.३ अर्ब ६७ करोड ४७ लाख रहेको कुल औद्योगिक कर्जा समीक्षा वर्षमा ८.४७ प्रतिशतले बढेर रु.३ अर्ब ९८ करोड ६१ लाख पुगेको छ ।

## सेवा क्षेत्र

१५. समीक्षा वर्षमा चीन, भारत र तेस्रो मुलुकबाट यस प्रदेशमा भित्रिने पर्यटकको संख्या क्रमशः ४७.१९ प्रतिशत, १४.५८ प्रतिशत र ३.१३ प्रतिशतले वृद्धि भएको छ। कोभिड-१९ लगायत अन्य कारणले कर्णाली

प्रदेशमा तेस्रो मुलुकबाट आउने पर्यटकको संख्या शुन्यप्राय: रहेकोमा समीक्षा वर्षमा पर्यटक आवागमन कोभिड महामारी अगाडिको अवस्थामा आउन थालेको कारण पर्यटन क्षेत्र सकारात्मक रहने अनुमान गरिएको छ ।

१६. समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन संख्या १२,८२४ पुगेको छ, जुन गत वर्षको तुलनामा ३०.५९ प्रतिशतले कमी हो । त्यसैगरी, घरजग्गा रजिष्ट्रेशन बापतको राजस्व रु.३७ करोड ३७ लाख रहेको छ ।

१७. समीक्षा वर्षमा यस प्रदेशमा दर्ता भएका कुल सवारी साधनको संख्या १३.८४ प्रतिशतले वृद्धि भई २३,००० पुगेको छ ।

१८. समीक्षा वर्षमा यस प्रदेशमा रहेका सरकारी/सामुदायिक अस्पतालको संख्या र ती अस्पतालहरुमा रहेका शैयाहरुको संख्या क्रमशः १२.५० प्रतिशत र २.६९ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, समीक्षा वर्षमा यस प्रदेशमा जम्मा २७ वटा सरकारी/सामुदायिक अस्पताल र १,२५४ वटा शैयाहरु रहेका छन् ।

१९. समीक्षा वर्षमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुद्वारा प्रवाहित कुल कर्जामध्ये सबैभन्दा धेरै ८३.६४ प्रतिशत कर्जा सेवा क्षेत्रमा प्रवाह भएको छ ।

२०. समीक्षा वर्षमा कर्णाली प्रदेशमा वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या ४६६ पुगेको छ ।

२१. समीक्षा वर्षमा कर्णाली प्रदेशमा प्रवाह भएको कुल कर्जा ५.४७ प्रतिशतले वृद्धि भई रु.५७ अर्ब ९३ करोड ६७ लाख पुगेको छ भने निक्षेप ११.८९ प्रतिशतले वृद्धि भई रु.६७ अर्ब ४९ करोड ९१ लाख पुगेको छ ।

## पूर्वाधार क्षेत्र

२२. नेपाल विद्युत प्राधिकरणको आर्थिक वर्ष २०७९/८० को जेनेरेशन म्यागाजिन १५ औं अंक अनुसार गत वर्ष ३३ के.भि.को विद्युत प्रसारण लाईन ३८६ कि.मि.रहेकोमा समीक्षा वर्षमा ४६८ कि.मि. पुगेको छ भने ११ के.भि.को विद्युत प्रसारण लाईन गत वर्ष २,३८७ कि.मि.रहेकोमा समीक्षा वर्षमा वृद्धि भई ३,०७४ कि.मि. पुगेको छ । त्यसैगरी, एल.भि.को विद्युत प्रसारण लाईन गत वर्ष ५,१४० कि.मि. रहेकोमा समीक्षा वर्षमा वृद्धि भई ७,२३८ कि.मि पुगेको छ । समग्रमा समीक्षा वर्षमा विद्युत प्रसारण लाईन १०,७८० कि.मि.पुगेको छ भने गत वर्ष यस्तो प्रसारण लाईन ७,९१३ कि.मि.रहेको थियो । गत वर्ष यस प्रदेशको कुल सबस्टेशन क्षमता ४९.५ एम.भि.ए रहेकोमा समीक्षा वर्षमा वृद्धि भई ५४.५ एम.भि.ए पुगेको छ ।

२३. समीक्षा वर्ष सम्ममा यस प्रदेशमा १८.५४ मेगावाट विद्युत उत्पादन भएको छ। साथै, १७ वटा आयोजनाहरु निर्माणाधीन र ९ वटा आयोजनाहरु निर्माण अनुमतिका लागि निवेदन दिएको देखिन्छ ।

# परिच्छेद १
# अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मुद्रा प्रदाय, मूल्य स्थिरता, कर्जाको विस्तार, शोधनान्तर तथा विदेशी विनिमय लगायतका विषयसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण गर्ने गर्दछ । यस बैंकले देशको अर्थतन्त्रसँग प्रत्यक्षरुपमा सम्बन्ध राख्ने आवश्यक नीति तथा योजना तर्जुमा तथा कार्यान्वयन गर्न, विभिन्न आर्थिक चरहरुसँगको अन्तर-सम्बन्ध विश्लेषण गरी नेपाल सरकारका निकायहरु, अन्तर्राष्ट्रिय संघ संस्थाहरु तथा नेपालको समष्टिगत अर्थ-स्वरुप जान्न चाहने सरोकारवाला पक्षलाई नियमितरुपमा जानकारी गराउने उद्देश्य अनुरुप सम्बन्धित क्षेत्रको तथ्याङ्कको नियमित संकलन तथा ती तथ्याङ्कको विश्लेषण सहितको प्रतिवेदन प्रकाशन गर्दै आएको छ । यस्तो प्रतिवेदन अर्ध-वार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने गरेको छ । प्रस्तुत प्रतिवेदन आर्थिक वर्ष २०७९/८० को वार्षिक तथ्याङ्कमा (२०७९ साउनदेखि २०८० असार मसान्त) आधारित रहेको छ ।

यस बैंकको आर्थिक अनुसन्धान विभाग र उपत्यका बाहिरका कार्यालयद्वारा सम्पादन गरिने आर्थिक गतिविधि अध्ययन, विशेष अध्ययन एवं अन्य अनुसन्धानमुलक कार्यमा एकरुपता ल्याई गुणस्तरसमेत अभिवृद्धि गर्ने उद्देश्यले २०६७ चैत्र १५ गते स्वीकृत भएको "नेपाल राष्ट्र बैंकका उपत्यका बाहिरका कार्यालयद्वारा सम्पादन गरिने अध्ययन अनुसन्धान कार्यसम्बन्धी मार्गदर्शन २०६७" अनुरुप आर्थिक गतिविधि अध्ययन र विशेष अध्ययन मार्गदर्शन, २०७० बमोजिम ५७ जिल्लाबाट प्राप्त तथ्याङ्क समावेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पार्ने गरीएकोमा "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६" जारी भएपश्चात प्रादेशिक ढाँचामा ७ वटै प्रदेशका सबै ७७ जिल्लाको आर्थिक गतिविधिको अध्ययन गरी प्राप्त तथ्याङ्कको विश्लेषणका आधारमा आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पार्ने गरीएको छ ।

संघीयता कार्यान्वयन भएपश्चात् प्रशासनिक विभाजनको स्वरुपसमेत परिवर्तन भएको र संघीय संरचना अनुसार तीन तहको सरकार रहने संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन गरी आवश्यक सल्लाह प्रदान गर्न, आर्थिक विश्लेषण तथा नीति तर्जुमाका लागि सूचना एवम् तथ्याङ्कको दायरा विस्तार गर्न नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागले जारी गरेको **आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन २०७६ (प्रथम संशोधन, २०७९ सहित)** अनुसार नेपाल राष्ट्र बैंक, सुर्खेत कार्यालयद्वारा कर्णाली प्रदेशका सम्पूर्ण (१० वटा) जिल्लाहरु (सुर्खेत, सल्यान, दैलेख, जाजरकोट, कालिकोट, जुम्ला, हुम्ला, मुगु, डोल्पा र रुकुम पश्चिम) लाई समावेश गरी आर्थिक वर्ष २०७९/८० को वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

## १.२ अध्ययनको उद्देश्य

समीक्षा वर्षमा प्रदेशमा भएका आर्थिक गतिविधिहरुको अध्ययन तथा विश्लेषण गरी नीति तर्जुमाका लागि सूचना एवम् तथ्याङ्कको दायरा विस्तार गर्ने यस अध्ययनको मुख्य उद्देश्य रहेको छ । साथै, यस अध्ययनका अन्य उद्देश्यहरु देहायबमोजिम उल्लेख गर्न सकिन्छ ।

- अर्थतन्त्रका प्रमुख क्षेत्रहरु कृषि, उद्योग, सेवा तथा पूर्वाधारमा समीक्षा अवधिमा भएको परिवर्तनलाई समावेश गर्नु ।
- अर्थतन्त्रका प्रमुख क्षेत्रहरुमा देखिएका सम्भावना तथा चुनौतीहरुलाई उजागर गर्नु ।
- संघ, प्रदेश तथा स्थानीय सरकारले सञ्चालन गरेका मुख्य कार्यक्रम तथा परियोजनाहरुको प्रगतिको समीक्षा समावेश गर्नु ।
- आर्थिक गतिविधिका क्षेत्रहरुलाई योगदान पुऱ्याउने कुनै फर्म, कम्पनीको अवस्था तथा योगदानलाई समेट्नु ।
- समीक्षा वर्षमा भएका आर्थिक गतिविधिहरुको आधारमा आगामी वर्षको लागि प्रक्षेपण गर्नु ।

### १.३ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन

कर्णाली प्रदेशका १० वटै जिल्लाहरुबाट कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको तथ्याङ्क संकलन, प्रशोधन तथा विश्लेषण गरी तयार पारिएको यो प्रतिवेदनमा उक्त क्षेत्रहरुको प्रगति विवरण, सम्भावना तथा चुनौती एवम् भावी योजनावद्ध कार्यका लागि मार्गदर्शन समेत समाविष्ट गरिएको छ ।

यस प्रदेशका जिल्लाहरुमा रहेका विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय एवम् सम्बन्धित परियोजना तथा उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा तयार पारिएको यो प्रतिवेदनले जिल्लागत तथा प्रदेशको समग्र अवस्थालाई प्रस्तुत गरेको छ । प्रतिवेदनमा सरोकारवाला निकाय/व्यक्ति तथा विषयविज्ञसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा क्षेत्रगत समस्या/चुनौती तथा परिदृश्य चित्रण गरिएको छ ।

प्रतिवेदनमा राष्ट्रिय अर्थतन्त्रमा प्रदेशगत हिस्सा तथा प्रदेशगत तुलनात्मक स्थितिको विश्लेषणका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयको तथ्याङ्कलाई आधार मानिएको छ । त्यस्तै, समग्र कृषि क्षेत्रको विश्लेषणका लागि कर्णाली प्रदेशका दश वटै जिल्ला स्थित कृषि विकास कार्यालयहरु, कृषि ज्ञानकेन्द्रहरु, कर्णाली प्रदेश अन्तर्गतको कृषि विकास निर्देशनालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय लगायतका निकायहरुबाट प्राप्त तथ्याङ्कलाई आधार मानिएको छ ।

कर्णाली प्रदेशमा सञ्चालनमा रहेका उद्योगहरुको तथ्याङ्क उद्योग वाणिज्य संघ तथा उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयबाट लिइएको छ भने औद्योगिक क्षेत्रको क्षमता, उद्योगहरुको उत्पादनको अवस्था र यस क्षेत्रले सिर्जना गरेको रोजगारी लगायतका विषयको विश्लेषणका लागि नमुना छनौटमा परेका उद्योगहरुबाट तथ्याङ्क संकलन गरिएको छ । त्यस्तै, बैंकिङ्ग क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा, वाणिज्य बैंकहरुबाट प्रवाहित कर्जा, संकलित निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा आदि तथ्याङ्क नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागबाट लिईएको छ । रियलस्टेट तर्फ, घरजग्गा रजिष्ट्रेशन संख्या र सो वापतको राजश्व रकम आदिको विवरण पनि आर्थिक अनुसन्धान विभागबाट लिईएको छ । घरजग्गा नक्सापास सम्बन्धी तथ्याङ्क जिल्लास्थित नगरपालिकाहरुबाट संकलन गरिएको छ ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विश्लेषणका लागि यस प्रदेशमा रहेका १० प्रमुख पर्यटकस्तरीय होटलहरुबाट तथ्याङ्क संकलन गरिएको छ । त्यस्तै, सहकारी क्षेत्रको विश्लेषणका लागि कर्णाली प्रदेशमा रहेका १० ठुला सहकारी संस्थाबाट प्राप्त तथ्याङ्कलाई आधार मानिएको छ ।

पूर्वाधार सम्बन्धी तथ्याङ्क यस प्रदेशको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, यातायात व्यवस्था कार्यालय, विद्युत प्राधिकरण, सडक डिभिजन कार्यालय तथा सम्बन्धित आयोजनाबाट लिइएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको सीमा

- देशले संघीय शासन व्यवस्था अंगिकार गरे पश्चात् तथ्याङ्क प्रदायक निकायहरुको नीतिगत तथा कार्यगत भूमिका परिवर्तन भएको छ। संघीयतासँगै, सम्बन्धित निकायहरुको पुनरसंरचना भएकोले तथ्याङ्कहरुलाई संगठित तथा सु-व्यवस्थित गर्ने कार्यमा अझै पूर्ण भई नसकेको हुँदा विशेष गरी कृषि, शिक्षा, स्वास्थ्य र सडक जस्ता पूर्वाधारको विवरणमा समयगत तथा निकायगत एकरुपता कायम हुन सकेको छैन । कतिपय तथ्याङ्क प्रदायक निकायहरुले नियमित रुपमा तथ्याङ्क संकलन नगर्ने तथा तथ्याङ्कको माग भईआएको अवस्थामा मात्र संकलन गरी प्रदान गर्ने गरेको कारण अघिल्लो अवधिका केही तथ्याङ्कमा एकरुपता हुन सकेको छैन ।
- सेवा क्षेत्र अन्तर्गत पर्यटन सम्बन्धी तथ्याङ्कमा कतिपय जिल्लाहरुमा होटल व्यवसायी संघ गठन नभएको र गठन भएको जिल्लाहरुको हकमा पनि होटलमा आएका पर्यटकहरुको अभिलेख राख्ने अभ्यास नभएको हुँदा कर्णाली प्रदेशस्थित १० नमुना होटलहरुबाट मात्र तथ्याङ्क संकलन गरि विश्लेषण गरिएको छ ।
- कृषि क्षेत्रको तथ्याङ्क संकलन तथा विश्लेषण गर्दा वार्षिक ढाँचामा तथ्याङ्क संकलन गरिएको र केहि कृषिजन्य उत्पादनहरु मौसमी खालको हुने भएकोले तथ्याङ्क संकलनको समयमा सो तथ्याङ्क उपलब्ध हुन नसक्ने समेत देखिन्छ ।

## १.५ अध्ययन प्रतिवेदनको ढाँचा

यस प्रतिवेदनमा ८ वटा परिच्छेद रहेका छन् । परिच्छेद १ मा अध्ययनको परिचय, परिच्छेद २ मा प्रदेशको तुलनात्मक स्थिति, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र, परिच्छेद ६ मा पूर्वाधार र रोजगारी र परिच्छेद ७ मा संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजनाको विश्लेषणात्मक अध्ययन प्रस्तुत गरिएको छ । यसैगरी परिच्छेद ८ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

*यस प्रतिवेदनमा 'समीक्षा वर्ष' भन्नाले २०७९ को साउन १ देखि २०८० असार मसान्तसम्मको अवधिलाई तथा 'गत वर्ष' भन्नाले आर्थिक वर्ष २०७८ को साउन १ देखि २०७९ असार मसान्तसम्मको अवधिलाई बुझाँउदछ ।*

# परिच्छेद २

# प्रदेशको तुलनात्मक स्थिति

नेपाल सरकार, राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.५३ खर्ब ८१ अर्ब ३४ करोड पुग्ने अनुमान गरेको छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २४.१२ प्रतिशत, १३.४५ प्रतिशत र ६२.४३ प्रतिशत रहने अनुमान छ। विगतका वर्षदेखि नै कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान क्रमशः घट्दै र सेवा क्षेत्रको योगदान बढ्दै गएको छ। उद्योग क्षेत्रको योगदान भने करिब स्थिर रहेको छ।

## २.१ राष्ट्रिय अर्थतन्त्रमा कर्णाली प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७९/८० मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन ( प्रचलित मूल्यमा) रु.२ खर्ब २१ अर्ब ५२ करोड पुग्ने अनुमान छ भने गत आर्थिक वर्ष २०७८/७९ को संशोधित अनुमान रु.२ खर्ब १ अर्ब ८९ करोड रहेको थियो। यसैगरी, आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशको आर्थिक वृद्धिदर (उत्पादकको मूल्यमा) १.९१ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष २०७८/७९ मा यस्तो वृद्धिदर ५.३२ प्रतिशत रहेको थियो। समीक्षा वर्षमा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३०.८३ प्रतिशत, १०.२८ प्रतिशत र ५८.९० प्रतिशत रहेको छ। कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान ३०.८३ प्रतिशत कृषि क्षेत्रको छ भने सबैभन्दा कम योगदान ०.१८ प्रतिशत प्रशासनिक तथा सहयोग सेवा क्षेत्रको रहेको छ। थोक तथा खुद्रा व्यापर, गाडी तथा मोटर साइकल मर्मत सेवाको हिस्सा ६.४० प्रतिशत, वित्तीय तथा बीमा क्रियाकलापको हिस्सा २.१० प्रतिशत, सूचना तथा सञ्चारको हिस्सा १.३६ प्रतिशत, यातायात तथा भण्डारणको हिस्सा २.६२ प्रतिशत, आवास तथा भोजन सेवाको हिस्सा २.७१ प्रतिशत तथा उत्पादनमुलक उद्योगको हिस्सा १.०९ प्रतिशत रहेको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार समीक्षा वर्षमा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा कर्णाली प्रदेशको योगदान ४.१० प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष २०७८/७९ मा पनि यस्तो योगदान ४.१० प्रतिशत रहेको थियो। समीक्षा वर्षमा मुलुकको समग्र कृषि, उद्योग र सेवा क्षेत्रमा कर्णाली प्रदेशको अशं क्रमशः ५.२५ प्रतिशत, ३.१४ प्रतिशत र ३.८८ प्रतिशत रहने अनुमान छ।


## २.२ अन्तरप्रदेश तुलना

### कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान

राष्ट्रिय तथ्याङ्क कार्यालयको तथ्याङ्कका आधारमा प्रदेशहरुको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०७९/८० मा मुलुकको कुल गार्हस्थ्य उत्पादन रु.५३ खर्ब ८१ अर्ब ३४ करोडमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३६.८१ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.१२ प्रतिशत रहेको छ।

बागमती प्रदेश पछि कुल गार्हस्थ्य उत्पादनमा बढी योगदान पुर्याउने प्रदेशहरुमा क्रमशः कोशी, लुम्बिनी, मधेश, गण्डकी र सुदूरपश्चिम रहेको छ।

### रेखाचित्र २.१: राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान
**(प्रतिशत)**





*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*

## प्रदेशगत आर्थिक वृद्धिदर

आर्थिक वर्ष २०७९/८० मा सबै प्रदेशको आर्थिक वृद्धिदर तुलनात्मकरुपमा घट्ने अनुमान छ। समीक्षा वर्षमा समष्टिगत आर्थिक वृद्धि (उत्पादकको मूल्यमा) १.८६ प्रतिशत रहने अनुमान छ। समीक्षा वर्षमा प्रदेशगत रुपमा आर्थिक वृद्धिदर तुलना गर्दा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा बढी ३.२६ प्रतिशत र बागमती प्रदेशको सबैभन्दा कम १.४४ प्रतिशत रहने अनुमान छ। यसैगरी, कर्णाली प्रदेशको आर्थिक वृद्धिदर १.९१ प्रतिशत रहने अनुमान रहेको छ। विगत ५ वर्षमा औसत आर्थिक वृद्धिदर कर्णाली प्रदेशको सबैभन्दा बढी ४.४१ प्रतिशत र सबैभन्दा कम बागमती प्रदेशको २.५४ प्रतिशत रहेको छ। गण्डकी प्रदेश पछि बढी आर्थिक वृद्धिदर प्राप्त गर्ने प्रदेशहरुमा क्रमशः लुम्बिनी, कोशी, कर्णाली, सुदूरपश्चिम र मधेश पर्दछन्।

### रेखाचित्र २.२: प्रदेशगत आर्थिक वृद्धिदर
**(प्रतिशत)**





*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*

### कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको क्षेत्रगत योगदान

आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदानमा कोशी प्रदेशको हिस्सा सबैभन्दा धेरै २१.७० प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.२५ प्रतिशत रहेको छ। उद्योग क्षेत्रको योगदानमा बागमती प्रदेशको हिस्सा सबै भन्दा बढी ३१.२९ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ३.१४ प्रतिशत रहेको छ। यसैगरी, सेवा क्षेत्रको योगदानमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ४५.६९ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ३.८८ रहेको छ।

रेखाचित्र २.३: राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको क्षेत्रगत योगदान
(प्रतिशत)





*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय*

### प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान

प्रदेशगत रुपमा तुलना गर्दा आर्थिक वर्ष २०७९/८० मा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान सबैभन्दा बढी मधेश प्रदेशमा ३५.२० प्रतिशत रहेको छ भने सबैभन्दा कम बागमती प्रदेशमा ११.२१ प्रतिशत रहेको छ।

रेखाचित्र २.४: प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको संरचना
(प्रतिशत)





*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय*

उद्योग क्षेत्रको योगदान सबैभन्दा बढी गण्डकी प्रदेशमा १८.१० प्रतिशत र सबैभन्दा कम १०.२८ प्रतिशत कर्णाली प्रदेशमा रहेको छ। त्यसैगरी प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान सबैभन्दा बढी बागमती प्रदेशमा ७७.३८ प्रतिशत र सबैभन्दा कम कोशी प्रदेशमा ४९.९५ प्रतिशत रहेको छ।

### कुल जनसंख्यामा प्रदेशगत हिस्सा

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कुल जनसंख्या २,९१,६४,५७८ रहेको छ । जसमध्ये पुरुषको संख्या १,४२,५३,५५१ (४८.८७ प्रतिशत) र महिलाको संख्या १,४९,११,०२७ (५१.१३ प्रतिशत) रहेको छ।

**रेखाचित्र २.५: प्रदेशगत जनसंख्या वितरण**
**(प्रतिशत)**




*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय*

जनगणनाको नतिजा अनुसार प्रदेशगत रुपमा जनसंख्याको हिस्सा हेर्दा सबैभन्दा धेरै जनसंख्या बागमती प्रदेशमा र सबैभन्दा कम कर्णाली प्रदेशमा रहेको छ जुन क्रमश: २०.९७ र ५.७९ प्रतिशत छ। यसैगरी, जनसंख्याको आकारको हिसाबले दोस्रो, तेश्रो, चौथो, पाँचौ र छैठौं क्रमशः मधेश, लुम्बिनी, कोशी, सुदूरपश्चिम र गण्डकी प्रदेश रहेका छन्।

### प्रदेश अनुसार जनसंख्या वृद्धिदर र परिवर्तन

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार दश वर्षको अवधिमा नेपालको जनसंख्या १०.०८ प्रतिशतले वृद्धि भएको छ भने वार्षिक औसत वृद्धिदर ०.९२ प्रतिशत रहेको छ। गत दश वर्षको अवधिमा सबैभन्दा धेरै लुम्बिनी प्रदेशमा १३.८४ प्रतिशत र सबैभन्दा कम गण्डकी प्रदेशमा २.६१ प्रतिशतले जनसंख्या वृद्धि भएको छ।

### तालिका २.१: जनसंख्या वृद्धिदर र आवधिक परिवर्तन

(प्रतिशत)

| प्रदेश | वार्षिक जनसंख्या वृद्धिदर (%) | आवधिक परिवर्तन (%) |
|---|---|---|
| कोशी | ०.८६ | ९.४० |
| मधेश | १.१९ | १३.१५ |
| बागमती | ०.९७ | १०.६२ |
| गण्डकी | ०.२५ | २.६१ |
| लुम्बिनी | १.२४ | १३.८४ |
| कर्णाली | ०.७० | ७.५१ |
| सुदूरपश्चिम | ०.५२ | ५.५७ |
| **नेपाल** | **०.९२** | **१०.०८** |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय*

प्रदेशगत रुपमा एक दशकको वार्षिक जनसंख्या वृद्धिदर हेर्दा सबैभन्दा बढी लुम्बिनी प्रदेशमा १.२४ प्रतिशत र सबैभन्दा कम गण्डकी प्रदेशमा ०.२५ प्रतिशतले वार्षिक जनसंख्या वृद्धि भएको छ । दोस्रो धेरै वार्षिक जनसंख्या वृद्धिदर हुने प्रदेशमा मधेश प्रदेश रहेको छ जसको वृद्धिदर १.९१ प्रतिशत छ । कर्णाली प्रदेशको वार्षिक जनसंख्या वृद्धिदर ०.७० प्रतिशत छ ।

## प्रदेश अनुसार लैङ्गिक अनुपात र जनघनत्व

राष्ट्रिय जनगणना २०७८ अनुसार प्रदेशगत लैङ्गिक अनुपात हेर्दा सबैभन्दा धेरै मधेश प्रदेशमा र सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा क्रमशः १००.५५ र ८९.५१ रहेको छ भने कर्णाली प्रदेशमा यो अनुपात ९५.२७ प्रतिशत रहेको छ ।

### तालिका २.२: लैङ्गिक अनुपात र जनघनत्व

(प्रति वर्ग कि. मि.)

| प्रदेश | लैङ्गिक अनुपात | जनघनत्व |
|---|---|---|
| कोशी | ९५.०२ | १९२ |
| मधेश | १००.५५ | ६३३ |
| बागमती | ९९.३६ | ३०१ |
| गण्डकी | ९०.३७ | ११५ |
| लुम्बिनी | ९२.०१ | २३० |
| कर्णाली | ९५.२७ | ६० |
| सुदूरपश्चिम | ८९.५१ | १३८ |
| **नेपाल** | **९५.५९** | **१९८** |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय*

यसैगरी, प्रदेशगत रुपमा जनघनत्व विश्लेषण गर्दा मधेश प्रदेशमा सबैभन्दा बढी ६३३ जना प्रति वर्ग कि.मि. र सबैभन्दा कम कर्णाली प्रदेशमा ६० जना प्रति वर्ग कि.मि. मा बसोबास गरेको छन् ।

## २.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती

### क) प्रादेशिक क्षमता र सम्भावना

- कर्णाली प्रदेश आफैमा जडीबुटी भण्डारका रुपमा परिचित छ । यो प्रदेशले हिमाली क्षेत्रमा पाउने धेरै बहुमुल्य औषधीय महत्व बोकेका वनस्पतिहरुको प्रतिनिधित्व गर्छ । त्यसैगरी यो प्रदेशमा विश्वमा अन्त कतै नपाउने ६१ प्रजातिका वनस्पतिहरु हालसम्म अभिलेख भैसकेका छन् । जाजरकोटमा मात्रै पाउने प्रुनस जाजरकोटेन्सिस या हुम्लाको सिमिकोटमा मात्रै पाउने पापाभर सिमिकोटेन्सिस विश्व वनस्पति विज्ञानको जगतमा नयाँ आयम थपेको पाइन्छ । यहाँ पाउने जडिबुटीहरुको उपयुक्त ढंगले व्यवस्थापन एवंम् सदुपयोग (खेती, संकलन, भण्डारण तथा प्रशोधन) गर्न सकेमा यस प्रदेशका नागरिकहरुको जीवनस्तरमा सुधार गर्न सकिने प्रशस्त आधारहरु उपलब्ध रहेका छन् ।
- यस प्रदेशको मेरुदण्डको रुपमा रहेका सुर्खेतको छिन्चु देखि उपल्लो डोल्पा जाने भेरी करिडोर, वीरेन्द्रनगरबाट हुम्लाको हिल्सासम्मको कर्णाली करिडोर र कर्णाली राजमार्ग अन्तर्गत कालिकोटको सेरिघाट-जुम्लाको खलङ्गा-र मुगुको नाक्चेलाग्ना खण्ड समयमै गुणस्तरीय निर्माण तथा स्तरोन्नति हुन सकेमा शे-फोक्सुण्डो ताल, रारा ताल र लिमीबाट कैलाश मानसरोवर दर्शनका लागि लाखौं पर्यटक आकर्षित भई कर्णालीबासीका लागि रोजगारी सिर्जना हुने र यसबाट प्रदेशको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुग्ने सम्भावना रहेको ।
- कर्णाली प्रदेशका निर्यातयोग्य रैथाने उत्पादन जस्तैः मार्सी धान, चिनो, फापर, कोदो, कागुनो, जुनेलो, लट्टे, सिमी लगायतका कृषि उपजहरुको ब्राण्डिङ्ग गरी बजारीकरणको व्यवस्था गर्न सकेमा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा वृद्धि हुने सम्भावना रहेको छ ।
- सल्यान, जाजरकोट, रुकुम पश्चिम र सुर्खेत जिल्लामा अर्गानिक अदुवा, बेसार उत्पादन गरिरहेका व्यवसायिक कृषकहरुलाई उत्पादन तथा विक्री वितरणका आधारमा अनुदान उपलब्ध गरेमा उत्पादन वृद्धि हुने सम्भावना रहेको छ ।
- प्रदेशभित्र घरेलु, कृषि तथा वन पैदावारमा आधारित उद्योगहरुको विकास र विस्तार गरी यस क्षेत्रको समग्र आर्थिक विकास गर्न सकिने सम्भावना रहेको छ ।
- सुर्खेत विमानस्थलबाट कर्णाली प्रदेशका हवाई उडान हुने सबै जिल्लामा हवाई सेवालाई नियमित, सुलभ र सहज बनाउन सकेमा यस प्रदेशको पर्यटन विकास गर्न सकिने सम्भावना रहेको छ ।
- सल्यानको कुपिन्डे दह, दैलेखको ज्वालामुखी, हुम्लाको लिमी उपत्यका जस्ता ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक एवम् पर्यटकीय स्थलको संरक्षण, सम्बर्द्धन तथा प्रकृतिमैत्री आकर्षक पर्यटन गन्तव्यस्थलको रुपमा विकास गरी आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धनको उच्च सम्भावना रहेको छ ।

- खस राज्यको प्रवर्तक नागराजको प्रतिमा स्थापना गरी खस राजधानी सिंजालाई विशेष पर्यटकीय स्थलको रुपमा दरबार क्षेत्रको विकास तथा दुल्लु दरबार र जाजरकोट दरबार क्षेत्रको विकास तथा संरक्षण गरी स्वदेशी तथा विदेशी पर्यटकलाई आकर्षित गर्न सकिन्छ ।
- कर्णाली प्रदेशको प्रमुख पर्यटकीय गन्तव्य रारा तथा शे-फोक्सुण्डो जस्ता सुन्दर तालहरुको तिनै तहको सरकारको समन्वयमा विकासका तथा सम्बर्द्धन गर्न सके यस प्रदेशको आर्थिक क्रियाकलापमा उच्च वृद्धिको सम्भावना रहेको छ ।
- यस प्रदेशमा रहेका ठूला-ठूला नदीहरु तथा पानीको अन्य स्रोतबाट आधुनिक प्रविधियुक्त सिँचाइ विस्तार गरी कृषि उत्पादन र उत्पादकत्वमा उल्लेख्य वृद्धि गर्नसक्ने सम्भावना रहेको छ ।
- कर्णाली र भेरी जस्ता ठूला नदी रहेको यस प्रदेशमा जलयातायातको प्रचुर सम्भावना रहेको छ ।
- यस प्रदेशमा हिमाल, पहाड र भित्री मधेश लगायतका क्षेत्रहरु रहेकाले कृषि तथा पशुपालनमा प्रोत्साहनात्मक कार्यक्रम प्रभावकारी रुपमा संचालन गरी कृषि तथा पशुपालनमा आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण र विविधीकरण गर्न सकिने उच्च सम्भावना रहेको छ ।
- यस प्रदेशको दैलेख जिल्लामा प्राकृतिक ग्याँस र पेट्रोलियम पदार्थको ठुलो सम्भावना रहेको छ जसको व्यवस्थित रुपमा उत्खनन गरी प्राकृतिक ग्याँस तथा पेट्रोलियम पदार्थको आयात प्रतिस्थापन गर्न सकिने सम्भावना रहेको छ ।
- यस प्रदेशमा कर्णाली, भेरी, हिमा, तिला जस्ता नदीहरु रहेकोले जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको छ ।

### ख) प्रादेशिक चुनौती

- कणाली प्रदेशमा कठिन भूगोल र सीमित स्रोत साधन भएकोले सुरक्षित, गुणस्तरीय र भरभर्दो सडक पूर्वाधार विकास गर्नु ।
- हवाई यातायातलाई सुलभ र सहज यातायातको साधनको रुपमा विकास गर्नु, निजी क्षेत्रलाई प्रदेशको हवाई सेवा विस्तारमा आकर्षित गर्नु साथै, प्रदेशका विमान स्थलहरुलाई आर्थिक रुपमा सक्षम हुने गरी सञ्चालन गर्नु ।
- यस प्रदेशको स्वास्थ्य क्षेत्रलाई सुदृढ बनाई स्वास्थ्य सेवामा नागरिकको पहुँच वृद्धि गर्नु ।
- प्रदेशभित्र सञ्चालन हुने राष्ट्रिय गौरवका आयोजना, प्रदेश गौरवका आयोजना, बहुवर्षीय, अधुरा तथा क्रमागत आयोजनाहरु समयमा सम्पन्न गर्नु ।
- प्रदेशभित्र सञ्चालन हुने कार्यक्रम तथा आयोजनाको अनुगमन र मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनु ।
- वैदेशिक रोजगारीका लागि भारत तथा खाडी मुलुकमा जाने गरेका अधिकांश युवा जनशक्तिलाई प्रदेशमै रोजगारीको अवसर सिर्जनागरी बढ्दो गरिबी तथा बेरोजगारीलाई न्यूनीकरण गर्नु,

- भौगोलिक विकटताका बाबजुद यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रको पूर्वाधार तथा आधारभूत सेवाको विस्तारगरी समग्र पूर्वाधार क्षेत्रको विकास गर्नु ।
- परम्परागत खेतीमा आधारित निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिक, वैज्ञानिक र रोजगारीयुक्त व्यावसायिक कृषि प्रणालीमा रुपान्तरण गर्नु ।
- बहुमूल्य जडीबुटीहरुको प्रदेशमै प्रशोधन गरी प्रदेशबाटै अन्तिम वस्तुको उत्पादन तथा विक्री वितरण गर्नु ।
- महत्वपूर्ण खनिज पदार्थ तथा बहुमुल्य पत्थरहरुको उत्खनन् गर्न उद्योगहरुको स्थापना तथा सञ्चालन गर्नु ।
- यस प्रदेशमा स्थापित होटल तथा होमस्टे व्यवसायको गुणस्तर अभिवृद्धिगरी पर्यटक आवागमा वृद्धि गर्न ।
- न्यून आय तथा गरिबीका कारणले शिक्षा तथा स्वास्थ्यको पहुँचमा आउन नसकेको जनसंख्याको हिस्सालाई न्यूनिकरण गर्दै स्थापित संयन्त्रहरुको विकास र विस्तार गर्नु ।

# परिच्छेद ३

# कृषि क्षेत्र


## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७९/८० को असार मसान्तसम्ममा कर्णाली प्रदेशमा कृषि बालीले ढाकेको क्षेत्रफल ३.११ प्रतिशतले बढेर ३,२०,७१६ हेक्टर पुगेको छ । गत आर्थिक वर्षमा यस्तो क्षेत्रफल ४.३८ प्रतिशतले घटेको थियो । परम्परागत कृषि प्रणालीलाई आधुनिक, व्यवसायिक र प्रतिस्पर्धात्मक क्षेत्रको रुपमा रुपान्तरण गरी समग्र अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान वृद्धि गर्ने मुल ध्येयका साथ कृषि नीति, परियोजना, कार्यक्रम लागु हुनु, बैंकहरुबाट प्रवाहित कृषि कर्जामा वृद्धि हुनु साथै कृषि क्षेत्रमा व्यवसायिकता तथा उद्यमशीलता विकास गर्नमा रुचि बढ्दै जानु जस्ता कारणहरुबाट गत वर्षको तुलनामा समग्र कृषि बालीले ढाकेको क्षेत्रफलमा वृद्धि भएको देखिन्छ ।

### क) खाद्य तथा अन्य बाली

आर्थिक वर्ष २०७९/८० को असार मसान्तमा कर्णाली प्रदेशको खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल ३.३१ प्रतिशतले बढेर २,८१,१६५ हेक्टर पुगेको छ। गत आर्थिक वर्षमा उक्त क्षेत्रफल ५.०२ प्रतिशतले घटेको थियो ।

**रेखाचित्र ३.१: प्रमुख कृषि बालीले ढाकेको भू-क्षेत्र**
**(हजार हेक्टर)**




*स्रोत: कृषि विकास निर्देशनालय र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

आर्थिक वर्ष २०७९/८० को असार मसान्तमा धान बालीले ढाकेको क्षेत्रफल १.१८ प्रतिशतले घटेर ३८,६२७ हेक्टर कायम भएको छ। गत वर्षमा धान बालीले ढाकेको क्षेत्रफल ११.०८ प्रतिशतले घटेको थियो। समीक्षा वर्षमा मकै, गहुँ, कोदो, जौं र फापर बालीले ढाकेको क्षेत्रफल भने क्रमशः ५.५८ प्रतिशत, ०.५२ प्रतिशत, १७.५७ प्रतिशत, १.८० प्रतिशत र ४६.५८ प्रतिशतले वृद्धि भएको छ।

त्यसैगरी, गत आर्थिक वर्षमा मकै, गहुँ र जौ बालीले ढाकेको क्षेत्रफल क्रमशः ८.९७ प्रतिशत, ५.८१ प्रतिशत र २.१३ प्रतिशतले घटेको थियो भने कोदो र फापर बालीले ढाकेको क्षेत्रफल क्रमशः ३.९४ प्रतिशत र ४५.४२ प्रतिशतले वृद्धि भएको थियो ।

गत वर्षमा ३.८० प्रतिशतले बढेको आलु बालीले ढाकेको क्षेत्रफल समीक्षा वर्षमा भने ०.२५ प्रतिशतले घटेर १५,६३० हेक्टर कायम भएको छ । समीक्षा वर्षमा दलहन बालीले ढाकेको क्षेत्रफल ०.४८ प्रतिशतले बढेर १७,४९७ हेक्टर पुगेको छ भने तेलहन बालीले ढाकेको क्षेत्रफल २.०९ प्रतिशतले घटेर ९,०९६ हेक्टर कायम भएको छ । गत वर्षमा दलहन बालीले ढाकेको क्षेत्रफल ६.७५ प्रतिशतले वृद्धि भएको थियो भने तेलहन बालीले ढाकेको क्षेत्रफल १.५० प्रतिशतले घटेको थियो । यस्तै, समीक्षा वर्षमा भटमास बालीले ढाकेको क्षेत्रफल २.३१ प्रतिशतले घटेर ४,७३९ हेक्टर कायम भएको छ । गत वर्षमा भटमास बालीले ढाकेको क्षेत्रफल १.९५ प्रतिशतले वृद्धि भएको थियो ।

### ख) तरकारी तथा बागवानी


आर्थिक वर्ष २०७९/८० को असार मसान्तमा तरकारी र बागवानी बालीले ढाकेको क्षेत्रफल क्रमशः ११.६० प्रतिशत र ०.०३ प्रतिशतले वृद्धि भई १४,८८० हेक्टर र ७,४९९ हेक्टर पुगेको छ । समीक्षा वर्षमा तरकारी तथा बागवानी बालीले समष्टिगत कृषि बालीले ढाकेको कुल क्षेत्रफलको ६.९८ प्रतिशत हिस्सा ओगटेको छ ।

समीक्षा वर्षमा तरकारी तथा बागवानी बालीले ढाकेको क्षेत्रफल ७.४४ प्रतिशतले वृद्धि भई २२,३७९ हेक्टर पुगेको छ । कर्णाली प्रदेशमा रहेका १० जिल्लाहरुमध्ये तरकारी र बागवानी क्षेत्रमा सुर्खेत जिल्लाले सबैभन्दा धेरै २९.८७ प्रतिशत र डोल्पा जिल्लाले सबैभन्दा कम १.६१ प्रतिशत हिस्सा ओगटेको छ । त्यसैगरी, दैलेख, जुम्ला, रुकुम पश्चिम, हुम्ला, जाजरकोट, कालिकोट, मुगु र सल्यान जिल्लाले क्रमशः १३.०८ प्रतिशत, ३.८० प्रतिशत, ७.२५ प्रतिशत, १.९३ प्रतिशत, ४.९२ प्रतिशत, १८.२४ प्रतिशत, २.६५ प्रतिशत र १६.६६ प्रतिशत हिस्सा ओगटेको छ ।

### ग) फलफूल तथा मसला

आर्थिक वर्ष २०७९/८० को असार मसान्तमा कर्णाली प्रदेशमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल ३.४७ प्रतिशतले घटेर २४,६७१ हेक्टर कायम भएको छ । गत वर्षमा यस्तो क्षेत्रफल १.७८ प्रतिशतले वृद्धि भई २५,५५७ हेक्टर पुगेको थियो । समीक्षा वर्षमा फलफूल तथा मसला बालीलेले समष्टिगत कृषि क्षेत्रको ७.६९ प्रतिशत हिस्सा ओगटेको छ ।

### रेखाचित्र ३.२: प्रमुख फलफुल बालीले ढाकेको भू-क्षेत्र
(हेक्टर)




*स्रोत: कृषि विकास निर्देशनालय, सुर्खेत र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

समीक्षा वर्षमा प्रमुख फलफुलको रुपमा रहेका स्याउ, सुन्तला, आँप, केराले ढाकेको क्षेत्रफल क्रमश: ०.६६ प्रतिशत २.३० प्रतिशत, ०.१४ प्रतिशत र १९.६५ प्रतिशतले वृद्धि भएको छ । गत वर्षमा सुन्तला र केराले ढाकेको क्षेत्रफलमा क्रमश: ६.७१ प्रतिशत, १५.०९ प्रतिशतले ह्रास आएको थियो ।

### तालिका ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्र
(जिल्लागत)

| जिल्ला | क्षेत्रफल (हेक्टर) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला |
| सुर्खेत | ५१,९९४.० | ६,६८५.० | २,८५६.० | १८.४९ | २९.८७ | ११.५८ |
| दैलेख | ४८,७०२.७६ | २,९२७.० | ३,२९१.० | १७.३२ | १३.०८ | १३.३४ |
| जुम्ला | २२,९०२.० | ८५०.० | ५,४६७.० | ८.१५ | ३.८० | २२.१६ |
| रुकुम पश्चिम | २४,९६७.५० | १,६२२.० | ४६९.० | ८.८८ | ७.२५ | ४.०७ |
| हुम्ला | ६,९८९.५७ | ४३१.० | ३,०५३.० | २.४९ | १.९३ | १२.३७ |
| जाजरकोट | ३३,१५५.४६ | १,१००.० | ५२५.० | ११.७९ | ४.९२ | २.१३ |
| कालिकोट | १९,२४४.३६ | ४,०८१.७० | २,०८६.० | ६.८४ | १८.२४ | ८.४६ |
| डोल्पा | ७,३९३.८९ | ३६०.० | ९९७.० | २.६३ | १.६१ | ४.०४ |
| मुगु | १०,८३७.०२ | ५९३.० | १,२७७.० | ३.८५ | २.६५ | ५.१८ |
| सल्यान | ५४,९७८.१३ | ३,७२९.० | ४,६५०.० | १९.५५ | १६.६६ | १८.८५ |
| **जम्मा** | **२,८१,१६४.७०** | **२२,३७८.७०** | **२४,६७१.०** | **१००.०** | **१००.०** | **१००.०** |

*स्रोत: कृषि विकास निर्देशनालय, सुर्खेत र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

समीक्षा वर्षमा सुन्तला र केराले ढाकेको क्षेत्रफल बढ्नुका मुख्य कारणका रुपमा स्थानीय तहमा सडक विस्तार हनु, बजारीकरण हुनु र सहज बजार पहुँचका कारण कृषकहरु फलफुल खेतीतर्फ आकर्षित भएको देखिन्छ भने आँप र स्याउले ढाकेको क्षेत्रफल क्रमश: ६.८६ प्रतिशत र ३.३६ प्रतिशतले वृद्धि भएको थियो ।

त्यस्तै, समीक्षा वर्षमा अन्य फलफुलले ढाकेको क्षेत्रफल २१.५४ प्रतिशतले घटेर २,०७६ हेक्टर कायम भएको छ भने गत वर्षमा १७.३४ प्रतिशतले वृद्धि भएको थियो । त्यस्तै, समीक्षा वर्षमा अदुवा तथा बेसार जस्ता प्रमुख मसला बालीले ढाकेको क्षेत्रफल ९.६१ प्रतिशतले घटेर ५,३४५ हेक्टर कायम भएको छ भने गत वर्षमा प्रमुख मसला मसला बालीले ढाकेको क्षेत्र १७.६५ प्रतिशतले वृद्धि भई ५,९१३ हेक्टर कायम भएको थियो ।

जिल्लागत तथ्याङ्क अनुसार, कर्णाली प्रदेशको कुल खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा सल्यानको अंश सबैभन्दा बढी १९.५५ प्रतिशत रहेको छ भने सबैभन्दा कम हुम्ला जिल्लाको २.४९ प्रतिशत रहेको छ (तालिका ३.१) । त्यसैगरी, तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा सबैभन्दा बढी सुर्खेत जिल्लाको २९.८७ प्रतिशत रहेको छ भने सबैभन्दा कम डोल्पा जिल्लाको १.६१ प्रतिशत रहेको छ । जुम्ला जिल्लाले कर्णाली प्रदेशको कुल फलफुल तथा मसला बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी २२.१६ प्रतिशत क्षेत्रफल ओगटेको छ । त्यस्तै, जाजरकोट जिल्लाले सबैभन्दा कम २.१३ प्रतिशत भू-भाग ओगटेको छ ।

## ३.२ कृषि उत्पादन

आर्थिक वर्ष २०७९/८० को असार मसान्तमा कर्णाली प्रदेशमा प्रमुख कृषि बालीको उत्पादन २७.४३ प्रतिशतले वृद्धि भई १२,२६,७५३ मेट्रिक टन पुगेको छ । गत वर्षमा यस्तो उत्पादन ३५.१२ प्रतिशतले घटेर ९,६२,६८३ मेट्रिक टन कायम भएको थियो ।

कृषि लक्षित कार्यक्रम तथा विनियोजित बजेटको कार्यान्वयन हुनु, बैंकहरुबाट कृषि क्षेत्रमा प्रवाहित कर्जामा वृद्धि हुनु साथै यातायात सुविधाको विस्तार हुँदै जानुले यस प्रदेशको कृषि उत्पादनमा गत वर्षको तुलनामा उल्लेखनीय मात्रामा सुधार भएको देखिन्छ । भौगोलिक विकटताका बाबजुद पनि कृषि उत्पादनमा आएको वृद्धिदरलाई सकारात्मक रुपमा लिन सकिन्छ ।


### क) खाद्य तथा अन्य बाली

आर्थिक वर्ष २०७९/८० को असार मसान्तमा कर्णाली प्रदेशको खाद्य तथा अन्य बालीको उत्पादन १५.३६ प्रतिशतले वृद्धि भई ८,४४,४१० मेट्रिक टन पुगेको छ । गत वर्षमा यस्तो उत्पादन ६.८९ प्रतिशतले घटेर ७,३१,९९८ मेट्रिक टन कायम भएको थियो ।

समीक्षा वर्षमा प्रमुख कृषि बालीमध्ये धान बालीको उत्पादन २.०५ प्रतिशतले वृद्धि भई १,२९,४७३.३९ मेट्रिक टन पुगेको छ । गत वर्षमा यस्तो उत्पादन १९.४४ प्रतिशतले घटेको थियो । त्यस्तै, गत वर्षमा १.६० प्रतिशतले घटेको मकै उत्पादन समीक्षा वर्षमा ९.२१ प्रतिशतले वृद्धि भई २,६९,२९९ मेट्रिक टन पुगेको छ ।

**रेखाचित्र ३.३: खाद्य तथा अन्य बालीको उत्पादन**

**(हजार मेट्रिक टन)**




*स्रोत: कृषि विकास निर्देशनालय र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

समीक्षा वर्षमा गहुँ उत्पादन गत अवधिको तुलनामा १३.९३ प्रतिशतले बढेर १,८७,५११ मेट्रिक टन पुगेको छ। आर्थिक वर्ष २०७९/८० को असार मसान्तमा कोदो र फापरको उत्पादन क्रमशः ४५.९४ प्रतिशत र १९.७७ प्रतिशतले वृद्धि भई क्रमशः ३१,८८१ मेट्रिक टन र ४,१३२ मेट्रिक टन पुगेको छ। गत वर्षमा यी दुई बालीको उत्पादन क्रमशः ०.९० प्रतिशत र ७.६२ प्रतिशतले वृद्धि भएको थियो। गत वर्षमा २.०९ प्रतिशतले घटेको जौंको उत्पादन समीक्षा वर्षमा ४५.४९ प्रतिशतले बढेर १३,३०३ मेट्रिक टन पुगेको छ।

समीक्षा वर्षमा आलुको उत्पादन २७.८२ प्रतिशतले वृद्धि भई १,७३,७१३ मेट्रिक टन पुगेको छ भने गत वर्षमा आलु उत्पादन १५.६८ प्रतिशतले घटेको थियो। गत वर्षमा ६.८६ प्रतिशतले वृद्धि भएको उखुको उत्पादन समीक्षा वर्षमा १९.८० प्रतिशतले घटेर २६२ मेट्रिक टन कायम भएको छ।

गत वर्षमा १९.७२ प्रतिशतले घटेको भटमास उत्पादन समीक्षा वर्षमा २५.३३ प्रतिशतले वृद्धि भई ६,४९० मेट्रिक टन पुगेको छ। त्यस्तै, गत वर्षमा ५०.७२ प्रतिशतले घटेको तेलहन उत्पादन समीक्षा वर्षमा वृद्धि भई ८७.३० प्रतिशतले ९,८८४ मेट्रिक टन पुगेको छ। त्यस्तै, समीक्षा वर्षमा कर्णाली प्रदेशमा दलहन उत्पादनमा ४४.११ प्रतिशतले वृद्धि भई १८,४५२ मेट्रिक टन पुगेको छ भने गत वर्षमा दलहन उत्पादनमा ३२.३३ प्रतिशतले ह्रास आएको थियो।

### ख) तरकारी तथा बागवानी

समीक्षा वर्षमा कर्णाली प्रदेशमा तरकारी तथा बागवानी उत्पादन ७३.६९ प्रतिशतले वृद्धि भई १,९४,३३५ मेट्रिक टन पुगेको छ। गत वर्षमा यस्तो उत्पादनमा ८०.१७ प्रतिशतले कमी आएको थियो। समीक्षा वर्षमा कर्णाली प्रदेशमा तरकारी उत्पादन ६४.१६ प्रतिशतले वृद्धि भई १,६२,५०१ मेट्रिक टन पुगेको छ। गत वर्षमा यस्तो उत्पादन ६३.९७ प्रतिशतले घटेको थियो। त्यस्तै, समीक्षा वर्षमा कर्णाली प्रदेशमा बागवानी उत्पादन १४६.८९ प्रतिशतले बढेर ३१,८३४ मेट्रिक टन पुगेको छ। कृषकहरुलाई प्रोत्साहन गर्नका लागि सम्बन्धित सरोकारवाला निकायहरुको ध्यानाकर्षण बढ्दै जानु, मलखाद्य तथा बीउ बिजनको समयमै उपलब्धता हुनु जस्ता कारणले तरकारी तथा बागवानी उत्पादनमा उल्लेखनीय वृद्धि भएको देखिन्छ।

**बक्स ३.१: अदुवा उत्पादनमा मालनेटाको भुमिका**




सल्यान जिल्लाको सारदा नगरपालिका वडा नम्बर १४ र १५ स्थित ढारखानी तथा डाँडागाँऊ वरपरको समग्र भु-भाग लाई मालनेटा क्षेत्र भनिन्छ। अदुवा उत्पादनका लागि नेपालकै प्रसिद्ध स्थानको रुपमा रहेको मालनेटा क्षेत्रमा हाल लगभग २०० घर परिवारका किसानहरुको आवद्धता रहेको छ ।

नेपालमा नसे र बोसे गरी अदुवाका प्रमुख दुई प्रजातिहरु रहेका छन् । सल्यान जिल्लामा यी दुबै प्रकृतिका अदुवा उत्पादन हुने गरेकोमा मालनेटा क्षेत्रमा भने बोसे जातको अदुवा मात्र उत्पादन हुन्छ। नसे जातको अदुवाको तुलनामा बोसे जातको अदुवा उपभोगको लागि निकै राम्रो मानिने हुँदा मालनेटाको अदुवाको विशेष महत्व रहेको पाईन्छ ।

मालनेटा क्षेत्रका बासिन्दाहरुले अदुवा खेतीलाई आफ्नो पुर्ख्यौली पेशाको रुपमा अंगालेका छन् । परम्परागत खेती प्रणालीमा आधारित रहेर परापुर्वकालदेखी गरिदै आएको अदुवा खेतीलाई हालसम्म पनि सोही अनुसार निरन्तरता दिईदै आईएको छ । मालनेटा क्षेत्रको ओसिलो भईराख्ने र खडेरीमा पनि ठुलो असर नदेखिने माटोको विशेषता अदुवा उत्पादनको लागि वरदान सावित रहेको छ। अदुवा उत्पादनका लागि प्रयोग भएको जमिन हरेक तीन वर्षमा मात्रै दोहारिने हुँदा सबै उत्पादनशील जमिनमा अदुवा खेती गरिदैन। त्यसको लागि हरेक किसानले आफ्नो जमिनलाई तीन भागमा विभाजन गरेर प्रत्येक वर्ष छुट्टाछुट्टै भागमा अदुवा खेती गर्दछन् ।

**रेखाचित्र: अदुवा खेती गरिएको क्षेत्रफल र उत्पादनको अवस्था**




*स्रोत: प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यन्वयन एकाई, सल्यान*

यस क्षेत्रमा अदुवाको बीऊ फागुन र चैत्र महिनामा रोपिन्छ भने मंसिर महिनामा उत्पादन हुन्छ। प्रत्येक घरधुरीले लगभग ३ रोपनीका दरले वर्षेनी ८०० के.जि. देखि १,००० के.जि. सम्म बीऊ रोप्छन् । यसरी रोपिएको बीऊलाई भदौमा निकालिन्छ जसलाई बुर्नि भनिन्छ। यो समयमा बजारमा अदुवाको निकै राम्रो माग हुने भएकाले बुर्नि महंगो दरमा बिक्रि हुन्छ। चालु आर्थिक वर्षको भदौ महिनामा बुर्नी प्रति के.जि. रु.१७० सम्म विक्रि भएको थियो ।

आर्थिक वर्ष २०७९/८० र विगतका दुई वर्षमा मालनेटा क्षेत्रमा अदुवा खेतीले ओगटेको क्षेत्रफल र उत्पादनको तुलनात्मक अध्ययनलाई माथिको रेखा चित्रमा देखाईएको छ । समीक्षा वर्षमा अदुवा खेती लगाइएको क्षेत्रफल १९.९२ प्रतिशतले विस्तार भई ३०.५२ हेक्टर पुगेको छ । फलस्वरुप अदुवा उत्पादनमा २६.८६ प्रतिशतले वृद्धि भई ८५ मेट्रिक टन पुगेको छ । गत आर्थिक वर्षको सोही अवधिमा अदुवा खेतीले ओगटेको क्षेत्रलमा १६.६१ प्रतिशतले कमि आएको थियो, जसको कारण अदुवा उत्पादनमा १६.२५ प्रतिशतले कमी आई ६७ मेट्रिक टन कायम भएको थियो ।

मालनेटामा उत्पादन भएको अदुवा व्यक्तिगत पहलमा सल्यान जिल्ला लगायत वरपरको बजार क्षेत्रमा बिक्री वितरण गरिदै आएकोमा विगत सात वर्ष देखि द अर्गानीक भ्याली प्रा.लि. कालिदमार, छिन्चु, सुर्खेतले खरिद गर्दै आएको छ । द अगार्निक भ्याली प्रा.लि. ले मालनेटामा स्थानीयलाई एजेन्टको रुपमा तोकी एजेन्ट मार्फत नै अदुवा संकलन गर्ने गरेको छ । साथै, आवश्यकता अनुसार कृषि अनुसन्धान केन्द्र, कपुरकोटले समेत मालनेटा क्षेत्रको अदुवा खरिद गरी ब्राण्डिङ्ग समेत गर्ने गरेको छ । यस केन्द्रले मालनेटाको अदुवालाई कपुरकोट-१ नामाकरण गरेको छ ।

कर्णाली प्रदेश कृषि विकास निर्देशनालय सुर्खेत, कृषि विकास कार्यालय सल्यान, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यन्वयन एकाई, सल्यान तथा सारदा नगरपालिका लगायतका निकायहरु मार्फत विभिन्न अनुदानका कार्यक्रमहरु सञ्चालनमा रहेको देखिन्छ ।

मालनेटा क्षेत्रमा प्राय स्थानीयहरुको मुख्य पेशा नै कृषि रहेको र कृषकहरुले आफ्नो जमिनको पूर्णरुपमा उपयोग गर्ने गरेकोले ठूलो परिमाणमा जमिन एकिकृत गरी अदुवा खेतीलाई व्यवसायीकरण गर्न सकिने सम्भावना देखिदैन । अदुवा खेतीलाई व्यवसायीकरण गर्ने हो भने मालनेटा क्षेत्रको माटोको प्रकृतिसँग मिल्दोजुल्दो माटोको खोजी गरी त्यस्ता क्षेत्रहरुमा खेती गर्ने उपयुक्त देखिन्छ ।

### बक्स ३.२: तरकारी उत्पादनमा कपुरकोटको भुमिका



कर्णाली प्रदेशको सल्यान जिल्लामा पर्ने कपुरकोट गाउँपालिका साविकका चारवटा गा.वि.स. धनवाङ, रिम, सिनवाङ र गर्पा मिलेर बनेको छ । सल्यान जिल्लाको कुल क्षेत्रफल १,९५१ वर्ग किलोमिटर मध्ये यस गाउँपालिकाले ११९.२१ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ । यस गाउँपालिकामा जम्मा ६ वटा वडाहरु रहेका छन् । कपुरकोट गाँउपालिकाको पूर्वमा रोल्पा, पश्चिममा त्रिवेणी गाँउपालिका, उत्तरमा छत्रेश्वरी गाउँपालिका र दक्षिणमा दाङ जिल्लासँग सिमाना जोडिएको यस गाँउपालिकामा राष्ट्रिय जनगणना, २०७८ अनुसार ९,१५७ जना महिला र ८,३६९ जना पुरुष गरी जम्मा १७,५२६ जनसंख्या रहेको छ । साथै, यस क्षेत्रमा सबैभन्दा बढि क्षेत्री र त्यसपछि क्रमश मगर तथा कामी/दमाईको बाहुल्यता रहेको देखिन्छ ।



समुद्रि सतहबाट करिव १,५०० मिटरको उचाईमा रहेको कपुरकोट गाँउपालिका अग्ला पहाडहरुले घेरिएको र अत्यन्तै स्वच्छ तथा हरियालीयुक्त वातावरण भएको क्षेत्र हो । यो क्षेत्र कृषि तथा पशुपालनका लागि उपयुक्त भएकोले पनि बासस्थानको लागि अत्यन्तै रमाइलो र अनुकुल देखिन्छ। साथै, कपुरकोट गाँउपालिका बेमौसमी तरकारी खेती र फलफूल खेतीको लागि उर्वर भूमिको रुपमा समेत चिनिन्छ।

कपुरकोट गाँउपालिकाको मुख्य व्यापारीक केन्द्र सल्यान जिल्लाको सदरमुकाम खलंगादेखि ४२ किलोमिटर दक्षिण र दाङको तुलसिपुरदेखि १९ किलोमिटरको दुरीमा रहेको छ। कपुरकोट गाँउपालिकाका सबै वडाहरुबाट यस केन्द्रमा फलफुल तथा तरकारीको संकलन गरेर विक्रि वितरण गरिन्छ। कपुरकोट गाँउपालिकामा ३,५८० घरधुरी रहेकोमा प्राय सबैजसो घरपरिवार कुनै न कुनै रुपमा तरकारी तथा फलफुल व्यवसायमा जोडिएको पाईएको छ। करिव ३८ परिवारले ज्याला मजदुरी मार्फत प्रत्यक्ष रुपमा रोजगारी पाएको अवस्था छ भने ३५ जना व्यापारी यहाँको कृषि उपजको बेचविखनमा नियमित रुपमा सक्रिय रहेर राम्रो आम्दानी गरिरहेका छन्।

नेपालमा बेमौसमी कृषि खेतीको इतिहास हेर्दा सबैभन्दा पहिला वि.सं. २०४९ मा वातावरण तथा कृषि नीति अनुसन्धान प्रचार एवम् विकास केन्द्र नामक गैरसरकारी संस्थाको कृषि परियोजना मार्फत सुरुवात भएको पाईन्छ। तथापी कपुरकोट क्षेत्रमा भने वि.सं. २०५२ सालबाट व्यवसायिक रुपमा बेमौसमी कृषि खेतीको थालनी भएको देखिन्छ।

तरकारी खेतीको व्यवस्थित बजारीकरणका लागि कपुरकोट क्षेत्रमा वि.सं. २०७५ सालबाट पुर्ण रुपमा व्यवस्थित हाट बजार सञ्चालन हुदै आएको छ। हाल कपुरकोट कृषि उपज बजार सञ्चालक समिति गठन भएको र समितिले २८ वटा संकलन केन्द्रहरुमा दररेट निर्धारणको आधारका रुपमा काम गर्दै आएको छ। साथै, समितिले हरेक हप्ताको मंगलबार र शुक्रबार Mouse Survey मार्फत Mean निर्धारण गरेर तरकारीको अधिकतम र न्यूनतम दररेट तोक्ने गर्दछ।

कपुरकोट गाँउपालिकामा उत्पादन हुने मख्य उपजहरुमा काउली, बन्दा, गोलभेडा, खुर्सानी, गाजर, काक्रो, भेण्डी लगायत रहेका छन्। यसका अलवा अन्य सिजनमा सुन्तला, काफल, टिमुर, कागती लगायतको उत्पादन पनि यो क्षेत्रमा राम्रो हुने गरेको छ।

आर्थिक वर्ष २०७८/७९ मा कपुरकोट हाटबजारबाट ताजा तरकारी ३८,६१,३४२ किलोग्राम, अदुवा ८४,३५२ किलोग्राम र फलफुल १६,३९७ किलोग्राम गरी जम्मा ३९,६२,०९१ किलोग्राम तरकारी तथा फलफुल बिक्री गरी रु.१८ करोड

३५ लाखको कारोवार भएको थियो भने समीक्षा वर्षमा ताजा तरकारी ४१,२३,२९१ किलोग्राम, अदुवा ६७,३७० किलोग्राम तथा फलफुल १८,४३१ किलोग्राम गरी जम्मा ४२,०९,०९२ किलोग्राम तरकारी तथा फलफुल बिक्री गरी रु. १७ करोड २३ लाखको हाराहारीमा कारोबार भएको छ ।

**कपुरकोट गाँउपालिकाको तरकारी बालीको क्षेत्रफल तथा उत्पादनको विवरण (आ.व.२०७९/८०)**

| क्र.सं. | तरकारीको प्रजाती | क्षेत्रफल (रो.) | उत्पादन (क्वीन्टल) | व्यवसायिक कृषक संख्या (२ रो. भन्दा बढि) |
|---|---|---|---|---|
| १. | हिउदे तरकारी | १,५९८.० | ३,७४०.० | ४८८.० |
| २. | बसन्ते तरकारी | १०,९१८.० | ९८,८४२.० | २,८३८.० |
| जम्मा तरकारी | | **१२,५१६.०** | **१,०२,५८२.०** | |
| ३. | शरदकालीन आलु (असोज-कार्तिक मा लगाउने) | ८६४.० | २,८३२.० | ६३.० |
| ४. | वर्षे आलु (माघ-वैशाख मा लगाउने) | ५०,१४०.० | ४३०.० | १२.० |
| जम्मा आलु | | **५१,००४.०** | **३,२६२.०** | |
| आलु सहितको जम्मा तरकारी | | **६३,५२०.०** | **१,०५,८४४.०** | |

*स्रोतः कपुरकोट गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय, सल्यान*

समीक्षा वर्षमा हिउदे र बसन्ते तरकारी बालीले ढाकेको क्षेत्रफल १२,५१६ रोपनी अर्थात ६३७ हेक्टर रहेको छ भने तरकारीको उत्पादन १०,२५८ मेट्रिक टन रहेको छ । त्यसैगरी, सरदकालीन र वर्षे आलु बालीले ओगटेको २,५९५ हेक्टर क्षेत्रफलबाट ३२६ मेट्रिक टन उत्पादन भएको छ । कपुरकोट गाँउपालिकामा दुई रोपनी भन्दा बढी तरकारी खेती गर्ने व्यवसायीक कृषकको संख्या ३,४०१ जना रहेका छन् ।

कृषिमा आधुनिकीकरण र व्यवसायीकरण गर्दै देशलाई कृषिमा आत्मनिर्भर बनाउने नेपाल सरकारको नीति अनुरुप नै विभिन्न स्थानीय निकायहरुले आ-आफ्नो अवस्था अनुसार विभिन्न कृषि नीतिहरु अवलम्बन गरेको अवस्थामा कपुरकोट गाँउपालिकामा पनि विभिन्न नीति तथा कार्यक्रमहरु अघि सारिएको छ । गाँउपालिकाको कपुरकोट जागरण अभियान अर्न्तगत कृषिमा न्यूनतम समर्थन मूल्य, उत्पादनमा आधारित कृषक अनुदान, कृषि एम्बुलेन्स, कपुरकोट तरकारी ब्राण्ड र मुख्य बजारमा स्टल मार्फत बजारीकरण तथा कृषि मार्फत जीवनस्तर सुधारका कार्यक्रमहरु सञ्चालनमा रहेका छन् ।

कपुरकोट गाँउपालिकाले २०८० बैशाख २७ गते बेमौसमी तरकारी खेतीको विस्तार र बजारीकरण सम्बन्धमा बृहत अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी बैमौसमी तरकारी, जडिबुटी, फलफुल, दुग्धजन्य पदार्थ र पशुजन्य उत्पादनको विस्तार र बजारीकरण गरी यस क्षेत्रका किसानहरुको जीवनस्तरमा सुधार ल्याउने, रोजगारी सिर्जना तथा कृषि उत्पादनमा नेपाललाई आत्मनिर्भर बनाउने सन्दर्भमा विभिन्न विषयहरुमा प्रतिबद्धता पत्र तयार गरी कार्यन्वयनको चरणमा रहेको छ ।

कृषिलाई यान्त्रीकीकरण/आधुनिकीरण, व्यवसायीकरण र विस्तारीकरण गर्ने तथा रसायनिक मलको सट्टामा प्रांगारिक मल प्रयोग गर्ने सवालमा पालिकाले विस्तृत योजना बनाएको छ । विषाधी परीक्षण प्रयोगशाला निर्माण गर्ने कार्य अन्तिम चरणमा रहेको छ । गाँउपालिकाका कृषकहरुलाई दुर्घटना बीमा तथा पालिकाको कुनै पनि किसान विरामी भएको खण्डमा हस्पिटलमा ५-१० प्रतिशत सम्मको छुट दिने व्यवस्था कार्यन्वयनमा रहेको छ ।


साथै, यस क्षेत्रमा पहाडी भूगोलको अधिकतम प्रयोग गरी वर्षायाममा खेती हुने मकै, कोदो, फापर जस्ता अन्नबालीका सट्टामा नगदे, बेमौसमी तरकारी बाली विस्तार गरी देशका ठूला सहरहरु सम्ममा यहाँको उपज पुऱ्याउन सक्ने सम्भावना रहेको देखिन्छ। दाङ, बाँके, कैलाली, सुर्खेत, कञ्चनपुर, रुपन्देही, कपिलवस्तु, चितवन जिल्लाहरु र कृष्णनगर र जमुनाह नाका हुँदै भारतमा समेत यहाँको बेमौसमी तरकारी निर्यात भएको देखिन्छ । तर, बर्षायाम बाहेक अन्य मौसममा भारतीय बजारबाट प्रशस्त मात्रामा सस्तो मूल्यमा तरकारी आयात हुने हुँदा यहाँको उत्पादन बिक्री नहुने र उत्पादन पनि कम हुने गरेको देखिन्छ ।

साथै, बेमौसमी तरकारी बालीमा प्रयोग गरिने विषाधीको कारणबाट यस क्षेत्रका बासिन्दा तथा उपभोक्तमा पर्ने असरलाई न्यूनीकरण गर्दै भविश्यमा कपुरकोटको तरकारीलाई ब्राण्डको रुपमा विकास गर्नु आवश्यकता रहेको छ ।

### ग) फलफूल तथा मसला

समीक्षा वर्षमा कर्णाली प्रदेशभित्र फलफूल तथा मसला उत्पादन ५८.०३ प्रतिशतले वृद्धि भई १,८७,६२० मेट्रिक टन पुगेको छ । गत वर्षमा उक्त उत्पादन १०.८१ प्रतिशतले घटेको थियो ।

रेखाचित्र ३.४: फलफुल उत्पादन
(हजार मेट्रिक टन)





*स्रोत: कृषि विकास निर्देशनालयर जिल्लास्थित कृषि विकास कार्यालयहरु*

प्रमुख फलफूलमध्ये सुन्तला उत्पादन समीक्षा वर्षमा ३६.७४ प्रतिशतले वृद्धि भई १९,३७६ मेट्रिक टन पुगेको छ । गत वर्षमा यो उत्पादन १८.८७ प्रतिशतले घटेको थियो । त्यस्तै, गत वर्षमा ४६.८८ प्रतिशतले घटेको आँप उत्पादन समीक्षा वर्षमा २३२.९१ प्रतिशतले वृद्धि भई १०,३०७ मेट्रिक टन पुगेको छ ।

समीक्षा वर्षमा कर्णाली प्रदेशमा केराको उत्पादन २०६.६० प्रतिशलते वृद्धि भई ५,०८७ मेट्रिक टन पुगेको छ भने स्याउको उत्पादन १०.८९ प्रतिशतले बढेर ३६,५५४ मेट्रिक टन पुगेको छ । गत वर्षमा स्याउको उत्पादन ५.७९ प्रतिशतले वृद्धि भएको थियो भने केरा उत्पादनमा ४२.५४ प्रतिशतको ह्रास आएको थियो । त्यसैगरी, अन्य फलफूलको उत्पादन समीक्षा वर्षमा उल्लेखनीय रुपमा २४२.१४ प्रतिशतले बढेको छ ।

**रेखाचित्र ३.५: प्रमुख कृषि बालीको उत्पादन**
**(प्रतिशत)**




*स्रोत: कृषि विकास निर्देशनालय र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

समीक्षा वर्षमा अदुवा, बेसार लगायतका प्रमुख मसला बालीको उत्पादन २४.४६ प्रतिशतले बढेर ६४,२५४ मेट्रिक टन पुगेको छ । गत वर्षमा यो उत्पादन १२.२४ प्रतिशतले घटेको थियो । आर्थिक वर्ष २०७९/८० को असार मसान्तमा कर्णाली प्रदेशमा मह उत्पादन उल्लेख्य रुपमा ३९४.२० प्रतिशतले वृद्धि भई ३८८ मेट्रिक टन पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ७९ मेट्रिक टन रहेको थियो ।

समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादनले कर्णाली प्रदेशको कुल कृषि उत्पादनको करिव ६९.० प्रतिशत हिस्सा ओगटेको छ । जसमध्ये, सबैभन्दा धेरै (३१.८९ प्रतिशत) हिस्सा मकै उत्पादनको रहेको छ भने सबैभन्दा कम (०.०३ प्रतिशत) हिस्सा उखु उत्पादनको रहेको छ । त्यस्तै, कोदो, गहुँ, आलु र धान, उत्पादनको हिस्सा क्रमश: २४.६२ प्रतिशत, २२.२१ प्रतिशत, २०.५७ प्रतिशत र १५.३३ प्रतिशत रहेको छ । त्यसैगरी, तरकारी तथा वागवानी र फलफूल तथा मसला बालीको उत्पादनको हिस्सा क्रमश: १६ प्रतिशत र १५ प्रतिशत रहेको छ ।

### तालिका ३.२: प्रमुख कृषि बालीको उत्पादन
(जिल्लागत)

| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला |
| सुर्खेत | १,७६,९७३.०६ | ४६,३९६.० | ६०,३७७.० | २०.९६ | २३.८७ | ३२.१८ |
| दैलेख | १,५१,९६१.१८ | २६,५३९.० | १६,२६७.० | १८.० | १३.६६ | ८.६७ |
| जुम्ला | ६२,४८०.४२ | ८,७०२.० | २६,७३९.० | ७.४० | ४.४८ | १४.२५ |
| रुकुम पश्चिम | ७४,२६२.९५ | २०,४५५.० | ३,२०६.५२ | ८.७९ | १०.५३ | १.७१ |
| हुम्ला | १५,२६५.२८ | ४३१.० | ४,२४३.० | १.८१ | ०.२२ | २.२६ |
| जाजरकोट | ९९,८०१.७७ | ७,८००.० | ३,२६८.० | ११.८२ | ४.०१ | १.७४ |
| कालिकोट | ३९,७९०.७९ | २४,४३३.८० | ११,८७५.० | ४.७१ | १२.५७ | ६.३३ |
| डोल्पा | १२,५८६.२२ | २,८०८.० | ५,१५१.० | १.४९ | १.४४ | २.७५ |
| मुगु | १७,५७०.५८ | ५,५००.० | ११,१११.० | २.०८ | २.८३ | ५.९२ |
| सल्यान | १,९३,७१७.९३ | ५१,२७०.० | ४५,३८२.३० | २२.९४ | २६.३८ | २४.१९ |
| **जम्मा** | **८,४४,४१०.१०** | **१,९४,३३४.८०** | **१,८७,६१९.८२** | **१००.०** | **१००.०** | **१००.०** |

*स्रोत: कृषि विकास निर्देशनालय र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

समीक्षा वर्षमा यस प्रदेशको कुल खाद्य तथा अन्य बाली उत्पादनको सबैभन्दा बढी २२.९४ प्रतिशत हिस्सा सल्यान जिल्लाको रहेको छ भने सबैभन्दा कम १.४९ प्रतिशत हिस्सा डोल्पा जिल्लाको रहेको छ (तालिका ३.२)। त्यसैगरी, यस प्रदेशको कुल तरकारी तथा बागवानी उत्पादनको सबैभन्दा बढी हिस्सा सल्यान जिल्लाको २६.३८ प्रतिशत रहेको छ भने हुम्ला जिल्लाको सबैभन्दा न्यून ०.२२ प्रतिशत हिस्सा रहेको छ। त्यस्तै, फलफूल तथा मसला बालीको हिस्सा सबैभन्दा बढी ३२.१८ प्रतिशत सुर्खेत जिल्लाको रहेको छ भने सबैभन्दा कम १.७१ प्रतिशत रुकुम पश्चिम जिल्लाको रहेको छ।

## ३.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन

### क) पशुपंछी तथा माछा उत्पादन

कर्णाली प्रदेशमा समीक्षा वर्षमा दुध उत्पादन ८.४१ प्रतिशतले वृद्धि भई ६,९१,९८,००० लिटर पुगेको छ। गत वर्षमा यो उत्पादन १७.९१ प्रतिशतले वृद्धि भएको थियो। त्यस्तै, मासु उत्पादन आर्थिक वर्ष २०७९/८० को असार मसान्तमा २२.४८ प्रतिशतले वृद्धि भई ३३,६०५ मेट्रिक टन पुगेको छ। यो उत्पादन अघिल्लो वर्षमा ८.६३ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्षमा कर्णाली प्रदेशमा अण्डा उत्पादन १५.४० प्रतिशतले वृद्धि भई ७,७७,३१,००० गोटा पुगेको छ भने गत वर्षमा यो उत्पादन ११.०६ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्षमा माछा उत्पादन ४.६९ प्रतिशतले घटेर २९१ मेट्रिक टन कायम भएको छ।

कृषकहरुलाई माछापालन सम्बन्धी आवश्यक सीप, तालिमको अभाव, माछापालन सम्बन्धी सरकारी निकायबाट प्रदान गरिने अनुदानको प्रभावकारी कार्यान्वयन हुन नसक्नुले पनि माछा उत्पादनमा अपेक्षिकृत मात्रामा उत्पादन हुन नसकेको अनुमान छ ।

### ख) वनजन्य उत्पादन

समीक्षा वर्षमा कर्णाली प्रदेशमा काठ उत्पादनमा ३४.३१ प्रतिशत ह्रास आई १,५१,०७५ क्यूविक फिट कायम भएको छ । त्यसैगरी दाउराको उत्पादन ११.७६ प्रतिशतले घटेर १५४ चट्टा कायम भएको छ । गत वर्षमा काठ र दाउराको उत्पादनमा क्रमशः ६३.१० प्रतिशत र ४८.१५ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी आर्थिक वर्ष २०७९/८० मा औषधीजन्य वस्तुहरुको उत्पादनमा २३.१२ प्रतिशत ह्रास आई १,३४,८६० मेट्रिक टन कायम भएको छ । गत आर्थिक वर्षमा यो उत्पादनमा ५२.० प्रतिशतले ह्रास आएको थियो ।

## ३.४ सिँचाई

समीक्षा वर्षमा यस प्रदेशमा रहेको कुल कृषि बालीले ढाकेको क्षेत्रफल ३,२०,७१६ हेक्टरमध्ये ५२,४०२ हेक्टर क्षेत्रफलमा मात्र सिँचाई सुविधा पुगेको छ । गत वर्षको तुलनामा समिक्षा वर्षमा सिञ्चित क्षेत्रफल ३.०४ प्रतिशतले घटेको छ । समीक्षा वर्षमा कुलोद्वारा सिञ्चित क्षेत्रफल सबैभन्दा बढी २४,४२१ हेक्टर रहेको छ भने सबैभन्दा कम २ हेक्टर क्षेत्रफल बोरिङ्गद्वारा सिञ्चित रहेको छ । समीक्षा वर्षमा कुलोद्वारा सिञ्चित क्षेत्रफल २.८९ प्रतिशतले बढेको छ । गत वर्षमा यस्तो क्षेत्रफल २.७४ प्रतिशतले बढेको थियो । त्यसैगरी, नहरद्वारा सिञ्चित क्षेत्रफल समीक्षा वर्षमा करिव ३.०५ प्रतिशतले घटेर ९,४९१ हेक्टर कायम भएको छ ।

**तालिका ३.३: कर्णाली प्रदेशमा सिँचाईको अवस्था**

(हेक्टर)

| सिँचाई | आ.व. २०७७/७८ (साउन-असार) | आ.व. २०७८/७९ (साउन-असार) | आ.व. २०७९/८० (साउन-असार) |
|---|---|---|---|
| कुलो | २३,१००.० | २३,७३४.० | २४,४२१.० |
| नहर | ९,१४२.० | ९,७९०.० | ९,४९१.० |
| पोखरी | ८८३.५० | १,०२३.३० | १,००१.८० |
| बोरिङ्ग | २.० | २.० | २.० |
| अन्य | ३८५.० | ४१६.० | २०७.० |

*स्रोतः खानेपानी, सिँचाई तथा ऊर्जा विकास निर्देशनालय र जिल्ला स्थित कार्यालयहरु*

समीक्षा वर्षमा कर्णाली प्रदेशको सुर्खेत जिल्लामा सबैभन्दा बढी ५२,२०० हेक्टर खेतीयोग्य जमिन रहेको छ भने उक्त खेतियोग्य जमिनको २०,०५३ हेक्टर क्षेत्रफलमा सिँचाई सुविधा पुगेको देखिन्छ ।

## ३.५ क्षेत्रगत कृषि कर्जा

आ.व २०७९/८० को असार मसान्तमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुद्वारा कृषि क्षेत्रमा प्रवाहित कर्जा गत आ.व. को तुलनामा १०.९२ प्रतिशतले वृद्धि भई रु.५ अर्ब ४९ करोड ४८ लाख पुगेको छ (तालिका ३.४)।

**तालिका ३.४: जिल्लागत कृषि कर्जा**

(रु.दश लाख)

| जिल्ला | आ.व. २०७७/७८ (साउन-असार) | आ.व. २०७८/७९ (साउन-असार) | आ.व. २०७९/८० (साउन-असार) | गत वर्षको परिवर्तन (प्रतिशत) | समीक्षा वर्षको परिवर्तन (प्रतिशत) |
|---|---|---|---|---|---|
| डोल्पा | १६६.९४ | ९२.०३ | १३५.५९ | -४४.८७ | ४७.३३ |
| मुगु | ३५.६५ | ९६.९२ | १२८.९९ | १७१.८७ | ३३.०९ |
| हुम्ला | १५७.८२ | २०३.९० | २१८.५६ | २९.२० | ७.१९ |
| जुम्ला | ४१३.९४ | ५१८.३३ | ५०२.३५ | २५.२२ | -३.०८ |
| कालीकोट | ९३.७७ | ११७.६० | १५१.६३ | २५.४१ | २८.९४ |
| दैलेख | २७३.५१ | ३१३.९२ | ३६०.९९ | १४.७७ | १४.९९ |
| जाजरकोट | २६०.९९ | २९९.०४ | ३३२.७७ | १४.५८ | ११.२८ |
| रुकुम पश्चिम | ३६७.२७ | ४७५.३२ | ५९९.५५ | २९.४२ | २६.१४ |
| सल्यान | ५१४.९६ | ५५०.०६ | ५७६.१५ | ६.८२ | ४.७४ |
| सुर्खेत | १,६४१.४६ | २,२८६.८१ | २,४८८.२१ | ३९.३२ | ८.८१ |
| **कर्णाली प्रदेश** | **३,९२६.३०** | **४,९५३.९३** | **५४९४.७७** | **२६.१७** | **१०.९२** |

*स्रोत: नेपाल राष्ट्र बैंक*

गत वर्षमा यस्तो कर्जा २६.१ प्रतिशतले वृद्धि भई रु.४ अर्ब ९५ करोड ३९ लाख पुगेको थियो। नेपाल राष्ट्र बैंकद्वारा जारी एकिकृत निर्देशन अनुसार बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गर्ने कर्जामा कृषि क्षेत्रलाई विशेष जोड दिईएको, सरकारले लागु गरेका प्रधानमन्त्री कृषि आधुनिकीकरण, साथै प्रदेश सरकारले जारी गरेको व्यवसायिक कृषि तथा पशुपन्छी पालन व्यवसायको लागि अनुदान कार्यक्रम कार्यविधि लगायतका कार्यक्रमहरु सञ्चालन गरेको हुँदा कृषि कर्जा बढेको देखिन्छ।

समीक्षा वर्षमा प्रवाहित कुल कृषि कर्जामध्ये सबैभन्दा बढी पशुपालन/पशु वधशाला शीर्षकमा ३२.४३ प्रतिशतले वृद्धि भई रु.१ अर्ब २७ करोड ६७ लाख पुगेको छ भने सबैभन्दा कम सनपाट शीर्षकमा ९४.१४ प्रतिशतले ह्रास आई रु.१ लाख मात्र कायम भएको छ। यस प्रदेशमा प्रवाहित कुल कृषि कर्जामध्ये सबैभन्दा धैरै रु.२ अर्ब ४८ करोड ८२ लाख सुर्खेत जिल्लामा प्रवाहित भएको छ भने सबैभन्दा कम रु.१२ करोड ८९ लाख मुगु जिल्लामा प्रवाहित भएको देखिन्छ।

## ३.६ कृषि क्षेत्रको चुनौती र सम्भावना

### क) कृषि क्षेत्रको चुनौती

- परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई प्रतिस्पर्धात्मक एवम् व्यवसायमुखी कृषि प्रणालीमा रुपान्तरण गरी रोजगारी एवं आयस्तर वृद्धि गर्नु ।
- कृषि क्षेत्रमा देखापरेका जलवायु परिवर्तनका नकारात्मक असर न्यूनीकरण गर्दै प्राकृतिक प्रकोपसँग जुध्न सक्ने क्षमता विकास गर्नु ।
- व्यवसायिक वातावरणको सिर्जना गरी अन्य क्षेत्र तथा वैदेशिक रोजगारीमा संलग्न रहेको युवा जनशक्तिलाई कृषि क्षेत्रमा आर्कषित गराउनु ।
- कृषि तथा पशुजन्य उत्पादनमा हानिकारक विषादी, रसायन तथा एन्टिबायोटिक्सको प्रयोग कम गरी जनस्वास्थ्यमा पर्न जाने नकारात्मक प्रभाव कम गर्दै लैजानु ।
- सीमित स्रोत साधन, कृषि कर्जा, बीमा, प्रविधि, ज्ञान, सीपको समुचित प्रयोग गरी उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्नु तथा समग्र कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउनु ।
- भूवनोटको अधिकतम सदुपयोग गरी बाली विविधिकरण, व्यवसायीकरण, व्यवसाय प्रवर्द्धन मा सहयोग पुग्ने किसिमका उत्पादन कार्यक्रम सञ्चालन गर्नु । साथै स्थानीय, रैथाने तथा लोपोन्मुख बालीको संरक्षण तथा संवर्द्धन गर्नु ।
- अव्यवस्थित शहरीकरण, जग्गाको खण्डिकरण तथा जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै कृषि भूमि सदुपयोगका लागि निर्मित योजना, कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्नु ।
- कृषि तथा पशुजन्य वस्तुको उत्पादन, प्रशोधन र बजारीकरणलाई लागत प्रभावकारी बनाउनु कृषि क्षेत्रको व्यापारलाई सन्तुलनमा राख्नु, गुणस्तर र स्वच्छता नियमन कार्य प्रभावकारी तुल्याइ नाफामूलक र प्रतिस्पर्धात्मक बनाउनु, कृषि क्षेत्रको उत्पादन वृद्धि गरी आत्मनिर्भर बन्नका लागि संघ, प्रदेश र स्थानीय तहको लगानी एवम् सेवालाई थप प्रभावकारी बनाई अन्तरसरकार सहकार्य र समन्वय चुस्त बनाउनु ।
- कृषिको आधुनिकीकरण मार्फत लागत न्युनीकरण, उत्पादन वृद्धि, व्यवसायीकरण र बजारीकरण गर्नको लागि सञ्चालित कृषि यान्त्रिकीकरण कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी उल्लेखित लक्ष्य तथा उद्देश्य हासिल गर्नु ।
- कर्णाली प्रदेशलाई दुग्ध क्षेत्रमा आत्मनिर्भर बनाउनका लागि दुग्ध उत्पादनमा आधारित उद्योग स्थापना गरी दुग्ध व्यवसाय प्रवर्द्धन, प्रशोधन तथा बजारीकरण गर्नु ।

### ख) कृषि क्षेत्रको सम्भावना

- कर्णाली प्रदेशको अधिकांश भागमा रासायनिक मलको कम उपलब्धता तथा प्रयोगका कारण प्राङ्गारिक कृषि खेतीतर्फ कृषकहरुलाई आकर्षित गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न सकिने सम्भावना रहेको । साथै, प्राङ्गारिक कृषि प्रणालीको माध्यमबाट कृषि पेशालाई व्यावसायिक र प्रतिस्पर्धी बनाई कृषकहरुको जीवनस्तरमा सुधार गर्न सकिने सम्भावना रहेको ।

- कृषिमा व्यावसायिकता तथा उद्यमशीलता विकास गर्न कृषकहरुको रुचि बढ्दै जानु, मध्यम तथा उच्च व्यावसायिक कृषक समूह, निजी फर्म, कम्पनी तथा उद्योग एवं उद्योगीहरुलाई प्रोत्साहन गर्न एवं प्रतिस्पर्धी बनाउन सहुलियत दरको ऋण, बिमा र ब्याज अनुदानको व्यवस्था रहेको हुनाले कृषि व्यवसायको विकास एवं विस्तार गर्न सकिने सम्भावना कायमै रहेको ।

- भौगोलिक रुपमा विकट तथा दुर्गम क्षेत्रमा यातायात सुविधा को विस्तार हुँदै जानुले कृषि उपजहरुको बिक्री एवं वितरणमा सहजता हुनु जसले गर्दा ग्रामीण क्षेत्रमा कृषिजन्य वस्तुहरुको उत्पादन तथा उत्पादकत्वमा वृद्धि साथै कृषि उपजहरुको प्रवर्द्धन गरी कृषकहरुको आयस्तर बढाउन सकिने सम्भावना रहेको ।

- जलवायु परिवर्तनका नकारात्मक असरहरु न्यूनीकरण गर्न विश्वव्यापी रुपमा चासो बढ्दै जानु, कृषि विज्ञ साथ-साथै पशु विज्ञान अध्ययन गराउने प्राविधिक शिक्षण संस्था तथा अध्ययन गर्ने स्थानीय युवाको सङ्ख्यामा वृद्धि हुँदै जानुले कृषि क्षेत्रमा देखिएका समस्याहरुको समयमै निराकरण गरी गुणस्तरीय वस्तुहरुको उत्पादन तथा प्रवर्द्धन  गर्न सकिने आदि कृषि क्षेत्रमा सम्भावनाको रुपमा रहेका छन् ।

# परिच्छेद ४

# उद्योग क्षेत्र

देशको समग्र अर्थतन्त्रमा कृषि, उद्योग र सेवा क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ । विगतका वर्ष देखिनै कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान क्रमशः घट्दै र सेवा क्षेत्रको योगदान वढ्दै गएको भएता पनि उद्योग क्षेत्रको योगदान भने करिव स्थिर अवस्थामा नै रहेको देखिन्छ ।

नेपाल सरकार, राष्ट्रिय तथ्याङ्क कार्यालयको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७९/८० को कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २४.१२ प्रतिशत, १३.४५ प्रतिशत र ६२.४३ प्रतिशत रहने अनुमान छ । साथै, आर्थिक वर्ष २०७९/८० मा निर्माण, थोक तथा खुद्रा व्यापार लगायत औद्योगिक उत्पादनमा भएको कमीका कारण यो वर्ष देशको समग्र अर्थतन्त्र आधारभूत मूल्यमा २.१६ प्रतिशतले मात्र विस्तार हुने अनुमान गरिएको छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार २०७९ फागुनसम्म दर्ता भएका लघु, घरेलु तथा साना उद्योग गरी ६,७०,००० उद्योगमध्ये सबैभन्दा बढी बागमती प्रदेशमा २९.२ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा ५.३ प्रतिशत मात्र दर्ता भएका छन् । यस्ता उद्योगहरुबाट सबैभन्दा बढी बागमती प्रदेशमा र सबैभन्दा कम कर्णाली प्रदेशमा रोजगारी सिर्जना हुने अनुमान छ । आर्थिक वर्ष २०७९/८० को फागुनसम्म विदेशी लगानी स्वीकृति पाएका ५,६९२ उद्योगहरुमध्ये सबैभन्दा बढी बागमती प्रदेशमा ८१.८ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा ०.४ प्रतिशत उद्योगहरु रहेका छन् ।

राष्ट्रिय तथ्याङ्क कार्यालयको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७९/८० मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३०.८ प्रतिशत, १०.३ प्रतिशत र ५८.९ प्रतिशत रहने अनुमान छ ।

उद्योग विभागको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७८/७९ मा कुल ३०९ ठुला उद्योगहरु दर्ता भएकोमा कर्णाली प्रदेशमा रुरुगाड पावर कम्पनी प्रा.ली., सुर्य तारा सिमेन्ट उद्योग प्रा.ली., रारा होल्डिङ्ग प्रा.ली. र स्यार्पु पावर कम्पनी लि. गरी ४ ओटा ठुला उद्योगहरु दर्ता भएका छन् । आर्थिक वर्ष २०७८/७९ सम्म कर्णाली प्रदेशमा दर्ता भएका लघु, घरेलु र साना उद्योगहरुको संख्या ५,९२७ रहेको छ जसमा सबैभन्दा बढी सुर्खेत जिल्लामा १,५५८ र सबैभन्दा कम डोल्पा जिल्लामा ३७१ रहेको छ ।


## ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी

### क) उद्योगको क्षमताको उपयोग

आर्थिक वर्ष २०७९/८० मा कर्णाली प्रदेशमा नमुना छनोटमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ५२.१६ प्रतिशत रहेको छ । यस आर्थिक वर्षमा उद्योगहरुको उपयोग क्षमतामा कागज तथा कागजका उत्पादन सम्बन्धी उद्योगको उपयोग क्षमता शत प्रतिशत रहेको देखिन्छ । प्लास्टिकजन्य उत्पादन सम्बन्धी उद्योगको उपयोग क्षमता ९२.८६ प्रतिशत रहेको छ भने दुग्ध पदार्थ उत्पादन गर्ने उद्योगको उपयोग क्षमता सबैभन्दा कम २०.५५ प्रतिशत रहेको छ ।

रेखाचित्र ४.१: उद्योगको क्षमता उपयोगको अवस्था

(प्रतिशत)




*स्रोतः वीरेन्द्रनगर सुर्खेत स्थित उद्योगहरु*

त्यसैगरी, काठ तथा काठको सामान, अन्य खाद्य पदार्थ (प्रशोधित चिया), तयारी कपडा र अन्न तथा पशुदाना उत्पादन गर्ने उद्योगहरुको उपयोग क्षमता क्रमशः ६०.० प्रतिशत, ५१.११ प्रतिशत, ४४.९४ प्रतिशत र ३२.० प्रतिशत रहेको छ ।


## ख) औद्योगिक उत्पादनको अवस्था

यस प्रदेशमा औद्योगिक विकासका लागि आवश्यक पूर्वाधार, दक्ष जनशक्ति, कच्चा पदार्थको अभाव, तथा विकट भौगोलिक बनावट जस्ता प्रमुख कारणहरुले गर्दा ठूला उद्योगहरुको सञ्चालन हुन सकेको देखिदैन । घरेलु, साना तथा मझौला उद्योगहरु मध्येबाट केही उद्योगहरु अध्ययनमा नमुना छनोटको रुपमा लिईएको छ ।

समीक्षा वर्षमा कर्णाली प्रदेशमा नमुना छनोटमा समेटिएका उद्योगहरुमध्ये धेरैजसो उद्योगहरुको उत्पादनमा सामान्य वृद्धि भएको छ भने केही उद्योगहरुको उत्पादन घटेको देखिन्छ । जस अन्तर्गत अन्न तथा पशु दाना उत्पादन गर्ने उद्योगको उत्पादनमा ११५.३३ प्रतिशतले वृद्धि भएको छ । जसमा चामल र गँहुको पिठोको उत्पादनमा क्रमशः १८०.० र १३०.७७ प्रतिशतले वृद्धि भएको छ भने पशुदानाको उत्पादनमा ३६.३६ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, समीक्षा वर्षमा प्लाष्टिकजन्य बस्तु, दुग्ध पदार्थ र कागज तथा कागजको उत्पादन क्रमशः १६०.० प्रतिशत, १५.३८ प्रतिशत र १४.२९ प्रतिशतले वृद्धि भएको छ भने काठ तथा काठका सामन, प्रसोधित पिउने पानी र लत्ता कपडाको उत्पादनमा क्रमशः २५.० प्रतिशत, २०.७३ प्रतिशत र ६.९८ प्रतिशतले गिरावट आएको छ ।

## रेखाचित्र ४.२: औद्योगिक उत्पादन


**क) मेट्रिक टन**




*स्रोत: वीरेन्द्रनगर सुर्खेत स्थित उद्योगहरु*

अन्न तथा पशु दाना शीर्षक अर्न्तगत चामल तथा गँहुको पिठोको उत्पादन समीक्षा वर्षमा १८०.० प्रतिशत र १३०.७७ प्रतिशतले वृद्धि भई क्रमश: ७० मट्रिक टन र ३० मेट्रिक टन पुगेको छ। गत वर्ष सोही अवधिमा चामलको उत्पादनमा १०.७१ प्रतिशतले ह्रास भई २५ मेट्रिक टन कायम भएको थियो भने गँहुको पिठोको उत्पादन १८.१८ प्रतिशतले वृद्धि भई १३ मेट्रिक टन पुगेको थियो। त्यस्तैगरी, समीक्षा वर्षमा पशु दानाको उत्पादन ३६.३६ प्रतिशतले वृद्धि भई १५ मेट्रिक टन पुगेको छ भने अघिल्लो वर्ष १० प्रतिशतले वृदि भई ११ मेट्रिक टन पुगेको थियो।

**ख) हजार लिटर**




*स्रोत: वीरेन्द्रनगर सुर्खेत स्थित उद्योगहरु*

आर्थिक वर्ष २०७९/८० मा प्रोशोधित चियाको उत्पादन ४.५५ प्रतिशतले वृद्धि भई २३ मेट्रिक टन पुगेको छ। त्यस्तै, कागज तथा कागजजन्य उत्पादन १४.२९ प्रतिशतले वृद्धि भई ४० मेट्रिक टन र प्लाष्टिकका सामानको उत्पादन १६०.० प्रतिशतले वृद्धि भई १३ मेट्रिक टन पुगेको छ।


समीक्षा वर्षमा नमुना छनोटमा परेका उद्योगहरुमा प्रशोधित दुधको उत्पादन १५.३८ प्रतिशतले वृद्धि भई १५,००,००० लिटर पुगेको छ भने अघिल्लो वर्षको सोही अवधिमा यस्तो उत्पादन १८.७२ प्रतिशतले वृद्धि भई १३,००,००० लिटर

पुगेको थियो । त्यस्तै, समीक्षा वर्षमा शुद्ध पिउने पानीको उत्पादनमा २०.७३ प्रतिशतले गिरावट आई ७,६५,००० लिटर कायम भएको छ भने अघिल्लो आर्थिक वर्षमा सो उत्पादन १०.८ प्रतिशले वृद्धि भई ९,६५,००० लिटर पुगेको थियो । त्यसैगरी समिक्षा वर्षमा चिरेको काठको उत्पादन २५.० प्रतिशतले गिरावट आई १५,००० क्यू फिट पुगेको छ भने अघिल्लो वर्ष सोही अवधिमा सो उत्पादन ३३.३३ प्रतिशतले वृद्धि भई २९,००० क्यू फिट पुगेको थियो ।

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

यस प्रदेशमा आर्थिक वर्ष २०७८/७९ मा रु.३ अर्ब ६७ करोड ४७ लाख रहेको कुल औद्योगिक कर्जा समीक्षा वर्षमा ८.४७ प्रतिशतले वृद्धि भई रु.३ अर्ब ९८ करोड ६१ लाख पुगेको छ ।

**रेखाचित्र ४.३: क्षेत्रगत औद्योगिक कर्जा**
**(प्रतिशत)**




*स्रोत: नेपाल राष्ट्र बैंक*

समीक्षा वर्षमा कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी २०.८८ प्रतिशतले वृद्धि भएको छ भने खानी सम्बन्धी उद्योगमा प्रवाहित कर्जामा सबैभन्दा बढी २७.३९ प्रतिशतले ह्रास आएको छ। विद्युत, ग्यास तथा पानी सम्बन्धी उद्योगमा प्रवाह भएको कर्जा १४.३३ प्रतिशतले, गैरखाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगमा प्रवाहित कर्जा ११.० प्रतिशतले र निर्माण सम्बन्धी उद्योगमा प्रवाहित कर्जा ६.१० प्रतिशतले बढेको छ भने धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उद्योगमा प्रवाहित कर्जामा १३.०५ प्रतिशतले ह्रास आएको छ ।

समीक्षा वर्षमा कुल औद्योगिक कर्जामध्ये निर्माण सम्बन्धी क्षेत्रको अंश सबैभन्दा बढी २८.९९ प्रतिशत र खानी सम्बन्धी क्षेत्रको अंश सबैभन्दा कम १.८८ प्रतिशत रहेको छ। त्यसैगरी, गैर खाद्य वस्तु उत्पादन सम्बन्धी उद्योग, कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योग, धातुका उत्पादन मेसिनरी तथा ईलेक्ट्रोनिक्स सम्बन्धी उद्योग र विद्युत, ग्याँस तथा पानी सम्बन्धी उद्योगले कुल औद्योगिक कर्जाको क्रमशः २८.७० प्रतिशत, २८.०५ प्रतिशत, ८.६७ प्रतिशत र ३.७१ प्रतिशत हिस्सा ओगटेका छन् ।

### तालिका ४.१: जिल्लागत औद्योगिक कर्जा

(रु. दश लाख)

| जिल्ला | आ.व. २०७७/७८ (साउन-असार) | आ.व. २०७८/७९ (साउन-असार) | आ.व. २०७९/८० (साउन-असार) | गत वर्षको परिवर्तन (प्रतिशत) | समीक्षा वर्षको परिवर्तन (प्रतिशत) |
|---|---|---|---|---|---|
| डोल्पा | ८३.०३ | १६.०३ | ८.८२ | - ८०.७० | ४.४२ |
| मुगु | ११८.१७ | ५३.४० | ५८.६२ | - ५४.८१ | ९.७६ |
| हुम्ला | ८६.९३ | १०८.७९ | ८८.१६ | २५.१५ | - १८.९६ |
| जुम्ला | ४१४.२८ | २४६.९३ | २३१.७६ | - ४०.४० | - ६.१४ |
| कालीकोट | २४६.१८ | १३६.५४ | ११५.२१ | - ४४.५४ | - १५.६२ |
| दैलेख | ३७०.३३ | २४०.६९ | १९४.८७ | - ३५.०१ | - १९.०४ |
| जाजरकोट | १३४.१९ | ५९.३३ | ५५.२७ | - ५५.७९ | - ६.८५ |
| रुकुम पश्चिम | ७८८.५६ | १३७.०९ | १७५.२९ | - ८२.६१ | २७.८६ |
| सल्यान | ८२५.५७ | ३७७.९८ | ४४३.३४ | - ५४.२२ | १७.२९ |
| सुर्खेत | ४,६३०.८३ | २,२९७.९६ | २,६१४.७७ | - ५०.३८ | १३.७९ |
| **कर्णाली प्रदेश** | **७,६९८.०७** | **३,६७४.७५** | **३,९८६.१०** | **- ५२.२६** | **८.४७** |

*स्रोत: नेपाल राष्ट्र बैंक*

समीक्षा वर्षमा कर्णाली प्रदेशमा औद्योगिक कर्जाको उपयोग रुकुम पश्चिम, सल्यान, सुर्खेत, मुगु र डोल्पा जिल्लामा क्रमशः २७.८६ प्रतिशत, १७.२९ प्रतिशत, १३.७९ प्रतिशत, ९.७६ प्रतिशत र ४.४२ प्रतिशतले वृद्धि भएको छ भने बाँकी दैलेख, हुम्ला, कालिकोट, जाजरकोट र जुम्ला जिल्लामा औद्योगिक कर्जाको उपयोग क्रमशः १९.०४ प्रतिशत, १८.९६ प्रतिशत, १५.६२ प्रतिशत, ६.८५ प्रतिशत र ६.१४ प्रतिशतले घटेको देखिन्छ ।

आ.व. २०७९/८० मा सुर्खेत जिल्लामा सबैभन्दा धेरै रु.२ अर्ब ६१ करोड ४७ लाख औद्योगिक कर्जा उपयोग भएको छ भने सबैभन्दा कम रु.८८ लाख डोल्पा जिल्लाले उपयोग गरेको छ (तालिका ४.१) । औद्योगिक कर्जा घट्नुको प्रमुख कारण बैंक तथा वित्तीय संस्थाहरुमा रहेको तरलताको समस्या तथा ब्याजदरमा भएको वृद्धिलाई लिन सकिन्छ ।

## ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

### क) औद्योगिक क्षेत्रको चुनौती

- औद्योगिक क्षेत्रमा लगानीमैत्री वातावरणको सिर्जना गर्न आवश्यक पूर्वाधारको विकास गरी स्वदेशी पुँजी परिचालन र वैदेशिक लगानीलाई आकर्षण गर्नु ।
- औद्योगिक विकासको लागि कर्णाली प्रदेशको भौगोलिक विकटता बाधक बनिरहेको अवस्थामा सहज मोटरबाटो, विद्युत र सञ्चार जस्ता पूर्वाधारको विकास गरी उद्योग क्षेत्रको विस्तार गर्नु ।

- सञ्चालनमा रहेका उद्योगहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक दक्ष जनशक्ति, कच्चा पदार्थ लगायत आधुनिक प्रविधिको सुनिश्चितता गर्नु ।
- प्रदेशमा उपलब्ध हुने स्थानीय स्रोत र साधनहरुमा आधारित उद्योगहरुको विकास र प्रवर्द्धनको लागि आवश्यक औद्योगिक कर्जालाई सरलीकृत गर्नु तथा अन्य नीतिगत व्यवस्थाहरुमा सहजिकरण गर्नु ।
- प्रदेशको अर्ध-दक्ष तथा दक्ष जनशक्ति भारत तथा तेस्रो मुलुकमा वैदेशिक रोजगारीमा जाने क्रम दिनानुदिन बढ्दै गइरहेको अवस्थामा स्वदेशी उद्योगहरुमा दक्ष जनशक्तिको अभाव हुन नदिनु ।
- कर्णाली प्रदेशमा सबैभन्दा कम अर्थात ५.३ प्रतिशत मात्र उद्योगहरु सञ्चानमा रहेको अवस्थामा प्रदेशका अधिकांश पहाडी तथा उच्च हिमाली जिल्लाहरुमा जडिबुटी तथा औषधिजन्य उत्पादनमा आधारित उद्योग, दैलेख जिल्लामा पेट्रोलियम खानीजन्य उद्योग र जाजरकोट जिल्लामा ग्रेनाईटको खानीजन्य उद्योग लगायत अन्य उद्योगहरु सञ्चालन गरी प्रदेशको अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदानलाई अभिवृद्धि गर्नु ।
- प्रदेशमा सञ्चालनमा रहेका उद्योगहरुमध्ये धेरैजसो उद्योगहरु पूर्णरुपमा सञ्चालन आउन नसकेको अवस्थामा उक्त उद्योगहरुलाई पूर्णरुपमा सञ्चालन गर्ने वातावरणको सिर्जना गरी औद्योगिक उत्पादनमा वृद्धि गर्नु । साथै, सञ्चालनमा रहेका उद्योगहरुबाट उत्पादित वस्तुहरुको लागत तथा गुणस्तर व्यवस्थापन गर्दै वस्तुहरुको प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्नु ।

### ख) औद्योगिक क्षेत्रको सम्भावना

- कर्णाली प्रदेशमा मुख्य गरी उर्जामुलक, पर्यटन र खानीजन्य उद्योगहरुको प्रचुर सम्भावना भएकोले यस्ता उद्योगहरुको स्थापना, विकास र विस्तार गरी उच्च रोजगारी सिर्जना गर्नुका साथै राष्ट्रिय अर्थतन्त्रमा समेत महत्वपुर्ण योगदान पुऱ्याउने सम्भावना देखिन्छ ।
- संघ, प्रदेश तथा स्थानीय तहले प्राविधिक शिक्षाको विकास र विस्तारलाई प्रमुख प्रथामिकतामा राखी विभिन्न सिपमुलक अध्ययन अध्यापनमा जोड दिदै गईरहेकोले औद्योगिक क्षेत्रमा आवश्यक सिपयुक्त दक्ष जनशक्ति उपलब्ध हुने सम्भावना देखिन्छ ।
- कर्णाली प्रदेशमा उद्योगहरु अत्यन्तै न्यून संख्यामा रहेकोले उद्योग क्षेत्रको विकास र विस्तार गर्न पर्याप्त ठाँउ रहेको देखिन्छ । यस कारण कर्णाली प्रदेशमा औद्योगिक क्षेत्रको विकास र बिस्तार गरी दिगो तथा फराकिलो आर्थिक वृद्धि हासिल गर्न सकिने सम्भावना देखिन्छ ।
- कर्णाली प्रदेशमा घरेलु, साना तथा मझौला उद्योगहरु (SMEs) सञ्चालन गर्न आवश्यक स्रोत साधनहरुको सहज पहुँच तथा पर्याप्तता रहेकोले यस्तो उद्योगहरु सञ्चालन गरी स्थानीय उत्पादनलाई निर्यात गर्न समेत सकिने सम्भावना रहेको देखिन्छ ।
- राजनीतिक स्थायीत्व कायम हुनु, उद्योग क्षेत्रमा वैदेशिक लगानी आकर्षित हुनु, पूर्वाधार विकासमा सरकारको लगानी बढ्दै जानु, प्रदेशमै दक्ष जनशक्ति तयार हुनु र उद्यमशीलताप्रति युवाहरुको लगाव बढ्दै जानुले प्रदेशको अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदानमा बढोत्तरी हुने सम्भावना देखिन्छ ।

- कर्णाली प्रदेशमा कृषि तथा पशुपन्छीजन्य, जडिबुटीजन्य र वन पैदावारजन्य उद्योगको प्रचुर सम्भावना रहेकोले यससँग सम्बन्धित उद्योगहरुको स्थापना गरी यस प्रदेशलाई जडिबुटी तथा प्राङ्गारिक कृषि खेतीको लागि नमुना प्रदेशको रुपमा विकास गर्न सकिने सम्भावना देखिन्छ ।

# परिच्छेद ५

# सेवा क्षेत्र

## ५.१ पर्यटन

कर्णाली प्रदेशमा सञ्चालनमा रहेका होटलहरुको स्तर, लगानी तथा यसले प्रदान गर्ने सुविधाको आधारमा यस प्रदेशका १० जिल्लाहरुमध्ये डोल्पा जिल्लामा पर्यटकीय होटलहरु शे-फोक्सुण्डो जाने रुटमा रहेको र उक्त होटलहरुमा नेटवर्कको समस्याले गर्दा तथ्याङ्क संकलन गर्न असहज हुने हुँदा बाँकी नौ जिल्लामध्ये सुर्खेतबाट २ वटा र रुकुम पश्चिम, जुम्ला, मुगु, कालिकोट, हुम्ला, जाजरकोट, दैलेख तथा सल्यानबाट १/१ गरी जम्मा १० वटा पर्यटकस्तरीय होटलहरुको छनौट गरिएको छ । यी छनौटमा परेका होटलहरूबाट प्राप्त तथ्याङ्कको आधारमा समग्र कर्णाली प्रदेशको होटल तथा पर्यटन व्यवसायको अवस्था विश्लेषण गरिएको छ ।


- समीक्षा वर्षमा कर्णाली प्रदेशका होटलहरुको शैया संख्या २.६९ प्रतिशतले बढोत्तरी भई २६७ पुगेको छ । गत वर्ष होटल शैया संख्या ४.७६ प्रतिशतले घटेको थियो ।
- समीक्षा वर्षमा कर्णाली प्रदेशमा होटल व्यवसायले सिर्जना गरेको प्रत्यक्ष रोजगारीमा ४.५८ प्रतिशतले वृद्धि भएको देखिन्छ । गत आर्थिक वर्षमा सो व्यवसायले सिर्जना गरेको प्रत्यक्ष रोजगारीमा ३८.७३ प्रतिशतले वृद्धि भएको थियो ।
- आर्थिक वर्ष २०७८/७९ मा ५७.१४ प्रतिशतले वृद्धि भएको भारतीय पर्यटक आगमनको संख्यामा समीक्षा वर्षमा १४.५८ प्रतिशतले वृद्धि भएको छ ।
- आर्थिक वर्ष २०७८/७९ मा ५१.६६ प्रतिशतले बढेको चिनियाँ पर्यटक आगमनको संख्यामा आर्थिक वर्ष २०७९/८० मा ४७.१९ प्रतिशतले वृद्धि भएको छ ।
- यस प्रदेशमा समीक्षा वर्षमा तेस्रो मुलुकबाट आउने पर्यटकहरुको संख्यामा ३.१३ प्रतिशतले वृद्धि भएको देखिन्छ । गत वर्षमा यस्तो वृद्धिदर १०५.१६ प्रतिशत रहेको थियो ।
- यस प्रदेशमा पर्यटन विकासको प्रचुर सम्भावना हुँदाहुँदै पनि उचित प्रचारप्रसारको अभाव रहनुका साथै पर्यटकीय पूर्वाधारहरुको विकास हुन नसक्दा पर्यटन क्षेत्रमा आशातीत सुधार आउन सकेको छैन ।
- कोभिड-१९ बाट अत्यन्तै प्रभावित होटल तथा पर्यटन क्षेत्र आर्थिक वर्ष २०७८/७९ मा सुधार हुँदै क्रमशः आर्थिक वर्ष २०७९/८० मा पुरानै अवस्थामा पुगेको अनुमान गर्न सकिन्छ ।

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन संख्यामा ३०.५९ प्रतिशतले ह्रास आएको छ । गत वर्षमा सो संख्या २१.९० प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा घर/भवन नक्सा पास संख्या ५.२६ प्रतिशतले घटेको छ भने गत वर्षमा सो संख्या २.२६ प्रतिशतले घटेको थियो । त्यसैगरी समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन बापतको राजस्व रु.३७ करोड ३७ लाख पुगेको छ ।

अघिल्लो वर्षमा सरकारले जग्गाको वर्गीकरण गर्ने उद्देश्यले केही समय जग्गाको कित्ताकाटमा कडाई गरेको कारण घरजग्गा कारोवारमा कमी आई राजस्व संकलनमा ह्रास आएको थियो । सरकारले जग्गाको कित्ताकाटमा खुला गरेसँगै राजस्व संकलन अघिल्लो वर्ष भन्दा केही सकारात्मक देखिएको छ । आगामी दिनमा राजस्व संकलनमा अझै सुधार हुने अनुमान गर्न सकिन्छ ।

रेखाचित्र ५.१: घरजग्गा कारोवारको संख्या




*स्रोत: अध्ययन क्षेत्रका मालपोत कार्यालय तथा नगरपालिका/गाउँपालिका कार्यालयहरु*

## ५.३ वित्तीय सेवा

आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाका ४६६ शाखा रहेका छन् (तालिका ५.१) । गत आर्थिक वर्षमा यस प्रदेशमा जम्मा ४५५ वटा शाखा रहेका थिए । आर्थिक वर्ष २०७९/८० को असार मसान्तसम्म ११ शाखा बिस्तार भई शाखा संख्या ४६६ पुगेकोमा वाणिज्य बैंक (क वर्ग) का २०६ वटा, विकास बैंक (ख वर्ग) का २१ वटा, वित्त कम्पनी (ग वर्ग) का ३ वटा र लघु वित्त वित्तीय संस्था (घ वर्ग) का २३६ वटा रहेका छन् ।

### तालिका ५.१: बैंक तथा वित्तीय संस्थाको शाखा संख्या
(जिल्लागत)

| जिल्ला | क वर्ग | ख वर्ग | ग वर्ग | घ वर्ग | जम्मा |
|---|---|---|---|---|---|
| दैलेख | २४ | १ | | ३१ | ५६ |
| डोल्पा | १३ | | | ४ | १७ |
| हुम्ला | ९ | १ | | ३ | १३ |
| जाजरकोट | १३ | १ | | १८ | ३२ |
| जुम्ला | २२ | १ | | १४ | ३७ |
| कालिकोट | १६ | | | १२ | २८ |
| मुगु | ८ | | | ५ | १३ |
| रुकुम पश्चिम | २१ | २ | १ | २९ | ५३ |
| सल्यान | २६ | ५ | १ | ४५ | ७७ |
| सुर्खेत | ५४ | १० | १ | ७५ | १४० |
| **जम्मा** | **२०६** | **२१** | **३** | **२३६** | **४६६** |

*स्रोतः नेपाल राष्ट्र बैंक*

#### क) वित्तीय पहुँचको अवस्था

#### अ) शाखारहित बैंकिङ्ग


आ.व २०७९/८० को तथ्याङ्क अनुसार कर्णाली प्रदेशमा ३५ वटा शाखारहित बैंकिङ्ग सेवा रहेका छन् । यस्तो सेवा प्रवाहमा सुर्खेत जिल्ला सबैभन्दा अगाडि रहेको छ । जहाँ १२ वटा शाखारहित बैकिङ्ग सेवा रहेको देखिन्छ । दैलेखमा ८ वटा, सल्यानमा ५ वटा तथा कालिकोटमा ४ वटा शाखारहित बैंकिङ्ग सेवा रहेका छन् । त्यस्तै, हुम्ला र मुगुमा समान २/२ वटा तथा रुकुम पश्चिम र जाजरकोटमा १ वटा शाखारहित बैंकिङ्ग सेवा रहेको देखिन्छ । बाँकी दुई जिल्लाहरु डोल्पा र जुम्लामा भने यस्तो सेवा प्रवाह सुरु भएको छैन ।

#### आ) ए.टि.एम.

आ.व.२०७९/८० मा कर्णाली प्रदेशमा १०१ वटा ए.टि.एम सञ्चालनमा रहेका छन् । २०८० असार मसान्तको तथ्याङ्क अनुसार हुम्ला र मुगुमा समान २/२ वटा ए.टि.एम. रहेका छन् । कालिकोटमा ५ वटा, जाजरकोटमा ६ वटा तथा जुम्लामा १० र दैलेखमा ९ वटा ए.टि.एम. रहेका छन् । त्यस्तै, रुकुम पश्चिम, सल्यान र सुर्खेतमा क्रमशः १३ वटा, १४ वटा र ४० वटा ए.टि.एम.रहेका छन् । आवश्यक पूर्वाधारहरुको अभावले गर्दा डोल्पा जिल्लामा भने कुनै पनि बैंकको ए.टि.एम. सुविधा पुग्न सकेको छैन । कर्णाली प्रदेशका सबै जिल्ला तथा क्षेत्रमा विद्युत् आपूर्ती साथै ईन्टरनेट पहुँच पुगेको खण्डमा सम्पूर्ण स्थानीय तह तथा केन्द्रमा सहज रुपमा आवश्यकता अनुसार ए.टि.एम सुविधा विस्तार तथा ए.टि.एम.बिग्रेको अवस्थामा समयै मर्मत सम्भार गरि सेवा निरन्तर रुपमा प्रवाह गर्न सकिने देखिन्छ ।

## रेखाचित्र ५.२: एटिएम बुथ संख्या

(जिल्लागत)





*स्रोत: नेपाल राष्ट्र बैंक*

### ख) निक्षेप तथा कर्जाको स्थिति

आर्थिक वर्ष २०७९/८० को असार मसान्तमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको निक्षेप, गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ११.८९ प्रतिशतले वृद्धि भई रु.६७ अर्ब ४९ करोड ९१ लाख पुगेको छ । गत वर्षमा यस्तो निक्षेप ५.४३ प्रतिशतले वृद्धि भई रु.६० अर्ब ३२ करोड ७८ लाख पुगेको थियो । समीक्षा वर्षमा कर्णाली प्रदेशमा बढेको रेमिट्यान्स आप्रवाह, बैंकिङ्ग सेवामा आएको बिस्तार तथा सर्वसाधारणको बचत गर्ने बानीमा आएको विकासले कुल निक्षेपमा वृद्धि भएको देखिन्छ ।

## रेखाचित्र ५.३: कर्णाली प्रदेशको निक्षेप तथा कर्जाको स्थिति

(रु.दश लाख)





*स्रोत: नेपाल राष्ट्र बैंक*

समीक्षा वर्षमा कर्णाली प्रदेशमा प्रवाह भएको कुल कर्जा ५.४७ प्रतिशतले वृद्धि भई रु.५७ अर्ब ९३ करोड ६७ लाख पुगेको छ । गत वर्षमा यस्तो कर्जा ७.०१ प्रतिशतले बढेर रु.५४ अर्ब ९२ करोड ९४ लाख पुगेको थियो ।

त्यस्तै, आ.व. २०७९/८० को साउन देखि असार मसान्तमा यस प्रदेशको कर्जा तथा निक्षेप अनुपात ८५.८३ प्रतिशत रहेको छ। उक्त अनुपात गत वर्षमा ९१.०५ प्रतिशत रहेको थियो।

**रेखाचित्र ५.४: कर्णाली प्रदेशको कर्जा निक्षेप अनुपात**

**(प्रतिशत)**





*स्रोत: नेपाल राष्ट्र बैंक*

आ. व. २०७९/८० को असार मसान्तको तथ्याङ्क अनुसार कर्णाली प्रदेशमा संकलित निक्षेप तथा प्रवाहित कर्जाको विश्लेषण गर्दा सुर्खेत जिल्ला सबैभन्दा अगाडि देखिन्छ। यस जिल्लामा समीक्षा वर्षमा रु.२७ अर्ब १५ करोड २५ लाख निक्षेप संकलन भएको छ भने, सोही अवधिमा रु.३६ अर्ब ५ करोड ९७ लाख कर्जा प्रवाहित भएको छ। त्यस्तै सबैभन्दा कम निक्षेप संकलन मुगु जिल्लामा रु.२ अर्ब ३५ करोड ७० लाख भएको छ भने डोल्पा जिल्लामा सबैभन्दा कम रु.६४ करोड ८ लाख कर्जा प्रवाह भएको छ।

**रेखाचित्र ५.५: निक्षेप तथा कर्जाको जिल्लागत स्थिति**

**(रु.दश लाख)**





*स्रोत: नेपाल राष्ट्र बैंक*

## ग) अन्य वित्तीय विवरण

आर्थिक वर्ष २०७९/८० को असार मसान्तमा कर्णाली प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुद्वारा संकलित कुल निक्षेपमध्ये सबैभन्दा धेरै बचत निक्षेपको अंश ५०.४४ प्रतिशत रहेको छ। त्यसैगरी चल्ती, मुद्दती र अन्य निक्षेपले क्रमशः १८.१४ प्रतिशत, २५.६९ प्रतिशत र ५.७४ प्रतिशत हिस्सा ओगटेका छन्।

**रेखाचित्र ५.६: कुल निक्षेपको संरचना**
**(प्रतिशत)**




*स्रोत: नेपाल राष्ट्र बैंक*

समीक्षा वर्षमा यस प्रदेशमा निक्षेपकर्ताको संख्या १५.४३ प्रतिशतले वृद्धि भई १९,४९,५६८ पुगेको छ। गत वर्षमा यो संख्या २८.७७ प्रतिशतले वृद्धि भई १६,८८,९६५ पुगेको थियो। २०८० असार मसान्तसम्म ऋणीहरुको संख्यामा २.४० प्रतिशतले ह्रास आई ५१,६४७ कायम भएको छ भने गत वर्ष यो संख्या २३.०७ प्रतिशतले वृद्धि भई ५२,९१९ पुगेको थियो।

### बक्स ५.१: कर्णाली प्रदेशमा वाणिज्य बैंकका शाखा बिस्तार

देशका सम्पूर्ण ७५३ वटा स्थानीय तहमा वाणिज्य बैंकको कम्तीमा एक शाखाको उपस्थिति हुनुपर्ने नीति बमोजिम २०८० असार मसान्तसम्म कर्णाली प्रदेशका सबै ७९ स्थानीय तहहरुमा वाणिज्य बैंकको शाखा बिस्तार भएको छ ।

- २०७९ असार मसान्तको तुलनामा २०८० असार मसान्तमा थप ७ वटा शाखा बिस्तार भई कर्णाली प्रदेशमा वाणिज्य बैंकहरुको शाखा संख्या २०६ पुगेको छ । जसमध्ये सबैभन्दा धेरै शाखा सुर्खेतमा ३ वटा बिस्तार भएका छन् ।
- जुम्ला, कालिकोट, रुकुम (पश्चिम) र सल्यान जिल्लामा समान १/१ वटा वाणिज्य बैंकको शाखाहरु बिस्तार भएका छन् भने अन्य जिल्लाहरुमा वाणिज्य बैंकको शाखा बिस्तार भएका छैनन् ।
- समीक्षा बर्षमा सबैभन्दा धेरै ५४ वटा वाणिज्य बैंकको शाखा सुर्खेत जिल्लामा रहेका छन् भने सबैभन्दा कम ८ वटा शाखा मुगु जिल्लामा रहेका छन् ।
- कर्णाली प्रदेशमा रहेका वाणिज्य बैंकहरुमा २०८० असार मसान्तमा १४२० जना कर्मचारीहरुले प्रत्यक्ष रोजगारी प्राप्त गरेको देखिन्छ ।

| जिल्ला | २०७९ असार मसान्त | २०८० असार मसान्त | शाखा बिस्तार संख्या |
|---|---|---|---|
| डोल्पा | १३ | १३ | ० |
| मुगु | ८ | ८ | ० |
| हुम्ला | ९ | ९ | ० |
| जुम्ला | २१ | २२ | १ |
| कालिकोट | १५ | १६ | १ |
| दैलेख | २४ | २४ | ० |
| जाजरकोट | १३ | १३ | ० |
| रुकुम पश्चिम | २० | २१ | १ |
| सल्यान | २५ | २६ | १ |
| सुर्खेत | ५१ | ५४ | ३ |
| **जम्मा** | १९९ | २०६ | ७ |


*स्रोत: नेपाल राष्ट्र बैंक*

### घ) विपन्न वर्ग कर्जा, सहुलियतपूर्ण कर्जा

समीक्षा वर्षमा कर्णाली प्रदेशमा प्रवाह भएको विपन्नवर्ग कर्जा अघिल्लो आर्थिक वर्षको तुलनामा २.६० प्रतिशतले ह्रास आई रु.४ अर्ब ६६ करोड ३० लाख कायम भएको छ । गत वर्षमा सो कर्जा ४२.११ प्रतिशतले ह्रास आई रु.४ अर्ब ८९ करोड १ लाख कायम भएको थियो । आर्थिक वर्ष २०७९/८० को असार मसान्तमा कर्णाली प्रदेशमा रु.३ अर्ब ४५ लाख सहुलियतपूर्ण कर्जा प्रवाह भएको छ, जुन अघिल्लो आर्थिक वर्षको तुलनामा २.१९ प्रतिशतले कमी रहेको छ ।

### रेखाचित्र ५.७: सहुलियतपूर्ण कर्जा र विपन्नवर्ग कर्जाको विवरण

**(रु.दश लाख)**





*स्रोत: नेपाल राष्ट्र बैंक*

### ङ) फण्ड ट्रान्सफर

यस प्रदेशका प्रत्येक जिल्लाहरुमा एक-एक वटा गरी जम्मा १० वटा नोटकोषहरु रहेका छन् । आर्थिक वर्ष २०७९/८० को असार मसान्तसम्म यस प्रदेशका सबै नोट कोषहरुमा गरी जम्मा रु.१० अर्ब ८७ करोड ५० लाख फण्ड ट्रान्सफर भएको छ । यो गत आर्थिक वर्षमा भएको फण्ड ट्रान्सफरको तुलनामा ०.२० प्रतिशतले धेरै रहको छ । त्यसैगरी आर्थिक वर्ष २०७९/८० को असार मसान्तसम्ममा सबैभन्दा बढी सल्यान जिल्लामा रु.१ अर्ब ९५ करोड (१७.९३ प्रतिशत) र सबैभन्दा कम कालिकोट र मुगु जिल्लामा समान रु.५५ करोड (५.०६ प्रतिशत) फण्ड ट्रान्सफर भएको छ । दैलेख, सुर्खेत, जाजरकोट, डोल्पा, रुकुम पश्चिम, जुम्ला र हुम्ला जिल्लामा क्रमशः १५.१७ प्रतिशत, १३.७९ प्रतिशत, ११.७३ प्रतिशत, ९.६५ प्रतिशत, ८.२८ प्रतिशत, ७.८२ प्रतिशत, ५.५२ प्रतिशत फण्ड ट्रान्सफर भएको छ ।

### रेखाचित्र ५.८: कर्णाली प्रदेशमा फण्ड ट्रान्सफरको अवस्था

**(प्रतिशत)**





*स्रोत: नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालय*

## ५.४ यातायात तथा संचार

समीक्षा वर्षमा यस प्रदेशमा दर्ता भएका सवारी साधनको संख्यामा १३.८४ प्रतिशतले वृद्धि भई २३,००० पुगेको छ । गत वर्षमा सो संख्या ४.३५ प्रतिशतले वृद्धि भई २०,२०३ रहेको थियो ।

**रेखाचित्र ५.९: यातायातका साधनको संख्या**




*स्रोत: यातायात व्यवस्था कार्यालय, सुर्खेत*

आर्थिक वर्ष २०७९/८० को असार मसान्तमा मोटरसाईकलको संख्यामा १२.२३ प्रतिशतले वृद्धि भई १७,८८९ पुगेको छ भने अन्य सवारी साधनको संख्यामा १९.८६ प्रतिशतले वृद्धि भई ५,१११ पुगेको छ ।

समीक्षा वर्षमा यस प्रदेशमा नेपाल टेलिकमबाट वितरित टेलिफोनको संख्या १४.४० प्रतिशतले बढेको छ । नेपाल टेलिकमबाट समीक्षा वर्षमा कर्णाली प्रदेशभित्र जम्मा १,०५,४७२ टेलिफोन वितरण गरिएको छ ।

## ५.५ शिक्षा तथा स्वास्थ्य

आर्थिक वर्ष २०७९/८० को असार मसान्तसम्ममा यस प्रदेशमा सरकारी तथा निजी विद्यालयको संख्या ३,४१९, विद्यार्थी संख्या ६,११,२८५ र शिक्षक संख्या १५,९७९ रहेको छ। गत वर्षको तुलनामा सरकारी तथा सामुदायिक क्षेत्रका विद्यालयमा ५.५८ प्रतिशतले विद्यार्थी संख्या घटेको देखिन्छ भने निजी क्षेत्रका विद्यालयमा १५.१३ प्रतिशतले बढेको देखिन्छ ।

**तालिका ५.२: सरकारी तथा निजी विद्यालयमा विद्यार्थी र शिक्षक संख्याको अवस्था**


| विवरण | आ.व. २०७७/७८ (साउन-असार) | आ.व. २०७८/७९ (साउन-असार) | आ.व. २०७९/८० (साउन-असार) |
|---|---|---|---|
| विद्यालय संख्या | ३,१६१ | ३,४०९ | ३,४१९ |
| विद्यार्थी संख्या | ५,७९,३७४ | ६,२६,१५८ | ६,११,२८५ |
| शिक्षक संख्या | १४,६४५ | १४,९४४ | १५,९७९ |

*स्रोत: शिक्षा सेवा निर्देशनालय र जिल्लास्थित शिक्षा सेवा कार्यालयहरु*

समीक्षा वर्षमा यस प्रदेशमा प्राविधिक शिक्षालयको संख्या, शिक्षकहरुको संख्या र विद्यार्थीको संख्या क्रमशः ११०, ८१५, ३,१७३ रहेको देखिन्छ । आर्थिक वर्ष २०७८/७९ मा प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थीहरुको संख्या २,९३९ रहेको थियो ।

समीक्षा वर्षमा यस प्रदेशमा रहेका सरकारी/सामुदायिक अस्पतालको संख्या र ती अस्पतालहरुमा रहेका शैयाहरुको संख्यामा क्रमशः १२.५० प्रतिशत र २.९६ प्रतिशतले वृद्धि भएको छ। त्यस्तै चिकित्सक हरुको संख्यामा १३.८८ प्रतिशतले वृद्धि भएको देखिन्छ । आर्थिक वर्ष २०७८/७९ को असार मसान्तमा चिकित्सकको संख्यामा २.०० प्रतिशतले ह्रास आएको थियो । समीक्षा वर्षमा यस प्रदेशमा जम्मा २७ वटा सरकारी/सामुदायिक अस्पताल र १,२५४ वटा शैयाहरु रहेका छन् ।

**रेखाचित्र ५.१०: सरकारी/सामुदायिक अस्पतालको संख्या**
**(जिल्लागत)**




*स्रोतः स्वास्थ्य सेवा निर्देशनालय र जिल्लास्थित स्वास्थ्य सेवा कार्यालयहरु*

यस प्रदेशका १० जिल्लाहरुमध्ये कालिकोट र रुकुम पश्चिममा समान ६, सुर्खेतमा ४ वटा सरकारी/सामुदायिक अस्पताल रहेका छन् । मुगु, जाजरकोट, सल्यान र दैलेखमा समान २/२ वटा र बाँकी डोल्पा, हुम्ला र जुम्ला जिल्लामा १/१ वटा सरकारी/सामुदायिक अस्पतालहरु सञ्चालनमा रहेका छन् ।


समीक्षा वर्षमा यस प्रदेशमा निजी अस्पतालको संख्या २० रहेको छ । सुर्खेतमा १०, सल्यानमा ७ र रुकुम पश्चिममा ३ निजी अस्पताल रहेका छन् भने प्रदेशका अन्य बाँकी ७ जिल्लामा कुनैपनि निजी अस्पताल सञ्चालनमा छैनन् ।

## ५.६ सेवा क्षेत्र कर्जा

समीक्षा वर्षमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुद्वारा प्रवाहित कुल कर्जामध्ये सबैभन्दा धेरै ८३.६४ प्रतिशत कर्जा सेवा क्षेत्रमा प्रवाह भएको छ । समिक्षा वर्षमा, सेवा क्षेत्रमा प्रवाहित कर्जा ४.६५ प्रतिशतले वृद्धि भई रु.४८ अर्ब ४५ करोड ५८ लाख पुगेको छ भने गत वर्षमा यस्तो कर्जा १६.९३ प्रतिशतले वृद्धि भई रु.४६ अर्ब ३० करोड ७ लाख पुगेको थियो ।

### रेखाचित्र ५.११: कर्णाली प्रदेशमा प्रवाहित सेवा क्षेत्र कर्जा

(रु. दश लाख)





*स्रोत: नेपाल राष्ट्र बैंक*

समीक्षा वर्षमा कर्णाली प्रदेशमा प्रवाह भएको सेवा क्षेत्र कर्जामध्ये सबैभन्दा धेरै सुर्खेत जिल्लामा रु.३० अर्ब ९५ करोड ६८ लाख (६३.८९ प्रतिशत) छ भने सबैभन्दा कम हुम्ला जिल्लामा रु.४१ करोड ८२ लाख (०.८६ प्रतिशत) प्रवाह भएको छ ।

समीक्षा वर्षमा सेवा क्षेत्रमा प्रवाहित कर्जामध्ये सबैभन्दा धेरै कर्जा थोक तथा खुद्रा विक्रेतातर्फ प्रवाहित भएको छ । २०८० असार मसान्तमा यस्तो कर्जा ६.४८ प्रतिशतले वृद्धि भई रु.१९ अर्ब ५३ करोड २९ लाख पुगेको छ भने यस्तो कर्जाको हिस्सा सेवा क्षेत्रमा प्रवाहित कुल कर्जाको ४०.३१ प्रतिशत रहेको छ। सेवा क्षेत्रमा प्रवाहित कर्जामध्ये सबैभन्दा कम रु.५ करोड ६ लाख  वित्त, बिमा तथा अचल सम्पत्ति शीर्षकमा प्रवाह भएको छ ।

### रेखाचित्र ५.१२: क्षेत्रगत सेवा कर्जा

(रु. दश लाख)




*स्रोत: नेपाल राष्ट्र बैंक*


## ५.७ सहकारी क्षेत्र

कर्णाली प्रदेशका बचत तथा ऋण सहकारी संस्थाहरुको पुँजी, बचत, ऋण, सदस्य संख्या र ती संस्थाबाट सिर्जित रोजगारी संख्याको अवस्था विश्लेषण गर्न सुर्खेतबाट ३, रुकुम पश्चिमबाट ३, दैलेखबाट २, जुम्ला र कालिकोटबाट १/१ गरी जम्मा १० वटा सहकारी संस्थाहरुको नमुना छनौट गरी सोही नमुनाका आधारमा यस प्रदेशको समग्र सहकारी क्षेत्रको विश्लेषणात्मक अध्ययन प्रस्तुत गरिएको छ ।

समीक्षा वर्षमा कर्णाली प्रदेशमा सहकारी संस्थाहरुको कुल पुँजी ८.५४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्षमा यस्तो पुँजी ८६.५४ प्रतिशतले वृद्धि भएको थियो । त्यस्तै, आर्थिक वर्ष २०७८/७९ को  असार मसान्तमा सहकारी संस्थाहरुको कुल बचत १३.७६ प्रतिशतले बृद्धि भएकोमा आर्थिक वर्ष २०७९/८० को असार मसान्तमा ५.५९ प्रतिशतले वृद्धि भई रु.२ अर्ब ७१ करोड २७ लाख पुगेको छ ।

**रेखाचित्र ५.१३: बचत तथा ऋण सहकारी संस्थाको अवस्था**

**(रु. दश लाख)**




*स्रोत: नमुना छनौटमा परेका सहकारी संस्थाहरु*

समीक्षा वर्षमा कर्णाली प्रदेशमा सहकारी संस्थाहरुको कुल ऋण प्रवाह २.१० प्रतिशतले ह्रास आई रु.३ अर्ब ५० करोड ८ लाख कायम भएको छ । गत वर्ष त्यस्तो ऋण प्रवाह १७.५३ प्रतिशतले वृद्धि भएको थियो । सहकारी संस्थामा आबद्ध सदस्य संख्यामा पनि समीक्षा वर्षमा वृद्धि भएको देखिन्छ । गत वर्ष ८.३३ प्रतिशतले बढेको सदस्य संख्या समीक्षा वर्षमा ५.८८ प्रतिशतले वृद्धि भई ९५,६४४ पुगेको छ ।

समीक्षा वर्षमा सहकारी संस्थाले सिर्जना गरेको रोजगारीमा १.२४ प्रतिशतले ह्रास आई ३१९ कायम भएको छ । त्यस्तै, गत वर्ष ५.० प्रतिशतले बढेको सहकारी संस्थाको शाखा संख्या समीक्षा वर्षमा ११.९० प्रतिशतले वृद्धि भई ४७ पुगेको छ । कर्णाली प्रदेशमा सहकारी संस्थाहरुले वाणिज्य बैंक, राष्ट्रिय सहकारी बैंक, थोक कर्जा प्रवाह गर्ने लघुवित्त वित्तीय संस्थाहरुबाट बाह्य ऋणको प्रयोग गर्ने गरेकोले कुल पुँजी र कुल बचतको तुलनामा अधिक मात्रामा कर्जा प्रवाह भएको देखिन्छ ।

## ५.८ सेवा क्षेत्रको चुनौती र सम्भावना

### क) सेवा क्षेत्रको चुनौती

- भौगोलिक विकटताका बावजुद यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य, सडक, विद्युत लगायतका पूर्वाधारहरुको तिब्र विकास गर्नु ।
- पर्यटन व्यवसायको प्रचुर सम्भावना बोकेको यस प्रदेशमा सहज रुपमा हवाई तथा सडक यातायात लगायतका पर्यटन पूर्वाधारहरुको विकास र बिस्तार मार्फत आन्तरिक तथा वाह्य पर्यटकहरुलाई आकर्षण गर्नु ।
- अन्य प्रदेशको तुलनामा वित्तीय पहुँच न्यून भएको यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति बिस्तार गरी वित्तीय साक्षरता र वित्तीय समावेशीकरण अभिवृद्धि गर्दै वित्तीय क्षेत्रको योगदान बढाउनु ।
- पर्याप्त स्वास्थ्य पूर्वाधारहरुको अभाव र दक्ष स्वास्थ्यकर्मीहरुको न्यून उपलब्धताका बीच गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु ।
- पर्यटकस्तरीय होटल तथा होमस्टे व्यवसायको विकास गर्दै पर्यटन क्षेत्रका लागि आवश्यक दक्ष जनशक्तिको विकास मार्फत पर्यटन क्षेत्रको योगदान बढाउँदै जानु ।
- प्रदेशको भौगोलिक विकटताका कारण आवश्यक शिक्षण संस्थाहरु र तालिम प्राप्त अनुभवि शिक्षकहरुको अभाव रहेकोले आवश्यक शिक्षण संस्थाहरुको स्थापना तथा अनुभवि शिक्षकहरुलाई विभिन्न प्रोत्साहन मार्फत आकर्षण गरी गुणस्तरीय शिक्षा प्रदान गर्नु ।
- घर/भवन स्थायी नक्सा पास प्रक्रियालाई सरलीकरण गरि सरकारको राजस्व वृद्धि गर्नु ।

### ख) सेवा क्षेत्रको सम्भावना

- यस प्रदेशमा रारा, शे-फोक्सुण्डो, कुपिण्डे, स्यार्पु, पचाल झरना, बुलबुले ताल, काँक्रेविहार, सिँजा सभ्यता र पञ्चकोशी लगायतका प्राकृतिक, सांस्कृतिक तथा धार्मीक महत्व बोकेका पर्यटकीय क्षेत्रहरु रहेकोले पर्यटन पूर्वाधारहरुको विकास र बिस्तार गरी आन्तरिक तथा वाह्य पर्यटकलाई आकर्षण गर्न सकिने उच्च सम्भावना रहेको ।
- यस प्रदेशको हिमाली तथा उच्च पहाडी जिल्लाहरुमा इन्टरनेटको न्यून पहुँच भएको अवस्थामा इन्टरनेटको बिस्तारको उच्च सम्भावना रहेको छ । त्यस्तै, सुर्खेत विमानस्थललाई स्तरोन्नती गरी प्रदेश अन्तर्गतका जिल्लाहरु डोल्पा, मुगु, हुम्ला, जुम्ला तथा रुकुम पश्चिममा यात्रुवाहक हवाई सेवा नियमितरुपमा सञ्चालन गर्न सकेमा यस क्षेत्रमा रहेका पर्यटकीय क्षेत्रको प्रचार-प्रसार भई आय तथा रोजगारी बढ्ने सम्भावना रहेको ।

- बैंक तथा वित्तीय संस्थाहरुमा सर्वसाधारणको पहुँच र वित्तीय साक्षरतामा आएको सुधारले घरेलु, साना तथा मझौला उद्योगहरुको विकास हुने क्रम बढ्दो रहेकोले सो क्षेत्रमा कर्जा बिस्तारको सम्भावना उच्च रहेको ।

# परिच्छेद ६
# पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

### ६.१.१ पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना

पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना कार्यालय, दैलेखबाट प्राप्त विवरण अनुसार, यस योजना कार्यालय अन्तर्गत रुकुम पुर्व, रुकुम पश्चिम, जाजरकोट, दैलेख र अछाम गरि ५ वटा जिल्लाहरु कार्यक्षेत्रको रुपमा रहेको छ। कार्यक्षेत्र भित्रको कुल लम्बाई ४४० कि.मि रहेको छ। कर्णाली प्रदेशका ३ जिल्लाहरु रुकुम पश्चिम, जाजरकोट र दैलेखलाई समेटेको यस सडक मार्गको करिब २३० कि.मि. सडक खण्ड यस प्रदेश भित्र पर्दछ जसमा मुसिकोट-चौरजहारी ४३ कि.मि., चौरजहारी-दैलेख १०३ कि.मि., दैलेख-दुल्लु-लैनचौर ३९ कि.मि. र लैनचौर-सात्तला-साईखोला ४५ कि.मि. सडक खण्ड रहेको छ।

आयोजनाको प्रमुख कार्यहरुमा सडक स्तरोन्नती तथा पुल निर्माण कार्य पर्दछ। आ.व. २०७९/८० सम्म सम्पन्न भएका प्रमुख क्रियाकालपहरुमा ३७० कि.मि. सडक कालोपत्रे गरेको, निर्माणाधीन थलह खोला पुल (जाजरकोट), रुम खोला पुल, कुम्री खोला पुल र पाउडे खोला पुल (दैलेख) सम्पन्न भएको छ। त्यसैगरी, हलसम्मको भौतिक प्रगति ८५.० प्रतिशत तथा वित्तीय प्रगति ९५.५५ प्रतिशत रहेको छ। सडक विस्तारको क्रममा सडकमा पर्न जाने घर/टहराको क्षतिपुर्ति तथा जग्गाहरुको मुआब्जा सम्बन्धी विवाद प्रमुख समस्याको रुपमा देखापरेकोमा विभिन्न घर धनी तथा जग्गाधनीहरुसँग समन्वय गरी विवाद टुङ्ग्याउने प्रयास गरी निर्माण कार्य अगाडी बढाईएको छ। समग्रमा, यस आयोजना हाल प्रस्तावित कार्यतालिका अनुसार आ.व २०८४/८५ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ।

यस आयोजना कार्यालयको आ.व. २०७५/७६ देखि आ.व. २०७९/८० सम्म कुल बजेट र खर्च रकम क्रमश: रु.९ अर्ब ६४ करोड २० लाख र रु.९ अर्ब २१ करोड ३४ लाख रहेको छ।

### ६.१.२ कर्णाली कोरिडोर सडक

योजना कार्यालयको नाम हिल्सा-सिमिकोट सडक योजान (कर्णाली कोरिडोर) स्थापना २०६९ सालमा भई योजना सुरु भएको हो। योजना कार्यालयको कार्यक्षेत्र कालिकोट जिल्लाको कर्णाली राजमार्ग अन्तर्गतको खुलालु देखी सिमकोट हुँदै हिल्सा सम्म रहेको छ जसको लम्बाई २६८.६५ कि.मि. रहेको छ जसमध्ये २६३.५ कि.मि.ट्रयाक निर्माण भईसकेको छ र बाँकी २.५ कि.मि. ट्रयाक निर्माण गर्ने काम नेपाली सेनाबाट भइरहेको छ। सडक रेखाङ्कनले छोएका जिल्लाहरु कालिकोट, बाजुरा र हुम्ला पर्दछन्। योजनाको कुल लागत रु.६ अर्ब ६६ करोड १९ लाख रहेको छ। योजनाको हालसम्मको भौतिक प्रगति २४.० प्रतिशत र वित्तीय प्रगति २०.४१ प्रतिशत रहेको छ।

कालिकोट जिल्लाको खुलालु देखि सिमिकोट हुँदै हिल्सा सम्म पक्की (२६८.६५ कि.मि.) सडक निर्माण गरी कालिकोट, बाजुरा र हुम्ला जिल्लालाई सडक संजालमा जोड्ने साथै उक्त क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य जस्ता आधारभूत

आवश्यकता परिपूर्तिको लागि पहुँच अभिवृद्धि हुने, पर्यटन प्रवर्द्धन हुने, स्थानीय कृषि तथा जडिबुटी उत्पादन बजारसम्म पुऱ्याउन सहज हुने साथै जनताको जीवनस्तर सुधार हुने यस आयोजनाको लक्ष्य रहेको छ ।

### ६.१.३ मदन भण्डारी राजमार्ग आयोजना

मदन भण्डारी आयोजना कार्यालय, सुर्खेतका अनुसार, यस आयोजना कार्यालयको कार्यक्षेत्र भित्रको सडक खण्ड सातदोवाटो देखि रुपाल सम्म रहेको छ । कार्यक्षेत्र भित्र पर्ने जिल्लाहरु क्रमशः रोल्पा, सल्यान, सुर्खेत, डोटी, कैलाली र डडेलधुरा पर्दछ भने जसअन्तर्गत कुल लम्बाई ५५२ कि.मि. रहेको छ जसमध्ये योजनाले हेर्ने कुल सडक लम्बाई २८० कि.मि.रहेको छ । यस आयोजनाले हालसम्म जम्मा ५ कि.मि मात्र सडक विस्तार गरेको छ । आयोजनाले बनाउनु पर्ने पुल संख्या ३२ रहेकोमा हाल सम्म कुनै प्रगति भएको छैन ।

आयोजना कार्यालय स्थापना पश्चात कार्य क्षेत्रभित्रको सडक खण्ड बोटेचौर देखि विजौरा सम्म ६४ कि.मि. ठेक्का सम्झौता गरेकोमा वीरेन्द्रनगर देखि पूर्वतर्फको खण्ड ४२ कि.मि. र पश्चिम तर्फको खण्ड २२ कि.मि. रहेको छ । आ.व. २०७९/८० मा आयोजना कार्यालयको बजेट रु.४ अर्ब ९५ करोड ६७ लाख रहेकोमा वित्तीय प्रगति २५ प्रतिशत रहेको छ भने कुल भौतिक प्रगति ३० प्रतिशत रहेको छ ।

### ६.१.४ नलस्यागाड (नलगाड) जलाशययुक्त जलविद्युत आयोजना

नलस्यागाड (नलगाड) जलाशययुक्त जलविद्युत (४१७ मे.वा) आयोजना नेपालको कर्णाली प्रदेश अन्तर्गत जाजरकोट जिल्ला स्थित नलगाड नदीमा अवस्थित छ । यस आयोजनाको निर्माण तथा सञ्चालक नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड हो जुन विद्युत उत्पादन कम्पनी लिमिटेडको सहायक कम्पनीको रुपमा सन् २०१७ मा स्थापित भएको थियो । हाल यस आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन पेश गरिने चरणमा छ । प्रस्तावित आयोजनाले नलगाड नगरपालिकाको वडा नम्बर २, ५, ७, ८, र बारेकोट गाउँपालिकाको वडा नम्बर १, २, ५, ६, ७, ८ र ९ लाई प्रभाव पार्नेछ । यस आयोजना निर्माण सम्पन्न हुन ७ बर्ष ५ महिना लाग्ने अनुमान गरिएको छ भने आयोजनाको अधिकृत पूँजी रु १ अर्ब र जारी पूँजी रु ५० करोड रहेको छ ।

यस आयोजनाले निर्माण चरणको अवस्थामा स्थानीय स्तरमा रोजगारीका अवसरहरुको सिर्जना, स्थानीय बासिन्दाहरुको दक्षता तथा क्षमतामा वृद्धि, स्थानीय स्तरमा उत्पादन हुने सामानहरुको लागि बजार/व्यवसायहरुको अवसर सिर्जना तथा राजस्वमा वृद्धि हुने अनुमान गरेको छ भने संचालन चरणमा उर्जाको उत्पादन, ग्रामीण विद्युतिकरणका अवसरहरु, ग्रामीण अर्थतन्त्रमा सुधार, स्थानीय पर्यटन विकासका अवसरहरु तथा शेयर लगानीमा अवसर हुनेछ ।

### ६.१.५ विद्युत

कर्णाली प्रदेश क्षेत्रफलको हिसाबले अन्य प्रदेशभन्दा ठूलो तथा भौगोलिक रुपमा विकट भएकोले यहाँका हरेक घर तथा वस्तीमा बिजुलीको सुविधा पुर्याउनु आफैमा चुनौतीपूर्ण रहेको छ । नेपाल विद्युत प्राधिकरणको जेनेरेशन म्यागाजिन १५ औ अंक आ. व. २०७९/८० अनुसार गत वर्ष ३३ के.भि.को विद्युत प्रसारण लाईन ३८६ कि.मि.रहेकोमा समीक्षा वर्षमा ४६८ कि.मि. पुगेको छ भने ११ के.भि.को विद्युत प्रसारण लाईन गत वर्ष २,३८७ कि.मि.रहेकोमा समीक्षा वर्षमा वृद्धि भई ३,०७४ कि.मि. पुगेको छ ।

त्यसैगरी एल.भि.को विद्युत प्रसारण लाईन गत वर्ष ५,१४० कि.मि.थियो भने समीक्षा वर्षमा वृद्धि भई ७,२३८ कि.मि पुगेको छ । समग्रमा समीक्षा वर्षमा विद्युत प्रसारण लाईन १०,७८० कि.मि.पुगेको छ भने गत वर्ष यस्तो प्रसारण लाईन ७,९१३ कि.मि.रहेको थियो । गत वर्ष यस प्रदेशको कुल सबस्टेशन क्षमता ४९.५ एम.भि.ए रहेकोमा समीक्षा वर्षमा वृद्धि भई ५४.५ एम.भि.ए पुगेको छ । आ.व. २०७९/८० सम्ममा यस प्रदेशमा १८.५४ मे.वा. बिद्युत उत्पादन भएको छ (तालिका ६.१) ।

### तालिका ६.१: कुल विद्युत उत्पादन

(मेगावाट)

| क्र.स. | आयोजनाको नाम | जिल्ला | आयोजनाको क्षमता (मेगावाट) | कैफियत |
|---|---|---|---|---|
| १. | कालीकोट जल विद्युत आयोजना | कालीकोट | ०.५ | नेपाल विद्युत प्राधिकरण |
| २. | हिल्दुङ जल विद्युत आयोजना | हुम्ला | ०.५ | नेपाल विद्युत प्राधिकरण |
| ३. | जुम्ला जल विद्युत आयोजना | जुम्ला | ०.२ | नेपाल विद्युत प्राधिकरण |
| ४. | स्यापरुदह जल विद्युत आयोजना | रुकुम पश्चिम | ०.२ | नेपाल विद्युत प्राधिकरण |
| ५. | डोल्पा जल विद्युत आयोजना | डोल्पा | ०.२ | नेपाल विद्युत प्राधिकरण |
| ६. | गमगढी जल विद्युत आयोजना | मुगु | ०.४ | नेपाल विद्युत प्राधिकरण |
| ७. | पदम खोला जलविद्युत आयोजना | दैलेख | ४.८ | दोल्ती पावर कम्पनी प्रा.लि. |
| ८. | द्वारी खोला जलविद्युत आयोजना | दैलेख | ३.७५ | भुगोल ईनर्जी डेभलपमेन्ट कम्पनी प्रा.लि. |
| ९. | गिरी खोला जलविद्युत आयोजना | जुम्ला | ०.२ | गिरीखोला जाल्पादेवी ग्रामीण विद्युत सहकारी लिमिटेड |
| १०. | लघु जलविद्युत आयोजना (२१५ वटा) | कर्णाली प्रदेश | ६.५३ | बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, जलश्रोत तथा ऊर्जा विकास मन्त्रालय, नेदरल्याण्ड विकास नियोग, कादुरी नेपाल |
| ११. | सौर्य मिनी ग्रीड आयोजना (१८ वटा) | कर्णाली प्रदेश | १.२६ | बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, जलश्रोत तथा ऊर्जा विकास मन्त्रालय, ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना |
| **कुल विद्युत उत्पादन** | | | **१८.५४** | |

*स्रोतः जलश्रोत तथा उर्जा विकास मन्त्रालय, कर्णाली प्रदेश तथा नेपाल विद्युत प्राधिकरण*

यस प्रदेशमा हालसम्म कुनैपनि ठूला जलविद्युत आयोजनाहरु सञ्चालनमा नरहेतापनि दैलेख जिल्लामा हाल २.१५ मेगावाट क्षमताको माथिल्लो पराजुली खोला, ४.२ मेगावाट क्षमताको लोहोरे खोला आयोजना निर्माणाधीन अवस्थामा रहेका छन् । त्यस्तै कालिकोट जिल्लामा १६ मेगावाट क्षमताको रुरुबन्चु खोला (पहिलो), १२ मेगावाट क्षमताको रुरुबन्चु खोला (दोश्रो), ४४० मेगावाट क्षमतको तिला (पहिलो), ४२० मेगावाट क्षमतको तिला (दोश्रो) जलविद्युत आयोजनाको निर्माण कार्य भईरहेको छ ।

त्यसैगरी, खत्याड खोला जलविद्युत आयोजना (०.५० मे.वा.) मुगु, सिमरुतु खोला जलविद्युत आयोजना (०.२० मे.वा.) रुकुम पश्चिम, सानी भेरी जलविद्युत आयोजना (०.३० मे.वा.) रुकुम पश्चिम, आँखे खोला जलविद्युत आयोजना (०.७५ मे.वा.) डोल्पा, चुकेनी खोला जलविद्युत आयोजना (०.९९ मे.वा.) जुम्ला, जल्दी गाड जलविद्युत आयोजना (२१ मे.वा.) रुकुम पश्चिम, स्यार्पु जलविद्युत आयोजना (३.३ मे.वा.) रुकुम पश्चिम, सौर्य ऊर्जा आयोजना (०.९९ मे.वा.) जुम्ला, सौर्य ऊर्जा आयोजना (०.३० मे.वा.) मुगु, सौर्य ऊर्जा आयोजना (०.६२ मे.वा.) डोल्पा, र सौर्य ऊर्जा आयोजना (१ मे.वा.) हुम्लामा गरी जम्मा १७ ओटा आयोजनाहरु निर्माणाधिन अवस्थामा रहेका छन् ।

आ.व. २०७९/८० सम्ममा यस प्रदेशमा आयोजना निर्माण अनुमतीको लागि ९ ओटा आयोजनाहरुको निवेदन परेका छन् भने आयोजना अध्ययनको लागि ६ ओटा आयोजनाहरुको निवेदन परेका छन् ।

**बक्स ६.१: कर्णाली प्रदेशका महत्वपूर्ण जलविद्युत आयोजनाहरु**

**माथिल्लो कर्णाली जलविद्युत आयोजना**

माथिल्लो कर्णाली जलविद्युत आयोजना कर्णाली नदीमा प्रस्तावित रन अफ द रिभर जलविद्युत आयोजना हो । यो आयोजना दैलेख जिल्लाको आठबीस नगरपालिका वडा नं. १ सात्तलाको डाब र अछाम जिल्लाको केहि भाग समेत पर्दछ । यो आयोजनाको विद्युत उत्पादन क्षमता ९०० मेगावाट रहेको छ । यो आयोजना निर्माण गर्ने जिम्मा नेपाल सरकारले भारतिय कम्पनी जिएमआर लाई दिएको छ। यस आयोजनाबाट उत्पादन हुने अधिकांश बिजुली बंगलादेश (५०० मेगावाट) र भारत (२९२ मेगावाट) दुवैतर्फ ४०० केभी डबल सर्किट प्रसारण लाइनमार्फत निर्यात गर्ने तय गरिएको छ बाँकी रहेको कुल विद्युतको १०८ मेगावाट नेपाल सरकारले प्राप्त गर्ने छ ।

१९९० मा पहिलो पटक सानो स्केल २४० मेगावाट सुविधाको रूपमा योजना गरिएकोमा हालको ९०० मेगावाट डिजाइन २००८ मा स्वीकृत भएको थियो । लामो समय देखि यो आयोजनाको कार्य गर्ने भनिएपनि उत्पादनको जिम्मा पाएको कम्पनीले कार्य गर्न नसकी पटकपटक म्याद थपिदै आएको छ । नेपालको ठुलो आयोजना मध्येको यस आयोजना समयमै सम्पन्न भएका देशमा आवश्यक विद्युतको परिपूर्ति हुनुको साथै ठुलो मात्रामा विद्युत निर्यातको सम्भावना रहेको छ । भारत र बंगलादेशमा विद्युत आपूर्ति हुने निर्यातमुखी आयोजना भएकोले समयममै विद्युत उत्पादन गर्न सके यसले नेपालको विकासको लागि बहुआयामिक महत्व राख्दछ ।

**बेतन कर्णाली जलविद्युत आयोजना**

४३९ मेगावाट विद्युत क्षमताको बेतन कर्णाली अर्ध जलाशययुक्त जलविद्युत आयोजना हो । जुन कर्णाली प्रदेश सर्खेत जिल्लाको चौकुने गाउँपालिका वडा न.४, ५, ६ र पञ्चपुरी नगरपालिका वडा न. ७ साथै सुदूरपश्चिम प्रदेशको अछाम जिल्लाको ढकारी गाउँपालिको वडा नं. ६, ७ र तुर्माखाद गाउँपालिकाका वडा न. ३, ४ र ५ को क्षेत्र भित्र अवस्थित छ ।

जलविद्युतको उत्पादन वृद्धि गरी उर्जाको निरन्तर बढ्दो माग पुरा गर्न र विदेशबाट आयात गरिने विद्युतलाई प्रतिस्थापन गर्न यस्ता आयोजनाको प्रमुख भुमिका हुने देखिन्छ । साथै रोजगारी सिर्जना हुन गई स्थानीय जनताहरु लाभान्वित हुने देखिन्छ। यो आयोजना निर्माण भई सञ्चालनमा आएमा विद्युतको आन्तरिक माग परिपूर्ति गर्नुको साथै बाँकी बिजुली छिमेकी देशहरुमा बिक्रि गरी आर्थिक लाभ लिन सकिने हुँदा यस आयोजनाको सञ्चालनबाट समष्टिगत रुपमा समग्र देशको आर्थिक उन्नतिमा टेवा पुग्ने देखिन्छ ।

**फुकोट कर्णाली जलविद्युत आयोजना**

प्रधानमन्त्रीको भारत भ्रमणमा फुकोट कर्णाली अर्धजलाशययुक्त जलविद्युत आयोजना भारतीय सरकारी कम्पनीले लगानी गर्ने सम्झौता भएको छ। यस आयोजनाको विद्युत उत्पादन क्षमता ४८० मेगावाट रहेको छ ।

नेपालको तर्फबाट विद्युत उत्पादन कम्पनी लिमिटेड र भारतको सरकारी कम्पनी एनएचपीसीको संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) बनाएर यस आयोजनाको विकास गर्ने गरी सम्झौता भएको छ ।

एमओयूको मस्यौदाअनुसार एनएचपीसीको ५१ र भीयूसीएलको ४९ प्रतिशत लगानीमा फुकोट कर्णाली आयोजना बनाउने तयारी छ ।

यो आयोजना कालिकोटको पचाल झरना गाउँपालिका, रास्कोट नगरपालिका, सान्नी त्रिवेणी गाउँपालिका र खाँडाचक्र नगरपालिका हुँदै बग्ने कर्णाली नदीको खण्डमा निर्माण हुनेछ ।

जलविद्युतको राष्ट्रिय उत्पादन वृद्धि गरी उर्जाको निरन्तर बढ्दो माग पुरा गर्न र विदेशबाट आयात गरिने विद्युतलाई प्रतिस्थापन गर्न यस्ता आयोजनाको प्रमुख भुमिका हुने देखिन्छ । साथै रोजगारी सिर्जना हुन गई स्थानीय जनताहरु लाभान्वित हुने छन् । यो आयोजना निर्माण भई सञ्चालन भएमा विद्युतको आन्तरिक माग परिपूर्ति गर्नुको साथै बाँकी बिजुली छिमेकी देशहरुमा बिक्रि गरी आर्थिक लाभ लिन सकिने हुँदा यस आयोजनाको सञ्चालनबाट समष्टिगत रुपमा समग्र देशको आर्थिक उन्नतिमा टेवा पुग्ने देखिन्छ ।

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### क) पूर्वाधार क्षेत्रको चुनौती

- यस प्रदेशमा सिँचाईमा नयाँ प्रविधिको प्रयोग गर्नु, ठुला सिँचाई आयोजना संचालन गर्नका लागि आवश्यक लगानी जुटाउनु ।
- संघ, प्रदेश र स्थानीय तहबीच आपसी समन्वय गरी सडक मार्ग बिस्तार, जलविद्युत उत्पादन तथा प्रसारण र विमानस्थल लगायतका पूर्वाधारको विकास गर्नु ।
- यस प्रदेशका सबै जिल्लाहरुमा प्रदेश राजधानी सुर्खेतबाट सहज, सुलभ तथा स्तरीय सडक र हवाई सञ्जालको विकास गर्नु ।
- यस प्रदेशमा रहेका जलाधारहरुको अधिकतम उपयोग गरी विद्युत उत्पादन, प्रसारण तथा वितरण कार्य अगाडि बढाउनु ।

- भौगोलिक रुपमा अति विकट यस प्रदेशमा प्राकृतिक प्रकोपको कारण (बाढी, पहिरो) पूर्वाधार निर्माण कार्य ढिलाई हुनुको साथै अनुमानित लागतको तुलनामा यथार्थ खर्च उल्लेख्य रुपमा बढी हुनु ।

## ख) पूर्वाधार क्षेत्रको सम्भावना

- यस प्रदेशमा कर्णाली, भेरी लगायतका ठूला नदीहरु रहेकाले प्रचुर मात्रामा जलविद्युत उत्पादनका साथै सिँचाई सुविधाको बिस्तार गर्न सकिने सम्भावना उच्च रहेको ।
- कठिन भू-बनोटले सडक बिस्तारको सम्भावना कम भएका क्षेत्रमा सुरुङ्ग मार्ग, केबलकारको प्रयोगको सम्भावना रहेको ।
- यस प्रदेशमा प्राकृतिक सुन्दरताले भरिपूर्ण भौगोलिक बनावट तथा रारा, शे-फोक्सुण्डो लगायतका अनुपम प्राकृतिक सम्पदा रहेकोले आन्तरिक तथा वाह्य पर्यटक भित्र्याउन सकिने सम्भावना उच्च रहेको ।
- कर्णाली तथा भेरी जस्ता ठूला नदी रहेको यस प्रदेशमा जलयातायातको सम्भावना रहेको ।
- प्रदेशभित्र बनपैदावर तथा जडिबुटीजन्य वस्तुहरुको उत्पादनको प्रचूर सम्भावना भएकोले त्यस्ता वस्तुहरुलाई प्रशोधन गरी औषधिजन्य वस्तुको रुपमा उत्पादन तथा बिक्री वितरण गर्न सकिने अवसर रहेको ।
- यस प्रदेशको मेरुदण्डको रुपमा रहेका सुर्खेतको छिन्चुदेखि उपल्लो डोल्पा जाने भेरी करिडोर, वीरेन्द्रनगरबाट हुम्लाको हिल्सासम्मको कर्णाली करिडोर र कर्णाली राजमार्ग अन्तर्गत कालिकोटको सेरिघाट-जुम्लाको खलङ्गा-मुगुको नाक्चेलाग्ना खण्ड समेत गुणस्तरीय निर्माण तथा स्तरोन्नति हुन सकेमा शे-फोक्सुण्डो ताल, रारा ताल र लिमीबाट कैलाश मानसरोवर दर्शनका लागी लाखौँ पर्यटक आकर्षित भई कर्णालीबासीका लागि रोजगारी सिर्जना हुने र यसबाट प्रदेशको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुग्ने सम्भावना रहेको ।

## ६.३ रोजगारी

## क) वैदेशिक रोजगारी

स्वदेशमा रोजगारीका पर्याप्त अवसर नहुनाले वर्षेनि भरपर्दो आयआर्जनको खोजीको शिलशिलामा विदेशिने नेपालीहरुको सङ्ख्या बढ्दो क्रममा रहेको छ । वैदेशिक रोजगार विभागले प्रकाशन गरेको वार्षिक श्रम स्वीकृति विवरण २०७९/८० अनुसार वैदेशिक रोजगार विभागबाट २०७९ साउन १ देखि २०८० असार मसान्त सम्म कुल ७,७१,३२७ जनालाई वैदशिक रोजगारीको लागि श्रम स्वीकृति प्रदान गरिएको छ । गत वर्ष सोही अवधिमा वैदेशिक रोजगारका लागि स्वीकृति जम्मा ६,३०,०९० जनालाई प्रदान गरिएको थियो । वैदेशिक रोजगारीको लागि स्वकिृति प्रदान गरिनेमा कर्णाली प्रदेशको हिस्सा ३.५५ प्रतिशत रहेको छ । वैदेशिक रोजगारीबाट स्वदेश फर्किने श्रमिकहरु मध्ये अधिकांश पुनःश्रम स्वीकृति लिने गरेका छन् भने केहीले वैदेशिक रोजगारीबाट सिकेको सीपलाई स्वदेशमा उपयोग गरी स्वरोजगार कार्यमा संलग्न रहेको पाइन्छ ।

**तालिका ६.२: जिल्लागत वैदेशिक रोजगारीको विवरण**

| जिल्ला | Recruiting Agency | Individual New | Total without re-entry | Individual re-entry | Total with Re-entry |
|---|---|---|---|---|---|
| दैलेख | ३,००० | २१३ | ३,४४३ | ७५६ | ४,१९९ |
| जाजरकोट | २,५६६ | ७५ | २,७०२ | ४१३ | ३,११५ |
| सल्यान | ७,५८० | २८८ | ७,९७५ | १,८९१ | ९,८६६ |
| सुर्खेत | ४,४३५ | ३९१ | ५,१०४ | १,३९१ | ६,४९५ |
| हुम्ला | ४३४ | ३८ | ४९४ | ५३ | ५,४७ |
| जुम्ला | ७८५ | ६४ | ८८७ | १२४ | १,०११ |
| डोल्पा | ४१७ | ४७ | ४७० | ५८ | ५२८ |
| कालिकोट | ७६८ | ४९ | ९०२ | १३३ | १,०३५ |
| मुगु | ४५८ | ३१ | ५०३ | ५४ | ५५७ |
| **कुल** | **२०,४४३** | **१,१९६** | **२२,४८०** | **४,८७३** | **२७,३५३** |

*स्रोत :श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय*

### ख) आन्तरिक रोजगारी

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको आर्थिक वर्ष २०७८/७९ को अन्तिम प्रतिवेदन अनुसार कर्णाली प्रदेशमा रहेको १,५३,७४६ सूचीकृत बेरोजगार जनसंख्यालाई रोजगारीको अवसर प्रदान गरी निरपेक्ष गरिबीको दरलाई घटाउदै सामाजिक न्याय र आर्थिक रुपान्तरण गर्ने उद्देश्य अनुरुप कर्णाली प्रदेशमा रहेका जम्मा ७९ वटै स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरी कार्यान्वयनमा ल्याईएको छ।

**तालिका ६.३: प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण**

| स्थानीय तहको संख्या | कार्यक्रम सञ्चालन भएका स्थानीय तह संख्या | स्वीकृत आयोजना संख्या | सञ्चालित आयोजना संख्या | रोजगारी प्रदान गरिएका व्यक्तिहरुको सख्या | रोजगारी प्रदान गरिएको औषत दिन | जम्मा रोजगारी दिन |
|---|---|---|---|---|---|---|
| ७९ | ७५ | २,७०९ | २,६४५ | ३५,१६२ | ७४.७३ | २६,२७,५१७ |

*स्रोत: प्रधानमन्त्री रोजगार कार्यक्रम, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय*

आर्थिक वर्ष २०७८/७९ यस कार्यक्रम अन्तर्गत २,७०९ वटा स्वीकृत आयोजनाहरु मध्ये २,६४५ आयोजनाहरु सञ्चालन रहेका छन् भने जम्मा ३५,१६२ जनाले रोजगारीको अवसर प्राप्त गरेका छन् (तालिका ६.३) । प्रधानमन्त्री रोजगार कार्यक्रमको वार्षिक प्रतिवेदन आ.व. २०७८/७९ अनुसार कर्णाली प्रदेशको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रु.२ अर्ब ३ करोड २२ लाख बजेट विनियोजित भएकोमा रु.१ अर्ब ६७ करोड ३६ लाख खर्च भएको थियो ।

त्यस्तै, आर्थिक वर्ष २०७५/७६ देखि कर्णाली प्रदेशका बेरोजगार तथा कोभिड-१९ बाट प्रभावित युवालाई स्थानीय स्तरमा रोजगारी सृजना गर्न, आयआर्जनका क्रियाकलाप सञ्चालन गर्न र सामुदायिक पूर्वाधार निर्माण कार्यमा संलग्न गराई गरिबी निवारणमा योगदान पुर्याउन कर्णाली प्रदेश सरकारले मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरिरहेको

छ। मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कर्णाली प्रदेशमा जम्मा १,०५५ वटा आयोजना सञ्चालनमा ल्याएको छ। मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय कर्णाली प्रदेशका अनुसार यस कार्यक्रम मार्फत सबैभन्दा बढी सुर्खेत जिल्लामा १५४ वटा आयोजना सञ्चालनमा रहेका छन्। त्यस्तै, सबैभन्दा कम आयोजना मुगु जिल्लामा ६५ वटा रहेका छन्। मुख्यमन्त्री रोजगार कार्यक्रमबाट यस प्रदेशमा केहि रोजगारी सृजना भएको देखिन्छ।

सल्यान, दैलेख, रुकुम पश्चिम र कालिकोटमा क्रमशः १५० वटा, १२२ वटा, ११० वटा र १०६ वटा आयोजनाहरु सञ्चालनमा रहेका छन्। त्यस्तै, जाजरकोटमा १०५ वटा, जुम्लामा ९६ वटा, हुम्लामा ७७ वटा र डोल्पामा ७० वटा आयोजनाहरु सञ्चालनमा रहेका छन्।

### बक्स ६.२: कर्णालीमा किसानलाई गोठालो भत्ता

कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०७८/७९ देखि **गोठालो भत्ता कार्यक्रम** लागु गरेको छ। कृषि क्षेत्रमा आर्कषण बढाउन र कृषकको जीवनयापनमा सहयोग पुऱ्याउने उद्देश्यले कर्णाली प्रदेश सरकारले गोठालो भत्ता कार्यक्रम लागु गरेको हो। कम्तीमा ५० भेडा तथा च्याङग्रा पाल्ने, लेकमा गोठ भएको लगायतको मापदण्डमा परेका किसानहरूलाई प्रति किसान मासिक रु.१,५००।- का दरले भत्ता दिने व्यवस्था रहेको छ।

५० वटा भेडा तथा च्याङग्रा बराबर रु.१,५००।- र २०० भए रु.६,०००।- हजार भत्ता पाउने ब्यवस्था रहेको छ। यसरी भेडाको संख्या अनुसार भत्ता बढ्दै जाने प्रावधान रहेको छ। पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयका अनुसार आ.व.२०७९/८० मा ४३७ भेडा तथा च्याङग्रा पाल्ने किसानलाई रु.३९ लाख ७ हजार वितरण गरिएको छ। जसमा सबैभन्दा बढी जुम्लामा २२५ जना, हुम्लामा १०९ जना, मुगुमा ५३ जना र डोल्पामा ५० जना किसानहरू भत्ताका लागि मापदण्डमा परेका थिए।

भेडा तथा च्याङग्रा पाल्ने कर्णालीका चार जिल्लाका किसानहरूलाई प्रोत्साहन स्वरूप प्रदेश सरकारले बनाएको कार्यविधि अनुसार भत्ता दिन थालिएको हो। भत्ताले गोठालालाई आवश्यक पर्ने सामाग्री खरिद गर्न सहज भएको छ। वर्ष भरी गोठमा (पाटन) जाँदा आवश्यक सामाग्रीहरू किन्नका लागि गोठालालाई भत्ता प्रभावकारी हुने देखिन्छ। कर्णालीमा भेडा तथा च्याङग्राको सम्भावना हुँदाहुँदै पनि भेडा तथा च्याङग्रा पालन गर्ने किसानहरूको संख्या घट्दै गइरहेको बेला यो कार्यक्रमले भेडा तथा च्याङग्रा पालनतर्फ किसानहरु आकर्षित भई मासु तथा उन उत्पादनमा वृद्धि हुने अपेक्षा गर्न सकिन्छ।

## ६.४ रोजगारीको चुनौती र सम्भावना

### क) रोजगारीको चुनौती

- दक्ष र व्यावसायिक श्रमशक्तिको विकास गर्नु, वैदेशिक रोजगारबाट आर्जित पुँजी, सीप, दक्षता र अनुभवको उच्चतम परिचालन गर्नु र सबैका लागि मर्यादित कामको अवसरको सुनिश्चतता गर्नु ।
- उत्पादनशील क्षेत्रमा रोजगारीका अवसर पहिचान र सिर्जना गरी वर्षेनि रोजगारीको शिलशिलामा विदेश पलायन हुने युवा जनशीक्तलाई स्वदेशमै रोजगारीको अवसर प्रदान गरि विदेशिनबाट रोक्नु ।
- शिक्षालाई व्यावहारिक र रोजगारमुलक बनाई उद्यमशीलता विकास गर्नु ।
- वैदेशिक रोजगारीमा हुन सक्ने जोखिमहरु न्युनिकरण गर्दै यसबाट प्राप्त पुँजी, सीप, प्रविधि र अनुभवको उत्पादनमुलक क्षेत्रमा लगानी गरी उच्चतम प्रतिफल हासिल गर्नु ।
- खानीजन्य, कृषि तथा पशुपन्छीजन्य, जडिबुटीजन्य र वन पैदावारजन्य उद्योगको प्रचुर सम्भावना भएकोले यस्ता उद्योगहरुको स्थापना, विकास र बिस्तार गरी उच्च रोजगारी सिर्जना गर्नु ।
- यस प्रदेशबाट भारत लगायत अन्य मुलुकमा बैदेशिक रोजगारीको लागि विदेश जानेको संख्या ठूलो मात्रामा रहको छ । उक्त जनसंख्यालाई स्वदेशमै रोजगारी सिर्जना गरी विदेशिनबाट रोक्नु ।
- कर्णाली प्रदेशको प्रमुख समस्याको रुपमा रहेको गरिबी न्यूनिकरणका लागि संघ, प्रदेश र स्थानीय सरकारको समन्वयमा रोजगारी सिर्जना गरी आर्थिक असमानता घटाउँदै सामाजिक न्याय कायम गर्नु ।

### ख) रोजगारीको सम्भावना

- नेपालमा आर्थिक रुपले सक्रिय जनसङ्ख्या ६५.४९ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा आर्थिक रुपले सक्रिय जनसङ्ख्या ७१.६५ प्रतिशत रहेको छ जसले गर्दा कृषि क्षेत्रमा रहेकोअनुउत्पादक श्रमशक्तिलाई उद्योग, पर्यटन, सेवा क्षेत्रमा स्थानान्तरण गरी अर्थतन्त्रको संरचनात्मक रुपान्तरण गर्न सकिने सम्भावना रहेको छ ।
- प्राविधिक शिक्षा तथा सीपमुलक तालिमलाई संघीय, प्रादेशिक र स्थानीय सरकारबाट प्राथमिकतामा राख्नु, न्यूनतम पारिश्रमिकको कानुनी व्यवस्था हुनु, शैक्षिक बेरोजगार तथा बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिलाई ऋण सुविधा उपलब्ध गराउने व्यवस्था हुनु, रोजगारीको सम्भावनाको रुपमा रहेका छन् ।
- यस प्रदेशमा कर्णाली, भेरी लगायतका ठूला नदीहरु रहेकाले प्रचुर मात्रामा जलविद्युत उत्पादन गर्न सकिने सम्भावना रहेको हुँदा यस प्रदेशमा रोजगारी सिर्जनाको उच्च सम्भावना देखिन्छ ।
- यस प्रदेशमा रहेका रारा, शे-फोक्सुण्डो, कुपिण्डे, स्यार्पु, बुलबुले ताल, काँक्रेबिहार, पचाल झरना, सिँजा सभ्यता, पञ्चकोशी ज्वाला क्षेत्र लगायतका प्राकृतिक, साँस्कृतिक तथा धार्मिक रुपले महत्वपूर्ण पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धन गरी प्रर्याप्त मात्रामा आय तथा रोजगारी सिर्जना गर्न सकिने देखिन्छ ।
- यस प्रदेशमा कृषि तथा जडीबुटीजन्य कच्चा पदार्थको भण्डार भएकाले कृषि तथा जडीबुटी सम्बन्धी उद्योग सञ्चालन गरी युवाहरुलाई उद्यमी बनाउँदै रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।

- यस प्रदेशमा व्यावसायिक सीप तथा क्षमता विकासका तालिम केन्द्रहरु स्थापना गरी जनसंख्याको ठूलो हिस्सा ओगटेको युवा जनशक्तिलाई सीप तथा तालिम प्रदान गरी दक्ष जनशक्ति उत्पादन गर्न सकिने सम्भावना रहेको छ ।
- गरिबी निवारण र रोजगारी सिर्जना कर्णाली प्रदेश सरकारको उच्च प्राथमिकतामा रहेकोले सरकारका नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन मार्फत आर्थिक सामाजिक रुपान्तरण गर्न सकिने सम्भावना रहेको छ ।

# परिच्छेद ७

# संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना

## ७.१ भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना

जापानको अन्तर्राष्ट्रिय सहयोग संस्था JICA द्वारा सन् १९९८ र १९९९ मा गरिएको सम्भाव्यता अध्ययन अनुसार भेरी नदीको पानी बबई नदीमा खसाली जलविद्युत उत्पादन गर्न सम्भव हुने देखिएको थियो । हिमनदी स्रोत भएका नेपालका नदीहरुको पानीलाई मझौला नदीहरुमा स्थानान्तरण गरी आधुनिक सिँचाई प्रणालीमार्फत कृषि उत्पादनलाई बढाउने र मुलुकमा खाद्य संकटको अवस्था आउन नदिने उद्देश्य अनुरुप नेपालमा सिँचाई विभागबाट पहिलो बहुउद्देश्यीय आयोजना भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजनाको रुपमा आ.व. २०७१/७२ बाट निर्माण कार्यको सुरुवात गर्ने गरी मिति २०६८/०५/०७ मा यो आयोजना स्थापना गरिएको थियो । एउटै परियोजनाबाट एउटा नदिलाई अर्को नदिमा खसाली सिँचाई, जलविद्युत उत्पादन, तथा भेरी नदिको पानी तानी परियोजना प्रभावित क्षेत्रमा सिँचाई गर्ने ३ वटा उद्देश्यहरु लिएको हुँदा यसलाई कर्णाली प्रदेशको एक प्रतिष्ठित बहुउद्देश्यीय आयोजनाको रुपमा हेरिएको छ ।

आ.व. २०७९/८० मा सम्पन्न गर्ने लक्ष्य रहेको भएतापनि आ.व. २०८०/८१ सम्मको दायित्व सिर्जना भैसकेको यस आयोजनाको अनुमानित लागत रु.३६ अर्ब ८० करोड ७७ लाख रहेको छ । जसमा भेरी बबई डाईभर्सनतर्फ रु.३३ अर्ब १९ करोड ६६ लाख र भेरी करीडोर विकास आयोजनातर्फ रु.३ अर्ब ६१ करोड ११ लाख रहेको छ । सुर्खेत जिल्लाको भेरीगंगा नगरपालिकाको चिप्लेस्थित भेरी नदीमा करिब ११४ मिटर लामो व्यारेज सहित ४.४ मिटर ब्यास र १२.२ कि. मि. लामो सुरुङ्गमार्फत ४० घनमिटर प्रतिसेकेण्ड पानी बबई नदीमा खसालिने छ र नियमित रुपमा २ ओटा युनिट संचालन गरी जम्मा ४६.८ मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य रहेको छ । यसरी हेर्दा वार्षिक करिब ४०० गिगावाट आवर विद्युत उत्पादन गरिने लक्ष्य रहेको देखिन्छ । साथै, आयोजना सम्पन्न भएपछि बर्दिया र बाँके जिल्लाका करिब ५१ हजार हेक्टर भूमिमा बाह्रै महिना सिँचाई सुविधा उपलब्ध हुनेछ ।

आ.व. २०७९/८० सम्मको कुल लागत रु.३६ अर्ब ८० करोड ७७ लाख रहेको छ । हालसम्मको भौतिक प्रगति ६२ प्रतिशत र वित्तीय प्रगति ५४.८६ प्रतिशत रहेको छ । यस निर्माणाधिन आयोजनालाई ५०० जना स्वदेशी र १० जना विदेशी नागरिकलाई रोजगारी प्रदान गरेको छ ।

## ७.२ प्रादेशिक सरकारी वित्त

आर्थिक वर्ष २०७९/८० को असार मसान्तसम्म कर्णाली प्रदेशको कर राजस्व ९.४९ प्रतिशतले तथा गैर कर राजस्व १८.३७ प्रतिशतले कमि आई क्रमश: रु.७ अर्ब ३४ करोड ८६ लाख र रु.२१ करोड ३५ लाख गरी जम्मा रु.७ अर्ब ५६ करोड २१ लाख राजस्व संकलन भएको छ ।


**तालिका ७.१: कर्णाली प्रदेश सरकारको सरकारी वित्त स्थिति**
(रु. करोडमा)

| शिर्षक | उप-शिर्षक | आ.व. २०७७/७८ (साउन-असार) | आ.व. २०७८/७९ (साउन-असार) | आ.व. २०७९/८० (साउन-असार) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| **खर्च** | चालु खर्च | ८४७.६७ | ९०८.४७ | ९४८.५४ | ६.६९ | ४.४१ |
| | पुंजीगत खर्च | १,४२७.५३ | १,४७४.६९ | १,२७७.५१ | ३.२० | -१३.३७ |
| **राजस्व** | कर राजस्व | ७५८.३८ | ८११.८८ | ७३४.८६ | ६.५९ | -९.४९ |
| | गैर कर राजस्व | १२.८५ | २६.१६ | २१.३५ | ५०.८९ | -१८.३७ |
| **अनुदान** | समानीकरण | ९६३.२९ | १,०१४.२१ | ९३८.५६ | ५.०२ | -७.४६ |
| | सशर्त | ४३१.८५ | ४९२.३४ | ३३९.१३ | १२.२९ | -३१.१२ |
| | विशेष | ४४.०० | ८१.३५ | ४०.४८ | २८.२२ | -५०.२४ |
| | समपुरक | २५.०० | ६१.३० | ३३.८५ | ६९.२७ | -४४.७८ |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश, सुर्खेत*

समीक्षा वर्षमा नेपाल सरकारबाट कर्णाली प्रदेश सरकारले समानीकरण तर्फ रु.९ अर्ब ३८ करोड ५६ लाख अनुदान प्राप्त गरेको छ भने सशर्त, विशेष र समपुरक तर्फ क्रमशः रु.३ अर्ब ३९ करोड १३ लाख, रु.४० करोड ४८ लाख र रु.३३ करोड ८५ लाख अनुदान प्राप्त भएको छ ।

**रेखाचित्र ७.१: कर्णाली प्रदेशको चालु तथा पुंजीगत खर्च विवरण**
(रु. करोडमा)




*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश, सुर्खेत*

समीक्षा वर्षमा चालु खर्च शिर्षकमा रु.९ अर्ब ४८ करोड ५४ लाख खर्च भएको छ भने गत वर्षमा रु.९ अर्ब ८ करोड ४७ लाख खर्च भएको थियो । गत वर्षमा पुंजीगत खर्चतर्फ रु.१४ अर्ब ७४ करोड ६९ लाख रकम खर्च भएकोमा समीक्षा वर्षमा भने १३.३७ प्रतिशतले ह्रास आई रु.१२ अर्ब ७७ करोड ५१ लाख कायम भएको छ ।

# परिच्छेद ८

# आर्थिक परिदृष्य

समीक्षा वर्षमा अर्थतन्त्रको यथार्थ अवस्था सचित्रण गर्ने क्षेत्रहरु अन्तर्गत कृषि क्षेत्र केही मात्रामा चलायमान भएतापनि उद्योग, सेवा र पूर्वाधार लगायतका क्षेत्रहरुमा आएको शिथिलता सँगै अर्थतन्त्र संकुचन रहने अनुमान छ । वास्तविक क्षेत्रसँग सम्बन्धित सरोकारवाला व्यक्ति तथा संस्थाहरुसँग गरिएको सर्वेक्षण तथा अन्तरक्रियाका आधारमा आगामी अवधिको यस प्रदेशको कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रको परिदृश्य प्रस्तुत गरिएको छ ।

## ८.१ कृषि उत्पादन

- कृषिजन्य बीउविजन, रासायनिक मलको समयमै उपलब्धता हुनु, प्रमुख कृषि बालीले ढाकेको भू-क्षेत्रमा वृद्धि हुनु, कृषि उपजको उचित मुल्य सुनिश्चित गराउने उद्देश्यले धान, गहुँ, दूध र उखुमा सरकारले न्यूनतम समर्थन मूल्य तोक्नुले कृषकहरुको कृषि उद्यमशीलता तथा व्यवसायिकतातर्फ आकर्षण बढ्दै गएको छ । फलस्वरुप, मुख्य कृषि बालीको उत्पादन बढ्ने अनुमान गरिएको छ ।
- अघिल्लो आर्थिक वर्षमा कृषि बाली र पशुपन्छी तथा मत्स्य बीमातर्फ बीमा प्रिमियममा ७५ प्रतिशत अनुदान प्रदान गरिने व्यवस्था गरिएको आर्थिक वर्ष २०७९/८० मा उक्त अनुदान ८० पुऱ्याईएको, कर्णाली प्रदेश सरकारबाट दुध संकलन तथा व्यवसायिक फर्महरुको सञ्चालन, सरकारले कृषि बाली तथा पशु बीमाको प्रिमियममा प्रदान गरेको अनुदान, बैंक तथा वित्तीय संस्थाहरुले प्रदान गर्दै आइरहेको सहुलियपूर्ण कर्जाको निरन्तरता तथा दुध उत्पादन गरी संस्थागत बिक्री गर्ने कृषकहरुलाई दुध उत्पादनमा अनुदानको व्यवस्थाका कारणले दुध उत्पादन आगामी वर्षमा वृद्धि हुने प्रक्षेपण गरिएको छ ।
- प्रदेशबाट एक स्थानीय तहमा ३ माछापालन सँग सम्बन्धित परियोजना लागु हुने भएको हुँदा माछा पोखरी निर्माण भई माछा पालन वृद्धि हुने अनुमान गर्न सकिन्छ । कृषि अनुदान, पकेट क्षेत्र निर्माण, बिस्तार तथा बजारीकरण आदि सुविधा ग्रामीण क्षेत्रमा पनि बिस्तार हुँदै गएकोले आगामी वर्षमा पशुपंछी, माछा तथा नगदेबालीको उत्पादन बढ्ने देखिन्छ ।
- कर्णाली प्रदेशका विभिन्न जिल्लामा बाखा तथा भेडापालनमा सहुलियतपूर्ण कार्यक्रमहरु सञ्चालन, पशु बीमाको प्रिमियममा सहुलियत प्रदान गरिने तथा कुखुरा पकेट क्षेत्र बिस्तार र कुखुरा पालनमा कृषकहरुको स्व-लगानी वृद्धि भई दाना उद्योग समेत स्थापना हुँदै गएकाले मासु, अण्डा र ऊन उत्पादन आगामी वर्षमा बढ्ने अनुमान गरिएको छ ।
- वन क्षेत्रको काठ कटान खुल्ने कार्यहरुमा वन नियमावली २०७९, जारी भएको सन्दर्भमा काठ, दाउरा संकलनको लागत मुल्याँकनमा नयाँ व्यवस्था लागु भएको, संकलन अवधिको म्यादमा परिवर्तन भएको, एवम् जडीबुटी खेती बिस्तार कार्यक्रमहरु लागु हुने भएको हुँदा काठ, दाउरा र जडीबुटी उत्पादनमा वृद्धि हुने अनुमान गरिएको छ ।

## ८.२ औद्योगिक उत्पादन

- यस प्रदेशमा औद्योगिक विकासका लागि आवश्यक पूर्वाधार, दक्ष जनशक्ति, कच्चा पदार्थको अभाव, तथा विकट भौगोलिक बनावट जस्ता प्रमुख अवरोधहरुले ठूला उद्योगहरु सञ्चालन हुन सकेको देखिदैन ।

- समीक्षा वर्षमा काठ तथा काठका सामन, प्रसोधित पिउने पानी र लत्ता कपडाको उत्पादनमा क्रमशः २५.० प्रतिशत, २०.७३ प्रतिशत र ६.९८ प्रतिशतले ह्रास आएको छ । तथापी, समीक्षा वर्षमा प्लाष्टिकजन्य वस्तु उत्पादन १६०.० प्रतिशत, दुग्ध पदार्थ १५.३८ प्रतिशत र कागज तथा कागजको उत्पादन १४.२९ प्रतिशतले वृद्धि भएको छ ।

- समीक्षा वर्षमा औद्योगिक कर्जामा वृद्धि भएका कारण आगामी दिनमा औद्यौगिक उत्पादन बढ्ने देखिन्छ ।

- कोभिड-१९ पश्चात् देशमा सिर्जित आर्थिक सुस्तता बाट शिथिल भएका उद्योग, व्यवसायहरु विस्तारै पुरानै लयमा फर्कीने क्रममा रहेकाले आगामी वर्ष औद्योगिक क्षेत्रको विस्तार हुन गई समग्र औद्योगिक उत्पादनमा वृद्धि हुने अनुमान गर्न सकिन्छ ।

## ८.३ सेवा क्षेत्र

- समीक्षा वर्षको सुरुवाती चरणबाट नै पर्यटन क्षेत्र सुधारोन्मुख देखिएको तथा पर्यटकस्तरीय होटलहरुको निर्माण तथा सञ्चालन, नयाँ-नयाँ पर्यटन क्षेत्रको पहिचान हुँदै गएकाले होटल तथा पर्यटन क्षेत्रको वृद्धिमा सकारात्मक प्रभाव हुने अनुमान छ ।
- समीक्षा वर्षमा घर जग्गाको कित्ताकाट खुलेसँगै आगामी दिनमा घर जग्गाको राजस्वमा वृद्धि हुने अपेक्षा गर्न सकिन्छ । वित्तीय सेवा, शिक्षा, यातायात तथा सञ्चारमा देखापरेका समस्या बिस्तारै समाधान हुँदै गएकाले आगामी वर्षमा यस प्रदेशको सेवा क्षेत्रमा सकारात्मक सुधारको अपेक्षा गरिएको छ ।
- ग्रामीण क्षेत्रमा टेलिफोन, मोबाईल सुविधाका लागि टावरहरुको जडान तथा ईन्टरनेट सुविधाका लागि पूर्वाधार निर्माण द्रुतगतिमा अघि बढेकाले सञ्चार क्षेत्रमा सुधार हुने देखिन्छ ।
- ग्रामीण क्षेत्रमा विद्यालय स्थापना, वैकल्पिक तथा प्रयोगात्मक पाठ्यक्रमको थालनी हुँदै गएकाले आगामी वर्षमा विद्यार्थी संख्यामा सुधार आउने अनुमान गर्न सकिन्छ ।
- कर्णाली प्रदेशका सम्पुर्ण स्थानीय तहमा बैंक तथा वित्तीय संस्थाका शाखा बिस्तार भैसकेको साथै सहुलियतपूर्ण कर्जा, कृषि कर्जा, विपन्नवर्ग कर्जा, प्राथमिकताका आधारमा कर्जा लगायतका वित्तीय सेवाको बिस्तार बढेकाले आम जनसमुदायमा वित्तीय साक्षरता र वित्तीय पहुँचको वृद्धि हुने देखिन्छ ।

## ८.४ पूर्वाधार क्षेत्र

- देश संघीय संरचनामा गएसंगै संघ, प्रदेश र स्थानीय तहको संयुक्त प्रयासमा यस प्रदेशमा सडक तथा विद्युत विस्तार सुचारु हुने देखिन्छ । निर्माण कार्यका लागि अत्यावश्यक सामग्री आयात तथा दक्ष जनशक्तिको आपूर्तिमा सहजता आएसँगै यस प्रदेशमा निर्माणाधीन कर्णाली कोरिडोर, पुष्पलाल (मध्यपहाडी) लोकमार्ग, मदन भण्डारी

राजमार्ग आयोजना, मथिल्लो कर्णाली, भेरी बबई डाईभर्सन जस्ता राष्ट्रिय महत्वका आयोजनाहरुको निर्माण कार्यले गति लिने देखिन्छ ।

- कर्णाली प्रदेशका अधिकांश हिमाली जिल्लामा सडक सञ्जाल नपुगेको तथा पुगेको ठाउँमा पनि कालोपत्रे नभएको अवस्थामा, प्रदेश तथा स्थानीय तहको अग्रसरतामा त्यस्ता ठाउँमा सडक विस्तार तथा स्तरोन्नति हुन सक्ने भएकोले कर्णाली प्रदेशको कच्ची तथा कालोपत्रे सडकको हिस्सामा वृद्धि हुने देखिन्छ ।
- यस प्रदेशमा हालसम्म १८.५४ मेगावाट विद्युत उत्पादन भएको छ । प्राविधिक तथा आर्थिक हिसाबले निर्माण गर्न सकिने लगभग २०,००० मेगावाट क्षमताका जलविद्युत आयोजनाहरु मध्ये समग्रमा कर्णाली प्रदेशमा हाल १०,००० मेगावाटका साना ठुला गरि ७० वटा आयोजनाहरु विभिन्न चरणमा रहेका छन् । यि आयोजनाहरु समयमै सम्पन्न गर्न सकेको खण्डमा समग्र देशको आर्थिक उन्नतिमा टेवा पुग्ने देखिन्छ ।